
अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन

## तह -२, २०८२






नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन

## तह –२, २०८२




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

© सर्वाधिकार: शिक्षा तथा मानव स्रोत विकास केन्द्र

संस्करण : प्रथम

वि.सं. : २०८२

## हाम्रो भनाइ

नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क गरेको छ । त्यसै गरी अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले शिक्षाका सबै विधि र मार्ग खुला गर्दै व्यक्तिले औपचारिक, अनौपचारिक एवम् अरीतिक जुनसुकै माध्यमबाट पनि शिक्षा प्राप्त गर्न सक्ने अवसरको सुनिश्चितता प्रदान गरेको छ ।

गरिबी, सामाजिक बहिष्करण, बसाइँ सराइ, बालश्रम, भाषा, लैङ्गिक विभेद र बालविवाहजस्ता सामाजिक कुरीति आदि विभिन्न कारणबाट औपचारिक शिक्षाको मूलधारमा सबै बालबालिका समेट्न सकिएको छैन । विद्यालय शिक्षामा रहेकामध्ये पनि तह पार नगर्ने र बिचैमा पढाइ छाड्ने बालबालिकाको सङ्ख्या उल्लेख्य रहेको छ । विद्यालय शिक्षामा समेटिन नसकेका र पढ्ने चाहना र रहर हुँदाहुँदै विद्यालय छाड्नुपर्ने बाध्यतामा परेका १५ वर्षमुनिका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन छिटो र लचिलो माध्यमबाट अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्था गरिएको छ । यसका लागि तह दुई (कक्षा ४-५) को औपचारिक शिक्षाको पाठ्यक्रमलाई संश्लेषण गरी एक वर्षको अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रमतर्फको संश्लेषित पाठ्यक्रम र त्यसैमा आधारित सिकाइ सामग्री विकास गरिएको छ ।

संश्लेषित पाठ्यक्रमले औपचारिक शिक्षाको पाठ्यक्रमका सक्षमता, सिकाइ उपलब्धि, पाठ्यवस्तु, सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई मूल पाठ्यवस्तु (Core content) र परिधीय पाठ्यवस्तु (Sub-core content) मा छुट्याउँदै सिकारुको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित हुने व्यवस्था गरेको छ । त्यसैका आधारमा तह दुईमा नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि, सामजिक तथा मानव मूल्य शिक्षा, स्वास्थ्य, शारीरिक र सिर्जनात्मक कलाभन्ने सिकाइ सामग्री विकास गरिएको छ । उक्त सामग्रीलाई सहजीकरण गर्न सहजहोस् भनेर विषयगत मार्गदर्शन तयार गरिएको हो ।

सिकारुको प्रत्यक्ष साक्षात्कार कार्यघण्टा २५ प्रतिशत र स्वनिर्देशित कार्यघण्टा ७५ प्रतिशत रहेको उक्त संश्लेषित पाठ्यक्रम र त्यसैमा आधारित सिकाइ सामग्रीको सहजिकण गर्न नेपाली विषयको सहजकर्ता सहजीकरण मार्गदर्शन, २०८२ तयार गरिएको हो । यस सामग्रीको लेखन डा. गणेशप्रसाद भट्टराई गर्नुभएको हो । साथै पुनरवलोकन समितिले पुनरवलोकन गरी अन्तिम रूप दिइएको हो ।

प्रस्तुत मार्गदर्शन पुस्तिका तयार गर्ने क्रममा सहयोग पुऱ्याउनुहुने केयर नेपाल, समुन्नत नेपाल, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र परिवारप्रति हार्दिक आभार व्यक्त गर्छु । आशा छ प्रस्तुत सामग्रीले विद्यालयबाहिर रहेका तह एकका सिकारुहरूलाई सिकाइ प्रक्रियामा सहजता प्रदान गर्ने छ । साथै यस सामग्रीलाई अझै परिस्कृत बनाउँदै लैजानका लागि यहाँहरूबाट रचनात्मक सुझावको अपेक्षा गरेका छौं ।

धन्यवाद ।

वि.सं. २०८२

कृष्णप्रसाद काप्री
महानिर्देशक

# विषयसूची


| क्र.सं. | एकाइ / पाठ | पृष्ठ |
|---|---|---|
| | सहजकर्ताका लागि | १ |
| १ | नेपाल नै राम्रो (कविता) | ५ |
| २ | नानीशोभाको नर्सरी (कथा) | १३ |
| ३ | सञ्चारका साधन (निबन्ध) | २३ |
| ४ | वडाध्यक्षलाई निवेदन (निवेदन) | ३२ |
| ५ | नाटककार बालकृष्ण सम (जीवनी) | ४१ |
| ६ | जस (कथा) | ५० |
| ७ | संस्कृति (संवाद) | ५८ |
| ८ | मनको सहलेश (यात्रा स्मरण) | ६६ |
| ९ | मणिरामको दैनिकी (दैनिकी) | ७३ |
| १० | पुतली (कविता) | ८० |

## सहजकर्ताका लागि

- यो सामग्री विकास गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिप विकासमा केन्द्रित शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्यलाई समेत ध्यान दिई सहजीकरण क्रियाकलाप निर्धारण गरिएको छ । यो एउटा नमुना मात्र हो । सहजकर्ताले आवश्यकतानुसार यसमा थपघट गर्नुहोस् ।
- सहजकर्ताले सिकाइ केन्द्रमा जानुअगाडि सिकाउनुपर्ने पाठको सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, दैनिक पाठयोजना र त्यसको उपलब्धि पहिचान र मापनसँग सम्बन्धित पक्षमा जानकारी लिनुहोस् ।
- क्रियाकलाप सामान्यतः औसत सिकारुलाई आधार मानी तयार गरिएका छन् । सिकाइलाई प्रभावकारी बनाउन सिकारुको क्षमताका आधारमा शिक्षण तथा मूल्याङ्कन विधिमा विविधता ल्याई सहजीकरण गर्नुहोस् ।
- प्रत्यक्ष साक्षात्कार कक्षामा क्रियाकलाप गराउँदा सिकारुको सिकाइ सहभागितामा विशेष ख्याल गर्नुहोस् । यसका लागि सिकाइमा जिज्ञासा राखे नराखेको, समूह छलफल र अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिए नलिएको, आफना विचार सहज तरिकाले प्रस्तुत गरे नगरेको तथा दिइएका सम्पूर्ण कार्यमा स्वयम्को अग्रसरता रहे नरहेको समेतलाई ख्याल गरी सिकाइ प्रक्रियामा सहभागी गराउनुहोस् ।
- दोस्रो भाषाका रूपमा नेपाली सिक्ने सिकारुमा विशेषतः उच्चारणमा समस्या, शब्दभण्डारमा सीमितता, बोधमा समस्या, वाक्यमा सङ्गतिको समस्या, व्याकरणिक समस्या हुन सक्ने हुँदा यसतर्फ विशेष ध्यान दिई थप अभ्यासको अवसर र सहयोग प्रदान गर्नुहोस् ।
- सिकारुको सिकाइको अवस्थाअनुरूप सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरण अवलम्बन गर्नुहोस् र सिकारुलाई सिकाइमा सक्रिय बनाइराख्न प्रत्यक्ष कक्षामा सिकाइ स्तर समूह पहिचान गरी यस्ता समूहलाई समूहगत सिकाइका लागि परिचालन गर्नुहोस् साथै विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तु सहजीकरणको आरम्भ, विस्तार र समापन योजना तय गर्नुहोस् । यसका लागि तत्परता विकाससम्बन्धी क्रियाकलाप, ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप, सिप विकाससम्बन्धी क्रियाकलाप, अभिवृत्ति विकाससम्बन्धी क्रियाकलाप, मूल्यमान्यता विकाससम्बन्धी क्रियाकलाप, (छलफल, समूह कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, प्रश्नोत्तर आदि) गराउनुहोस् ।
- पुस्तकमा आएका चित्रात्मक तथा सन्दर्भगत क्रियाकलाप पाठ सुरु गर्नुपूर्व सिकारुको मस्तिष्क मन्थनका लागि आएकाले सिकारुको सो विषयस्तुसँग सम्बन्धित पूर्वज्ञान, अनुमानजस्ता क्रियाकलाप मूल पाठमा आएका विषयवस्तुसँग जोड्न सोही मर्मअनुसार गराउनुहोस् ।
- भाषिक प्रकार्य/कार्यका अभ्यास गराउँदा सिकारुमा सन्दर्भपरक स्वभाषिक प्रस्तुतिमा जोड दिनुहोस् ।
- सिर्जनात्मक कार्य गराउँदा भाषिक उत्पादन र पुनरुत्पादनमा जोड दिनुहोस् । यसका लागि एक सन्दर्भ वा परिवेशमा सिकिएका विषयवस्तु उस्तै मिल्दो सन्दर्भ वा परिवेशमा प्रयोग गर्न प्रवृत्त गराउनुहोस् । यसका लागि मौलिक प्रस्तुतिलाई प्राथमिकता दिनुहोस् । परियोजना कार्य भाषिक सिप विकासका लागि खोज तथा अनुसन्धानमूलक विषयवस्तु भएकाले विषयवस्तुको प्रकृति र आवश्यकताअनुसार एकल, युगल वा समूहमा सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । परियोजना कार्यका लागि पुस्तकालय, साझा सञ्जाल र परिवार वा समुदायलाई सिकाइ थलोका रूपमा उपयोग गर्नुहोस् ।
- सुनाइ तथा बोलाइ सिपको विकासका लागि मूल पाठका साथै सुनाइ पाठ राखिएकाले केन्द्रको वेबसाइट www.moecdc.gov.np मा राखिएका सुनाइ पाठ सुनाएर पाठगत प्रश्नोत्तर अनिवार्य रूपमा गराउनुहोस् । इन्टरनेटको पहुँच नभएका क्षेत्रमा आफैँ रेकर्ड गरेर वा वैकल्पिक उपाय अवलम्बन गरी सुनाइ क्रियाकालप गराउनुहोस् ।

## मुख्य कार्यकलापको पहिचान

### (क) शब्दार्थ

शब्दार्थ भनेको शब्दका कोशीय र सन्दर्भपरक विभिन्न अर्थ सिकाउनु हो । यस तहमा शब्दार्थ सिकाउँदा सर्वप्रथम पुस्तकमा दिइएका शब्द र तिनका अर्थ पढेर बुझ्न प्रत्यक्ष कक्षामा र घरमा अभ्यास गराउनुपर्छ । सिकारुलाई चित्र देखाएर शब्दको अर्थ बुझाउन पनि सकिन्छ । शब्दपत्ती, भिडियो र एनिमेसन पनि शब्द सिकाउने साधन हुन् । सन्दर्भका आधारमा, वाक्य बनाएर, कथा र संवादमा प्रयोग गरेर, कुनै खेलमा आधारित भएर, शब्द र अर्थ मिलाउने कोठेपद खेलाएर, भूमिका अभिनय गर्न लगाएर पनि शब्दको अर्थ सिकाउन सकिन्छ । यस तहमा व्यावहारिक अनुभवको उपयोग गरेर, पर्यावरणसँग जोडेर, अध्ययन भ्रमण गराएर, तुलना गरेर, विपरीत र समान सन्दर्भ दिएर, सिकाइको पुनरावृत्ति गराएर पनि शब्दार्थ सिकाउन सकिन्छ । यस्तै शब्दार्थ सिकाउन शब्दकोश, अनलाइन शब्दकोश, शब्दार्थ सिकाउने यापको पनि प्रयोग गर्न सकिन्छ ।

### (ख) शब्दभण्डार

शब्दभण्डार मस्तिष्कमा रहेको हुन्छ । भाषाको महत्त्वपूर्ण घटक शब्दभण्डार हो । यसअन्तर्गत शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ । पाठमा प्रयुक्त शब्दलाई केन्द्रबिन्दु मानी विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । त्यसैले शब्दका विभिन्न अर्थ सम्बन्ध र सन्दर्भपूर्ण प्रयोगमा जोड दिनुपर्छ । सामान्य र दैनिक भाषिक व्यवहारका क्रममा बढी नै प्रयोगमा आउने शब्द आधारभूत शब्द हुन् । आधारभूत शब्द विभिन्न सन्दर्भमा दोहोरिरहने खालका हुन्छन् । प्रारम्भिक कुनै कुरा सुन्दा वा कसैले पढेको कथा कविता सुन्दा सिकारुले प्रत्यक्ष अप्रत्यक्ष रूपमा सिकिरहेका हुन्छन् तापनि सिकारुमा शब्दभण्डारको विकासका लागि सुन्ने र पढ्ने क्रियाकलाप गराउन आवश्यक छ । यसबाट शब्द ग्रहण गर्ने र अर्थ बोध एवम् शब्द प्रयोगको सामर्थ्य बढ्छ । शब्दभण्डारले उच्चारण, अर्थ र त्यसको प्रयोग कसरी गर्ने भन्ने विकास गर्छ । शब्दभण्डार बोध र अभिव्यक्ति क्षमता सबल बन्छ । यस तह अनुभवमा आधारित भएर सिकारुको पढाइका लागि उपयोगी हुने शब्द सिकाउनुपर्छ । शब्दभण्डार बढाउँदा पहिले आधारभूत शब्द सिकाउनुपर्छ । यसमा घर परिवार र वरिपरिको वातावरणबाट सिक्न सकिने खालका शब्द हुन्छन् । दोस्रो समूहमा प्रायः प्रयोग हुने शब्द र पाठसँग सम्बन्धित शब्द हुन्छन् । त्यस्ता शब्द प्रयोग सन्दर्भबाट पनि अर्थ्याउन सकिन्छ । तेस्रो समूहमा प्रयोग हुने शब्द प्रायः अपरिचत हुन्छन् । यस्ता शब्द धेरै प्रयोगमा आउँदैनन् । यी निश्चित क्षेत्र विशेषको पारिभाषिक र प्राविधिक पक्षसँग जोडिएर आएका हुन्छन् । शब्दका स्रोत, अर्थ, निर्माण प्रक्रिया, कार्य र प्रकृतिका आधारमा शब्दभण्डारमा विविधता हुन्छ । यस तहमा शब्दस्रोत, शब्दार्थ, शब्द निर्माण, शब्दकोटि, शब्दबोधको पहिचानात्मक र प्रयोग अभ्यास गराउनुपर्छ ।

### (ग) बोध र अभिव्यक्ति

बोध भनेको कुनै विषयवस्तु, पाठ वा कुराको अर्थ बुझ्ने क्षमता हो । यसमा श्रवण बोध, पठन बोध र भावना वा विचारको बोध पर्छन् । सारांश लेख्ने, मुख्य विचार छुट्याउने, कथा सुन्ने र प्रश्नको उत्तर दिने, व्याख्या गर्ने पाठ वा घटनालाई आफ्नै शब्दमा व्यक्त गराउने, प्रश्नोत्तर गराउने कार्यकलापले बोधमा सुधार हुन्छ । अभिव्यक्ति भन्नाले आफ्ना विचार, भावना, वा बुझाइलाई शब्द, लेख, चित्र वा भाषाको माध्यमबाट व्यक्त गर्ने प्रक्रिया हो । निबन्ध, कविता, डायरी लेखन, वादविवाद, कथावाचन, नाटकमा भूमिका अभिनयबाट अभिव्यक्तिमा सुधार हुन्छ । संवादात्मक पढाइ, प्रश्नोत्तर, वास्तविक जीवनका परिदृश्यहरूमा अभ्यास, कथा लेखन र वर्णन, प्रविधिको उपयोग आदिबाट बोध तथा अभिव्यक्तिको सुधार हुने हुँदा प्रत्यक्ष कक्षा वा घरमा यस्ता कार्यकलापमा जोड दिनुपर्छ । यसअन्तर्गत सस्वर र

मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, प्रश्नहरूको उत्पादन, घटना वर्णन र मिलान, अनुलेखन, श्रुतिलेखन, श्रुतिवर्णन, श्रुतिरचना, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, अनुभव वर्णन, पाठगत प्रश्नोत्तर लेखन, भावविस्तार, अनुच्छेद लेखन, सिर्जनात्मक तथा स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

## (घ) भाषिक संरचना र वर्ण विन्यास

भाषिक संरचना सिकाउने पहिलो आधार वाक्य संरचना सिकाई वाक्यका अङ्गहरू छुट्याउने, सही क्रममा शब्द राख्ने, वाक्य पुनः क्रमबद्ध गर्ने कार्यकलाप गराउनु हो । यसै क्रममा क्रियापद र कालको प्रयोग, वचन, लिङ्ग, कारक, विभक्ति आदिको सही प्रयोग पनि सिकाउन सकिन्छ । यस्तै संवाद र भूमिकानिर्वाह, सिर्जनात्मक लेखन, निबन्ध, कथा, पत्र लेखन, प्रविधिको प्रयोग, अभ्यास र पुनरावृत्ति, नियमित परीक्षण, बोल्ने, लेख्ने र सुन्ने अभ्यास पनि यसका लागि उपयोगी हुन्छन् । वर्णविन्यास सिकाइमा अक्षर पहिचान, चित्र र कार्ड प्रयोग, हस्तलिपि अभ्यास, शब्द निर्माण अभ्यास, वर्ण मिलान खेल, वर्ण क्रम मिलाउने, सही उच्चारण अभ्यास, स्वर र व्यञ्जन छुट्याएर सिकाउने अभ्यास, सही ध्वनि निकाल्ने अभ्यास, शब्दकोशको प्रयोग आदि महत्त्वपूर्ण हुन्छन् । यसअन्तर्गत शब्द तथा भाषिक संरचना पहिचान, शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ । सिकाइका क्रममा उदाहरण र प्रयोग, भाषिक सम्प्रेषण र प्रकार्यको उपयोग, प्रदर्शनसहितको शिक्षण, छलफल तथा प्रश्नोत्तर, अभिनय तथा नाटकीकरण, स्वाध्ययन र छलफल, खोज, परियोजना तथा समस्या समाधान जस्ता कार्यकलाप अपनाउनु उपयुक्त हुन्छ ।

## (घ) सुनाइ र बोलाइ

सुनाइ र बोलाइ सिपअन्तर्गत वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिरचना, श्रुतिबोध, सन्दर्भबोध, पाठको सुनाइका आधारमा प्रश्ननिर्माण, अनुमान, वस्तु वा घटना वर्णन, श्रुतिकथन, चित्रकथा वर्णन, विषयवस्तुको सार प्रस्तुति, सूचना ग्रहण र सन्देश प्रवाह, वादविवाद, नाटकीकरण जस्ता क्रियाकलाप गराउनुपर्छ । सुनाइ र बोलाइमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र प्रतिक्रिया, अनुकरण र श्रुतिबोध, सूचना ग्रहण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइ र तथ्य वर्णन, सुनाइ र प्रतिक्रिया, सुनाइ र सञ्चार, सुनाइ र संस्कृति वर्णन, श्रुतिबोध र अभिव्यक्ति, सुनाइ र अनुभूति वर्णन, सुनाइ र घटना वर्णन, सुनाइ र कल्पना, सुनाइ र दृष्टि निर्माण जस्ता पक्ष मुख्य हुन्छन् ।

## (ङ) सिर्जनात्मक कार्य

सिर्जनात्मक कार्य भनेको मौलिक सोच, कल्पनाशक्ति र नवीनतामा आधारित क्रियाकलाप हुन् । यसमा कला, साहित्य, सङ्गीत, वैज्ञानिक आविष्कार, समस्या समाधान, अभिनय, लेखन जस्ता गतिविधि पर्छन् । कुनै विषयमा खुला सोच राख्ने, चित्र कोर्ने, गीत लेख्ने, कविता लेख्ने, कथा लेख्ने, संवाद लेख्ने, समस्या समाधान गर्ने, कल्पना गरेर कथा, निबन्ध, लेख्ने जस्ता कार्यकलाप मुख्य मानिन्छन् । परियोजना कार्य र प्रयोगात्मकपनि सिर्जनात्मक लेखनका आधार हुन् ।

**लेखाइका कार्यकलाप गराउँदा निम्नलिखित पक्षमा ध्यान पुऱ्याउनुपर्छ :**

(अ) चिन्ह प्रयोग

(आ) लेखिएका सामग्री वा विषयलाई समूह वा व्यक्तिगत रूपमा परिमार्जन गरी सच्याउन

(इ) नेपाली लेख्य ढाँचाअनुसारका वर्ण, शब्द, वाक्य र अनुच्छेद लेख्न

(ई) लेखन पूर्वका चरणमा विचार र धारणालाई सङ्गठन गर्न

| प्रतीक र रङ सङ्केत | गर्नुपर्ने कार्य |
|---|---|
|  | सिकारुले आफैँ अध्ययन (स्वअध्ययन) र अभ्यास गर्ने क्रियाकलाप |
|  | अभिभावकको सहयोगमा सिकाइ गर्ने क्रियाकलाप |
|  | सहजकर्ता वा अन्य व्यक्तिको आंशिक सहयोगमा सिकाइ गर्ने क्रियाकलाप |
|  | सहजकर्ताको पूर्ण सहयोगमा सिकाइ गर्ने क्रियाकलाप |

१. विषय क्षेत्र

# नेपाल नै राम्रो (कविता)

## १. परिचय

नेपाल नै राम्रो' कविता भुवनहरि सिग्देलले लेखेका हुन । सिकारुलाई पढाइप्रति रुचि जगाउन र गति, यति मिलाई लय हालेर वाचन गर्ने बानीको विकास गर्न तथा शब्दभण्डारको विकासका लागि कविता विधा राखिएको छ । नेपाल नै राम्रो कविताको माध्यमबाट सिकारुमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) र बोध तथा अभिव्यक्ति सिपको विकास गर्न सकिन्छ । यस पाठको शिक्षण गर्दा सहजकर्ताले लयबद्ध वाचन, अनुकरण वाचन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग तथा बोध प्रश्नोत्तर जस्ता कार्यकलाप गराउनुपर्छ । यस पाठमा सुनाइ तथा बोलाइ सिपमा विषयवस्तुको सुनाइ र प्रतिक्रिया, छलफल तथा अन्तरक्रिया, प्रश्नोत्तर, पाठमा आधारित भई अनुमान, कल्पना एवम् धारणाको प्रस्तुति, श्रुतिवर्णन आदि सिपको विकास गराउनुपर्छ । पढाइ सिपको विकासका लागि लयबद्ध पठन, परिवेश र सन्दर्भ बोध, पाठको विषयबोध र प्रश्नोत्तर जस्ता विषयवस्तुमा ध्यान दिनुपर्छ । लेखाइ सिपको विकासका लागि पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान, प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव लेखन, अनुलेखन, शब्द पूरण, वाक्य निर्माण, स्वतन्त्र रचना जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा नाम तथा सर्वनाम पदको पहिचान एवम् प्रयोग र ह्रस्व इकार (सुरु, बिच र अन्त्य) को पहिचान तथा प्रयोग सिकाउनुपर्छ । शब्दभण्डारअन्तर्गत पर्यायवाची, विपरीतार्थी शब्दको पहिचान, अर्थबोध र प्रयोग गराउनुपर्छ । भाषिक प्रकार्यमा रचना अध्ययन र प्रस्तुतिको अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ । यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ४ घण्टा र स्वनिर्देशिततर्फ १२ घण्टा गरी जम्मा १६ घण्टा समय निर्धारण गरिएको छ ।

## २. सिकाइ उपलब्धि

(क) दृश्य पहिचान गरी वर्णन गर्न

(ख) पाठ्य कविताको संरचना पहिचान गर्न

(ग) गति, यति र लय मिलाएर कविता वाचन गर्न

(घ) कवितामा प्रयुक्त शब्दको शुद्ध उच्चारण गर्न

(ङ) निर्धारित अर्थ व्यक्त गर्ने शब्द पाठबाट पहिचान गर्न

(च) पर्यायवाची शब्द र अर्थ पहिचान गर्न

(छ) विपरीतार्थी शब्द पहिचान गर्न

(ज) अनुप्रासयुक्त शब्द पहिचान गर्न

(झ) निर्धारित शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(ञ) निर्दिष्ट प्रश्नको निश्चित ढाँचामा मौखिक र लिखित माध्यमबाट उत्तर भन्न र लेख्न

(ट) कविताका निर्दिष्ट श्लोकलाई गद्यमा रूपान्तरण गर्न

(ठ) कविताका विभिन्न श्लोकको भाव वा विषयवस्तु प्रस्तुत गर्न

(ड) मौलिक, आगन्तुक, नाम र सर्वनाम शब्दको पहिचान र प्रयोग गर्न

(ढ) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचान र छलफल, संरचना पहिचान, लयबद्ध वाचन । शुद्धोच्चारण, वाक्यमा प्रयोग, अनुलेखन, कविताको अंश पूरण, गद्यमा रूपान्तरण, आशय वर्णन, विषयवस्तु तथा मूल भाव वर्णन, भाषिक प्रकार्य, भाषिक संरचना वर्णविन्यास, श्रुतिबोध रहेका छन् ।

## ४. सामग्री

कविताको संरचना जनाउने तालिका, शब्दार्थपत्ती, शब्दतालिका, पाठ्य कविता, कविता वाचनको अडियो तथा भिडियो, पर्यायवाची शब्दसूची, विपरीतार्थी शब्दसूची, आनुप्रासिक शब्दसूची, उत्तर लेखनका नमुना सूची, वाक्यपत्ती, सुनाइ पाठको अडियो सामग्री, प्रश्नसूची, सुनाइ अनुच्छेद आदि ।

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सिकारुलाई पूर्व पठन खण्डका चित्रलाई हेरेर ती चित्रका बारेमा छलफल गरी दिइएका प्रश्नका आधारमा छलफलबाट आएको निष्कर्षलाई सुनाउन लगाउनुहोस् ।

(ख) सहजकर्ताले सिकारुले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भ उपस्थापन गर्नुहोस् । यस क्रममा नेपाल विविधताले भरिएको मुलुक भएको वर्णन गरिदिनुहोस् । पूर्व पठन खण्डका चित्रसँग मिल्दो तथा सोही प्रकृतिका अन्य चित्र पनि प्रोजेक्टरमार्फत वा प्रिन्टकपी प्रस्तुत गरी छलफल गराउनुहोस् । पाठमा रहेका चित्रको वर्णन गर्दै नेपाल सांस्कृतिक रूपमा मात्र नभई भौगोलिक र प्राकृतिक रूपमा पनि उत्तिकै विविध रहेको कुरा बताइदिनुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले नेपाल नै राम्रो कविता गाएर सुनाउनुहोस् र सिकारुलाई पनि सँगसँगै गाउने र पछि एक्लै गाउने अभ्यास गराउनुहोस् । यसपछि कविताको संरचना देखाउन मिल्ने गरी लेखिएको कविताको तालिका प्रस्तुत गर्नुहोस् । तालिकाकै माध्यमबाट यस कविताको संरचना (४ + ४ + ४ + २) रहेको र यो १४ अक्षरमा संरचित सवाई छन्दको कविता रहेको जानकारी गराउनुहोस् ।

(ख) यसपछि सिकारुले कवितामा आफूलाई गाह्रो लागेका शब्द टिप्नुहोस् र ती शब्दको अर्थ पुस्तकबाटै पढेर, शब्दकोश हेरेर वा सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् ।

#### कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) शब्दभण्डार खण्डमा अर्थ दिएर मिल्ने शब्द कविताबाट खोज्न दिइएको छ । यसका लागि सिकारुले पाठ पुनः पढ्नुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् । यसका लागि सहजकर्ताले शब्दतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

| | |
|---|---|
| मनमा हुने कल्पना | भावना |
| राष्ट्रभक्ति | देशभक्ति |
| भाषा, धर्म, चालचलनको समग्र रूप | संस्कृति |
| घर, बाटो आदि निर्माण गर्न उपयोग गरिने पत्थर | ढुङ्गो |
| औषधीका काममा आउने बुटा वा जरा | जडीबुटी |
| पृथ्वी | धरती |

(ख) सहजकर्ताले दिइएका शब्दको उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउने अभ्यास गराउन शब्दार्थ तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

| | |
|---|---|
| मन | दिल |
| धर्ती | पृथ्वी |
| आमा | जननी |
| मान्छे | मानव |
| देश | मुलुक |
| हावा | पवन |

(ग) दिइएका शब्दको विपरीत अर्थ दिने शब्द कोठेपदबाट लेख्ने अभ्यास गराउन सहजकर्ताले पहिले सिकारुलाई कोठेपद राम्रोसँग अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि उल्टो अर्थ दिने शब्द पहिचान गरी लेख्न लगाउनुहोस् । सहजकर्ताले पनि शब्दार्थ तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

| | |
|---|---|
| शिर | पाउ |
| टाढा | नजिक |
| माया | घृणा |
| एक | अनेक |
| जोर | बिजोर |
| खराब | असल |

(घ) अनुप्रासयुक्त वा लयात्मक शब्द पहिचान गराउन पाठको कविता गाएर सुनाई उक्त कवितामा रहेका अनुप्रास (उस्तै सुनिने) युक्त शब्द चिनाएर त्यस्तै खालका लय मिल्ने शब्द पाठबाट खोजेर लेख्न प्रेरित गर्नुहोस् । जस्तै :

परी - मरी, पढेर - गरेर

(ङ) शब्दार्थकै क्रममा छलफलमा आएका विभिन्न शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गरिएका शब्दलाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । सिकारुलाई धर्ती, स्वच्छ, संस्कृति,

जन्मभूमि, देशभक्ति जस्ता शब्द दिई वाक्यपत्तीमा लेख्न लगाएर वा व्यक्तिगत रूपमा शैक्षणिक पाटीमा लेख्न लगाएर पनि अभ्यास गराउन सकिन्छ ।

(च) सहजकर्ताले केही मौलिक र आगन्तुक शब्दको सूची प्रस्तुत गरी मौलिक र आगन्तुक शब्द पहिचान गराउनुहोस् र पुस्तकको अभ्यास नं ५ का शब्दको अर्थ बुझेर प्रयोग गर्न लगाउनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई गति, यति र लय मिलाई कविता वाचन गर्नका लागि प्रत्येक पङ्क्तिमा चौध चौध अक्षर रहेका र ती प्रत्येक पङक्तिको चार चार अक्षरमा तीन पटक अर्धविश्राम गर्दै अन्तिम दुई अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् । लयबद्ध वाचन गर्ने क्रममा सिकारुलाई उच्चारण गर्न कठिन भएका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्दलाई शैक्षणिक पाटीमा अक्षरीकरण गरेर देखाउनुहोस् र सिकारुलाई उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

आस्था : /आस् + था/

स्वच्छ :/स्वच् + छ/

यसपछि सिकारुले संस्कृति, तारा, स्वच्छ, जडीबुटी, प्रकृति, पदचिह्नजस्ता शब्दको शुद्ध उच्चारण गरी सुनाउनुहोस् ।

(ख) सिकारुले कविताको अपूरा अंश पढ्नुहोस् । यसपछि पुनः कविता पढ्नुहोस् र कविताका खाली अंशलाई पूरा गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले यसै किसिमका अन्य थप अभ्यास गराई सिकारुलाई अभ्यस्त गराउनुहोस् ।

(ग) सहजकर्ताले कविताको मौन पठन गर्नुहोस् । यसपछि सहजकर्ताले दिएका प्रश्नको उत्तर भन्नुहोस् ।

मौखिक प्रश्नोत्तरको नमुना

हामी धर्तीलाई के भन्छौँ ?

उत्तर : हामी धर्तीलाई आमा भन्छौँ ।

(घ) सहजकर्ताले सङ्क्षिप्त उत्तर लेखनका लागि नमुना प्रस्तुत गर्नुहोस् र त्यसैका आधारमा पुस्तकका अभ्यास गराउनुहोस् ।

उत्तर लेखनको नमुना

हाम्रो मन के हुँदा रमाउँछ ?

उत्तर : हाम्रो मन देशलाई सगरमाथाको देशका रूपमा चिनाउन पाउँदा रमाउँछ । हाम्रो देश सञ्जीवनी बुटी पाइने देश हो । नेपाली प्रकृति र नेपाली संस्कृतिमा हाम्रो मन रमाउँछ । नेपालको भौगोलिक विविधता र प्रकृति हेर्दा हाम्रो मन रमाउँछ ।

सहजकर्ताले सिकारुले लेखेको उत्तरमा कर्ता, कर्म र क्रियापदको व्याकरणिक संरचना मिलाउन लगाउनुहोस् । यसै क्रममा कविताको श्लोकको अनुलेखन समेत गराउनुहोस् । अनुलेखन गर्दा दिइएको पद्यांश वा गद्यांशको वर्णविन्यास तथा लेख्यचिह्नलाई जस्ताको तस्तै ख्याल गरेर हुबहु सारेनसारेको र लेख्यचिह्न, वर्णविन्यास र पञ्चमवर्णको ख्याल गरी सारे नसारेको ख्याल गरी सुझाव दिनुहोस् ।

(ङ) सहजकर्ताले कविताको केही अंशलाई गद्यमा रूपान्तरण गरेर देखाउनुहोस् र सिकारुलाई सबै कविता गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् ।

जस्तै :

गद्य रूपान्तरण

प्रश्न : धर्तीलाई आमा भन्ने भावना छ हाम्रो

उत्तर : हाम्रो भावना धर्तीलाई आमा भन्ने छ ।

गद्यमा रूपान्तरण गर्दा सरल प्रकृतिका वाक्य बनाउन सिकाउनुहोस् । वाक्यलाई कर्ता, कर्म र क्रियाको संरचना मिलाउन सिकाउनुहोस् । पहिले कविताका श्लोकमा भएकै शब्दबाट वाक्य निर्माण गराउनुहोस् र आवश्यक परेमा मात्र केही शब्द थप्न सिकाउनुहोस् । सिकारुले गद्यमा रूपान्तरण गर्दा वा घरमा गरेर ल्याएमा पनि अवलोकन तथा जाँच गरी आवश्यक सहयोग गर्नुहोस् ।

(च) सहजकर्ताले सिकारुलाई विभिन्न प्रश्न सोधी प्राप्त उत्तरका आधारमा मूल भाव लेख्न, आशय वर्णन गर्न वा बढाएर लेख्न सिकाउनुहोस् ।

आशय वा मूल भावको नमुना

आफूभन्दा प्यारो हुन्छ आफ्नो जन्मभूमि

बाल वेला यहीँ खेल्यौँ यही धर्ती चुमी ।

उत्तर : जन्मभूमि भनेको आफू जन्मेको ठाउँ वा देश हो । जन्मभूमि र जन्म दिने आमालाई समान महत्त्वका दृष्टिले हेरिन्छ । हामीले आमालाई सबैभन्दा बढी माया गरेजस्तै जन्मभूमिलाई पनि माया गर्नुपर्छ । यही जन्मभूमिमा हामीले जन्मनासाथ पाइला टेकेका हुन्छौँ । यहीँको माटाले हामीलाई हिँड्न सिकाउँछ । यहीँ फलेको अन्न खाएर हामी बाँच्न सक्छौँ । हामी सानो हुँदा यही धर्तीमा खेल्दै हुर्केका हौँ । त्यसैले हामीले यस धर्तीलाई सम्मान गर्नुपर्छ ।

(छ) सहजकर्ताले सिकारुलाई कुनै पुस्तक पढ्न लगाउनुहोस् । पुस्तक पढिसकेपछि सिकारुले निम्नानसरको विवरण तयार पारी नमुना प्रदर्शन गर्नुहोस् :

पुस्तकको विवरण

पुस्तकको नाम :

पाठको शीर्षक :

प्रकाशक :

विषयवस्तु :

आशय वा सन्देश :

भाषिक प्रकार्य भनेको सन्दर्भ र परिवेशअनुसार भाषाको प्रयोग गर्ने व्यावहारिक सिप हो । यसले सिकारुको बोलाइ तथा अभिव्यक्ति सिपलाई बलियो बनाउने काम गर्छ । मासिक प्रकार्यबाट कुराकानी, छलफल, प्रश्नोत्तर, अभिनय तथा अवस्था र व्यक्तिअनुसार भाषाको प्रयोग गर्ने सिप विकास हुन्छ । भाषिक प्रकार्यसम्बन्धी अभ्यास गराउँदा अन्तरक्रिया, संवाद, अभिनय, कुराकानी, वक्तृता जस्ता अभिव्यक्ति कला र शैलीको प्रयोग गर्नुपर्छ । यस तहमा खोज तथा, प्रस्तुति, समय पालना, उत्साह, कृतज्ञता, आदर्श अनुकरण, स्वअनुशासन, स्वसंस्कृति वर्णन, नेतृत्व, रुचि र बानी, सद्भाव, समस्या समाधान, उत्प्रेरणा, अनुभव वर्णन, स्वज्ञानको प्रयोग र सहकार्य भाषिक प्रकार्यको अभ्यास हुने छ ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग व्यक्ति वाचक, जाति वाचक, समूह वाचक, द्रव्य वाचक र भाव वाचक नाम शब्दको प्रयोग भएका स्वतन्त्र अनुच्छेद निर्माण गरी सिकारुलाई उपलब्ध गराउनुहोस् । जस्तैः

हामी ओखर टिप्न जङ्गलमा गएका थियौँ । त्यहाँ लखन र रमिला पनि आइपुगे । उनीहरू कमिलाका ताँती देखेर डराए । रोहन चाहिँ भेडाका बथान देखेर रमायो । म कुम्भकर्ण हिमालको दृश्यमा हराएँ । हिमालको हिउँ पग्लेर नदी बनी बग्छ भनेको सुनेको थिएँ । हामी त्यहाँको माटामा खेल्यौँ । एकअर्कामा स्नेह र प्रेम साटासाट गर्‍यौँ अनि घर फर्केर तरकारीको तातो रस पियौँ । आजको तरकारीमा नुन अलि कम रहेछ ।

सिकारुले तलको जस्तो तालिका ती अनुच्छेदबाट शब्द टिपोट गरी भर्नुहोस् र मिलेनमिलेको जाँच्न सहजकर्तालाई देखाउनुहोस् । जस्तै :

| व्यक्ति वाचक | जाति वाचक | समूह वाचक | द्रव्य वाचक | भाव वाचक |
|---|---|---|---|---|
| लखन | नदी | ताँती | नुन | प्रेम |

(ख) यो तालिका भरिसकेपछि सिकारुले पाठको कविता वा अन्य कुनै सामग्रीबाट यसै गरी नाम शब्द टिपोट गरेर प्रदर्शन गर्नुहोस् ।

(ग) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी एउटा अनुच्छेदमा नाम शब्द दाहोरिएको र अर्कोमा त्यही नाम शब्दको सट्टामा सर्वनाम शब्दको प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् ।

जस्तै :

**सर्वनामको प्रयोग नगर्दा**

कल्पना दैनिक गृहकार्य गर्छिन् । कल्पना आमाबुबाकी प्यारी छोरी हुन् । कल्पना घरको काममा सहयोग गर्छिन् । कल्पनालाई साथीले पनि मन पराउँछन् । साथीहरू विद्यालय गए । साथीले व्याकरण पढे । शिला पुस्तकालय जाऊ । शिला पढेर बस ।

**सर्वनामको प्रयोग गर्दा**

कल्पना दैनिक गृहकार्य गर्छिन् । उनी आमाबुबाकी प्यारी छोरी हुन् । उनी घरको काममा सहयोग गर्छिन् । उनलाई साथीले पनि मन पराउँछन् । साथीहरू विद्यालय गए । उनीहरूले व्याकरण पढे । शिला पुस्तकालय जाऊ । तिमी पढेर बस ।

अनुच्छेदमा प्रयुक्त सर्वनाम चिनाउँदै छलफल गर्नुहोस् र सर्वनाम शब्दको धारणा सिकाउनुहोस् ।

(घ) सहजकर्ताले केही सर्वनाम शब्द दिई वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । केही अनुच्छेद दिई सिकारुलाई नामको सट्टामा सर्वनामको प्रयोग गर्न लगाउनुहोस् । जस्तै :

बुबा बजार जानुभयो । बुबाले नयाँ कपडा किन्नुभयो । दिदी खुसी हुनुभयो । दिदी नयाँ कपडामा सजिनुभयो । भाइ पनि खुसी भयो । भाइ त नाच्न पो थाल्यो ।

(ङ) सहजकर्ताले शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् र शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार प्रयोग भएका शब्द तालिकामा टिपेर देखाइदिनुहोस् । जस्तै :

दिदीले पछाडिबाट आँखा छोपेपछि हरि आत्तिएर चिच्यायो । त्यति नै वेला हरिपलाल आइपुगेर उसको चिनारी गराइदिए ।

जस्तै :

ह्रस्व इकार शब्दको सुरुमा : किताब

ह्रस्व इकार शब्दको बिचमा : रसिलो

ह्रस्व इकार शब्दको अन्त्यमा : हरि

(च) सिकारुले शब्दकोश हेरेर शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका पाँच पाँच शब्द टिप्नुहोस् र ती शब्द प्रदर्शन पाटीमा प्रदर्शन गर्नुहोस् ।

### कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास अभ्यास गर्न लगाउनुहोस् ।

सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

### कार्यकलाप ६ : सिर्जनात्मक कार्य (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले सिर्जनात्मक कार्यमा दिइएको कविताको अंश लेखिएको चार्ट प्रदर्शनी पाटीमा प्रदर्शन गर्नुहोस् । त्यस कवितामा अपूरा रहेका अंशलाई पूरा गरी कविताको सिङ्गो संरचना तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् । सिकारुलाई एउटा चार्टपेपर उपलब्ध गराउनुहोस् । उक्त चार्टपेपरमा कविताको पुनर्लेखन गर्दै खाली ठाउँमा उपयुक्त शब्द छनोट गरी भर्नुपर्ने जानकारी गराउनुहोस् । खाली ठाउँ भर्नका लागि शब्द समूह पनि प्रदर्शन पाटीमा प्रदर्शन गरिदिनुहोस् । खाली ठाउँ भर्ने कार्य सकिएपछि सिकारुलाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सकिएका समूहले तयार गरेको कविता प्रदर्शन पाटीमा टाँसी कविताको गति, यति, लय तथा संरचनाबारे थप छलफल गराउनुहोस् । साथै गति, यति र लय मिलाई कविता वाचन अभ्यास पनि गराउनुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) कमल, ऊ, हामी, बिपना, सञ्जय, तिमी, महेश, उनी, त्यो, अनुप, तपाईँ शब्द प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।

(ख) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ग) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

## सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| दृश्य पहिचान गरी वर्णन गराउँदा | |
| गति, यति र लय मिलाएर कविता वाचन गराउँदा | |
| शुद्ध उच्चारण गराउँदा | |
| पर्यायवाची, विपरीतार्थी र अनुप्रासयुक्त शब्द पहिचान गराउँदा | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गराउँदा | |
| मौखिक र लिखित उत्तर भन्न र लेख्न लगाउँदा | |
| कविताका श्लोकलाई गद्यमा रूपान्तरण गर्दा | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्दा | |
| मौलिक र आगन्तुक तथा नाम र सर्वनाम शब्दको पहिचान र प्रयोग गराउँदा | |
| शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व इकार भएका शब्दको पहिचान र प्रयोग गराउँदा | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्षमता | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

## २. विषय क्षेत्र

# नानीशोभाको नर्सरी (कथा)

### १. परिचय

'नानीशोभा नर्सरी' शाश्वत पराजुलीले लेखेको सामाजिक कथा हो । 'नानीशोभा नर्सरी' कथाले छिमेकी छिमेकीबिचमा हुने सामान्य मनमुटाब र त्यसले परिवारलाई पार्ने असरलाई स्पष्ट देखाएको छ। समाजमा हुने यथार्थ घटनालाई यस कथाले चित्रण गरेको छ। मानिस सामाजिक प्राणी हो र उसका हरेक गतिविधिमा समाज तथा परिवारको सहयोग अपरिहार्य रहेको हुन्छ। कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान आदि क्रियाकलापमा केन्द्रित हुनुपर्छ। प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ र बोलाइ सिपको विकासका लागि सुनाइ र प्रतिक्रिया, विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, तुलना, अनुमान, कल्पना, श्रुतिवर्णन, परिवेश वर्णन र निष्कर्ष प्रस्तुत गर्न सिकाउनुपर्छ। पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन, समूह पठन, स्वतन्त्र पठन, पूर्वानुमान, प्रश्न निर्माण, प्रश्नोत्तर, संरचना, पात्र तथा घटना पहिचान र पाठको विषयबोध गर्न सिकाउनुपर्छ। लेखाइ सिपको विकासका लागि पात्र परिचय लेखन, घटनाक्रम मिलान, प्रश्नोत्तर, सारांश लेखन, सन्देश लेखन, भाव विस्तार, चित्र निर्माण, लिखित वर्णन, समानान्तर कथालेखन, श्रुतिलेखन र निर्देशित कथा लेखन सिपको विकास गराउनुपर्छ। भाषिक संरचना र वर्णविन्यासमा विशेषण शब्दको पहिचान र प्रयोग, दीर्घ ईकार (सुरु, बिच, अन्तिममा प्रयोग हुने शब्द) को पहिचान र प्रयोग गर्न सिकाउनुपर्छ। शब्दभण्डारमा अनुकरणात्मक शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न लगाउनुपर्छ। भाषिक प्रकार्यमा समय पालना सिकाउनुपर्छ। श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ। सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ। यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ५ घण्टा र स्वनिर्देशिततर्फ १३ घण्टा गरी जम्मा १८ घण्टा समय निर्धारण गरिएको छ।

### २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न

(ख) कथाको सन्दर्भ पहिचान गरी छलफल गर्न

(ग) कथाको संरचना पहिचान गर्न

(घ) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(ङ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(च) कथा मौन पठन गरी प्रश्नोत्तर गर्न

(छ) अनुकरणात्मक शब्दको परिचय दिई प्रयोग गर्न

(ज) निर्दिष्ट बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न

(झ) निर्दिष्ट पङ्क्तिको आशय वर्णन गर्न

(ञ) कथाको सार लेख्न

(ट) समय पालनासम्बन्धी धारणा र उदाहरण बताउन

(ठ) विशेषण शब्दको पहिचान र प्रयोग गर्न

(ड) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ईकार भएका शब्दको पहिचान र प्रयोग गर्न

(ढ) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचान र छलफल, सन्दर्भ पहिचान, सस्वर पठन, शुद्धोच्चारण र शब्दार्थ, बोध प्रश्नोत्तर, कथाको संरचना पहिचान, प्रश्नोत्तर, शब्दार्थ र वाक्यमा प्रयोग, अनुकरणात्मक शब्द पहिचान र प्रयोग, शब्द मिलान, वाक्य पूरण, मौखिक प्रश्नोत्तर, वक्ता पहिचान, श्रुतिलेखन, घटनाक्रम मिलान, बोध प्रश्नोत्तर, सार लेखन, आशय वर्णन, भाषिक प्रकार्य, विशेषण शब्दको पहिचान र प्रयोग, वर्णविन्यास रहेका छन् ।

## ४. सामग्री

कथाको संरचना देखाउने तालिका, शब्दपत्ती, शब्दार्थपत्ती, प्रश्नोत्तरको नमुना, अर्थ र शब्दको तालिका, अनुकरणात्मक शब्द र क्रियामूल तालिका, वाक्य पूरण तालिका, प्रश्नसूची, उत्तरको नमुना, चित्र, प्रोजेक्टर, कथाका बुँदा लेखिएको सूची, विशेषण शब्दको सूची, चार्टपेपर, अनुच्छेद र शब्दकोश आदि ।

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) कुनै छोटो कथा सुनाउनुहोस् र सिकारुलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् । अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्नुहोस् । आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् । सिकारुलाई पूर्व पठन खण्डका चित्रलाई हेरेर ती चित्रका बारेमा छलफल गरी दिइएका प्रश्नका आधारमा छलफलबाट आएको निष्कर्षलाई सुनाउन लगाउनुहोस् ।

(ख) सहजकर्ताले सिकारुले प्रस्तुत गरेका कुरालाई समेट्दै पाठगत सन्दर्भ उपस्थापन गर्नुहोस् । यस क्रममा नेपाल विविधताले भरिएको मुलुक भएको वर्णन गरिदिनुहोस् । पूर्व पठन खण्डका चित्रसँग मिल्दो तथा सोही प्रकृतिका अन्य चित्र पनि प्रोजेक्टरमार्फत वा प्रिन्टकपी प्रस्तुत गरी छलफल गराउनुहोस् । पाठमा रहेका चित्रको वर्णन गर्दै नेपाल सांस्कृतिक रूपमा मात्र नभई भौगोलिक र प्राकृतिक रूपमा पनि उत्तिकै विविध रहेको कुरा बताइदिनुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) कथामा के कस्ता विषय समेट्नुपर्छ वा कथा बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा बताउँदै सिकारुको स्तर सुहाउँदो ढङ्गबाट कथाको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । नानीशोभाको नर्सरी कथालाई आधार मानी कथाका निम्नलिखित पक्षका बारेमा छलफल गर्नुहोस् :

- शीर्षक
- विषयवस्तु (घटना)
- कथासूत्र वा आख्यान
- पात्र (व्यक्ति)
- भाषा

- परिवेश (स्थान, समय र वातावरण)
- संवाद (कुराकानी)
- सन्देश

(ख) सहजकर्तासँगको छलफलपछि सिकारुले कथाका पात्र र परिवेश बुझेर दुईतीन पटक पाठ पढ्नुहोस् । पाठ पढ्दा आफूलाई उच्चारण गर्न कठिन लागेका र अर्थ नजानेका शब्द टिपोट गर्नुहोस् ।

(ग) यसपछि सिकारुले कवितामा आफूलाई गाह्रो लागेका शब्द टिप्नुहोस् र ती शब्दको अर्थ पुस्तकबाटै पढेर, शब्दकोश हेरेर वा सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । आफूले अर्थ नजानेका शब्दको अर्थ कापीमा पनि टिप्नुहोस् । जस्तै :

झिँगटी : छाना छाउन माटो पोलेर बनाइएको साधन

फलैँचा : चौतारो जस्तै बस्ने ठाउँ

## कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई सर्वप्रथम उच्चारण गर्न कठिन शब्दको उच्चारण गर्ने र अर्थ नजानेका शब्दको अर्थ बुझेर लेख्ने अभ्यास गर्नुहोस् । उच्चारण अभ्यास गराउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस् । जस्तै :

चिटिक्क : /चि.टिक्. क/

घन्काएर : /घन्.का.ए.र/

(ख) शब्दभण्डार खण्डमा अर्थ दिएर मिल्ने शब्द पाठबाट खोज्न दिइएको छ । यसका लागि सिकारुले पाठ पुनः पढ्नुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् । यसका लागि सहजकर्ताले शब्द तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

कुनै वस्तु किनेर वा उत्पादन गरेर बिक्री गर्ने काम = व्यापार

(ग) सहजकर्ताले बहु अर्थ दिने शब्दका सूची प्रस्तुत गरेर शब्दका एकभन्दा बढी अर्थ हुने कुरालाई उदाहरणसहित देखाउनुहोस् र ताल, ताप, जुवा, साँचो, पत्र, साल, कल जस्ता शब्दको अनेक अर्थ लेखी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् । जस्तै :

उत्तर : अर्थ (१) दिशा : नेपालको उत्तरमा हिमाल छ ।

अर्थ (२) जवाफ : मैले पहिलो प्रश्नको उत्तर लेख्न सकिनँ ।

(घ) दिइएका शब्दको विपरीत अर्थ दिने शब्द लेख्ने अभ्यास गराउन सहजकर्ताले पहिले सिकारुलाई शब्दको अर्थ बुझेर पढ्न लगाउनुहोस् । त्यसपछि उल्टो अर्थ दिने शब्द पहिचान गरी लेख्न लगाउनुहोस् । सहजकर्ताले पनि शब्दार्थ तालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस् । जस्तै :

रात - दिन

(ङ) सहजकर्ता आफूले तयार पारी ल्याएको अनुकरणात्मक शब्द र क्रियामूलको जोडा भएको तालिका प्रदर्शन गरी त्यसको अर्थ र अनुकरणसहितका उदाहरणबाट अनुकरणात्मक शब्दको धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

| शब्द | क्रियामूल |
|---|---|
| चिटिक्क | पर्नु |
| सुरूप्प | पिउनु |
| झसङ्ग | सुक्नु/हुनु |
| मुसुक्क | हुनु |
| | हाँस्नु |

(च) उपर्युक्त शब्द र अर्थको उदाहरण दिँदै सिकारुलाई अनुकरणात्मक शब्द भनेको अभिनय वा नक्कल गरेर वा अनुकरण गरेर देखाउन सक्ने शब्द नै अनुकरणात्मक शब्द हुन भन्ने कुरा बताउनुहोस् ।

(छ) सिकारुलाई शब्दभण्डार खण्डको अभ्यास ६ मा दिइएका वाक्यको खाली ठाउँमामा मिल्ने अनुकरणात्मक शब्द राखेर खाली ठाउँ भर्न लगाउनुहोस् । सिकारुले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई अनुकरणसहित प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् । सिकारुको प्रस्तुतीकरण सकिएपछि सहजकर्ता आफूले तयार पारी ल्याएको अनुकरणात्मक शब्दसूची र वाक्य पूरण तालिका प्रदर्शन गरी त्यसको अर्थ र अनुकरणसहित थप धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

- घाम लागेर झलमल्ल उज्यालो भयो ।
- दिउँसोतिर झमझम पानी पर्‍यो ।
- अनुपा मुसुमुसु हाँसिन् ।
- चरो भुर्र उडयो ।
- घर पुग्दा झमक्क साँझ पर्‍यो

यसरी नै अनुकरणात्मक शब्द प्रयोग गर्न सकिने अन्य वाक्यबाट पनि अनुकरणात्मक शब्द झिकी यसरी नै वाक्य पूरण गर्न लगाई अनुकरणात्मक शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

(ज) सहजकर्ताले सिकारुलाई केही अनुकरणात्मक शब्द दिएर वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । सिकारुले आफूले बनाएका वाक्य ठिक भएनभएको जाँच्न दिनुहोस् ।

(झ) सिकारुलाई लघुतावाची शब्द भनेको के रहेछ भनी छलफल गराउनुहोस् र निष्कर्षमा वस्तुको सानो रूप, आकार वा भाव बुझाउन प्रयोग गरिने शब्दलाई लघुतावाची शब्द भनिन्छ। धेरै जनाउने वस्तुको थोरै मात्रा बुझाउनका लागि पनि यस्ता शब्दको प्रयोग गरिन्छ' भनी प्रस्ट पारिदिनुहोस् र थप उदाहरण पनि दिनुहोस् । जस्तै :

| | | | | | |
|---|---|---|---|---|---|
| खुर्सानी : | ढिँडी | भात : | सितो | खेत : | फोगटो |
| कपडा : | धरो | बाँस : | घनो | अन्न : | गेडो |
| खुट्टा : | खुट्टी | लौरो : | लौरी | पत्र : | पत्रिका |

सहजकर्ताले पनि तलका जस्ता उदाहरण प्रस्तुत गरी लघुतावाची शब्दको अवधारण स्पष्ट पारिदिनुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| धुलो : | कण | सुन्तला : | केस्रो | अचार : | पित्को | मुला : | चानो |
| केरा : | कोसो | पानी : | थोपो | पराल : | त्यान्द्रो | दाउरा : | छेस्को |

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई टिपोट गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस् । जस्तै :

कम्पाउन्डर : /कम्.पा.उन्.डर/

गम्भीर : /गम्.भिर्/

आम्दानी : /आम्.दा.नि/

(ख) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दको शुद्ध उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) सिकारुले पुनः एकपटक पाठ पढ्नुहोस् र पाठका पहिलो र अन्तिम अनुच्छेदमा भएका वाक्य सङ्ख्या भन्नुहोस् ।

(घ) सहजकर्ताले सिकारुलाई पाठसँग सम्बन्धित तलका जस्ता केही प्रश्न दिनुहोस् र उत्तर भन्न तथा लेख्न लगाउनुहोस् । जस्तै :

(अ) कथामा कति जना पात्र छन् ?

(आ) दङ्ग पर्ने र ठुस्स पर्ने को को हुन् ?

(इ) मचाकाजीले किन घर मर्मत गर्ने कुरा गरेको हो ?

(ई) नानी र शोभा आँगनमा के गर्दै थिए ?

(उ) तोयनाथले के सोचेको थिएन ?

(ङ) प्रश्नको उत्तर लेख्ने अभ्यासका लागि अगिल्लो पाठको अनुभव लिनुहोस् । यस्तै पाठबाट घर मर्मत गर्नुपर्छ र रङरोगन पनि गर्नुपर्छ । एउटा मोटरसाइकल किन्नुपर्छ भन्ने जस्ता विभिन्न वाक्य दिएर कसले कसलाई भनेको हो भनी सोधेर साथीलाई उत्तर भन्न लगाउनुहोस् । आफूले पनि साथीले सोधेका प्रश्नको उत्तर दिनुहोस् ।

(च) सिकारुलाई श्रुतिलेखन अभ्यासका लागि तयारी गराउनुहोस् । श्रुतिलेखन भनेको अरूले भनेको सुनेका आधारमा लेख्ने अभ्यास हो भनी यसको अवधारणा बताउनुहोस् । सिकारुलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

(छ) कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी सिकारुलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि विषयमा छलफल गराउनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ को अनुच्छेद सहजकर्ताले मौखिकरूपमा सुनाउनुहोस् र सिकारुलाई उक्त अनुच्छेद सुनेर लेख्न निर्देश गर्नुहोस् । यसपछि अनुच्छेद हेर्दै जस्ताको तस्तै लेखे नलेखेको पहिचान गर्न र अशुद्ध भएका ठाउँमा गोलो चिह्न लगाउन निर्देश गर्नुहोस् । निष्कर्षको रूपमा श्रुतिलेखन गर्दा वर्णविन्यास, लेख्य चिह्न र व्याकरणिक पक्षमा ध्यान दिनुपर्ने कुराको जानकारी गराउनुहोस् ।

(ज) सिकारुलाई कुनै चित्र देखाई चित्रमा देखिएका विषय वा वस्तु र क्रियाकलाप अध्ययन गर्न लगाउनुहोस् । अध्ययनको कार्य सकिएपछि त्यस चित्रमा देखिएका विषयवस्तु, घटना वा क्रियाकलापको वर्णन गर्न लगाउनुहोस् । वर्णनकै क्रममा सिकारुलाई यस चित्रमा भएजस्तै सामग्री, वस्तु वा क्रियाकलाप तपाईँका घरमा छन् वा छैनन् भन्ने प्रश्न गरी चित्र र घरका सामग्री, वस्तु वा क्रियाकलापबिच तुलना गर्न लगाउनुहोस् ।

(झ) सिकारुलाई घटनाक्रम मिलाउने तरिकाको निर्देशन दिई त्यसका आधारमा दिइएका बुँदालाई कथाको घटनाअनुसार क्रम मिलाएर तालिकामा लेख्न लगाउनुहोस् । तोकिएको कार्य पूरा गरिसकेपछि आफूले तयार गरेको घटनाक्रम मिलाइएको तालिका प्रदर्शन पाटीमा टाँसी प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् र अन्त्यमा सहजकर्ता आफूले तयार गरी ल्याएको कथाका बुँदा क्रमबद्ध रूपमा लेखिएको सूची प्रदर्शन गरी अन्तिम निष्कर्ष दिनुहोस् ।

(ञ) सहजकर्ताले पाठसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी सिकारुलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न तथा लेख्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : मचाकाजी र तोयानाथले घाम लाग्दा र पानी पर्दा के के काम गर्थे ?

उत्तर : मचाकाजी र तोयानाथले घाम लाग्दा भाँडा सुकाउने र पानी पर्दा फूल रोप्ने काम गर्थे ।

बोध प्रश्नोत्तरसम्बन्धी थप अभ्यासका लागि अन्य प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी छलफल गराउनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास न.९ का प्रश्नको उत्तर लेख्न लगाई सहजकर्ताले आवश्यक सहयोग गर्नुहोस् ।

(ट) पाठमा प्रयुक्त सन्देशमूलक भनाइ पहिचान गरी टिपोट गर्न सिकाउनुहोस् । भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुराको जानकारी गराउँदै टिपोट गराउनुहोस् र सिकारुलाई आवश्यक सहयोग पनि गर्नुहोस् । टिपोट गरिएका मध्ये कुनै एक भनाइको आशय व्यक्त गर्ने बुँदा प्रस्तुत गर्नुहोस् । जस्तै :

"नानी र शोभाले झैँ हामी दुवैले यसरी मिलेर काम गर्न सके कति जाती हुन्थ्यो ।"

उपर्युक्त वाक्यको आशय जनाउने बुँदा

- नानीशोभा नर्सरी' सामाजिक विषयवस्तुमा आधारित कथा
- कथाका पात्र नानी र शोभाले मिलेर बिरुवा र गमला तयार पारेका
- उनीहरू दुवै जना मिलेर गमलामा मल र माटो हालेर फूल रोपेका
- उक्त गमला उनीहरूले विद्यालयमा चलिरहेको मेलामा लगेर बेचेका
- पुरस्कारस्वरूप पैसा पाएका
- नानी र शोभाले मिलेर काम गर्नाले विद्यालयबाट पुरस्कार र नगद समेत ल्याउन सफल
- मिलेर काम गर्न सके सबैलाई फाइदा हुने आशय रहेको

(ठ) सिकारुलाई माथिको वाक्य पाठमा हेर्न लगाएर पाठको सन्दर्भसँग मिल्ने गरी उपर्युक्त बुँदा समेट्दै आशय लेख्न सिकाउनुहोस् । यसका लागि सहजकर्ताले तयार गरेको आशय विस्तारको संरचना जनाउने तालिका वा बुँदाको सूचीसमेत प्रयोग गर्नुहोस् । भावविस्तारको प्रक्रिया सिकाउँदा वाक्यमा अभिव्यक्त विषयवस्तुको शृङ्खला र वाक्य वाक्यबिचको अन्तर्सम्बन्धलाई जोड्दै मौखिक रूपमा भावविस्तार गर्ने अभ्यास गराउनुहोस् ।

नमुना आशय वर्णन

"नानी र शोभाले झैँ हामी दुवैले यसरी मिलेर काम गर्न सके कति जाती हुन्थ्यो ।"

उत्तरः शाश्वत पराजुलीद्वारा लिखित नानीशोभा नर्सरी कथामा कथाका पात्र नानी र शोभाले मिलेर बिरुवा र गमला तयार पारेका छन् । उनीहरू दुवै जना मिलेर गमलामा मल र माटो हालेर फूल रोपेका छन् । उक्त गमला उनीहरूले विद्यालयमा चलिरहेको मेलामा लगेर बेचेपछि पुरस्कारस्वरूप पैसा पाएका छन् । यस

भनाइअनुसार जसरी नानी र शोभाले मिलेर काम गर्नाले विद्यालयबाट पुरस्कार र नगदसमेत ल्याउन सफल हुन्छन् त्यसैगरी मिलेर काम गर्न सके सबैलाई फाइदा हुन्छ। कोही पनि भोकै मर्नुपर्दैन भन्ने नै यस वाक्यको मूल आशय रहेको पाइन्छ।

(ड) नानीशोभा नर्सरी' कथाले के सन्देश दिएको छ भन्ने प्रश्न गरी सिकारुलाई बुँदागत रूपमा भन्ने अवसर प्रदान गर्नुहोस् । सिकारुले भनेका बुँदालाई समेटी सहजकर्ताले एकपटक मौखिक रूपमा यस कथाको सार बताइदिनुहोस् र सहजकर्ताले तयार पारी ल्याएको सार लेखनको नमुनासमेत प्रदर्शन गरी सार लेख्ने तरिका बताइदिनुहोस्। जस्तै :

मचाकाजी र तोयानाथ छिमेकी हुन् । तोयनाथ र मचाकाजीका घरमा तीन तीन जनाको परिवार थियो । छिमेकी भएर पनि मचाकाजी र तोयनाथमा मित्रता थिएन। उनीहरू एकअर्कासँग राम्ररी बोल्दा पनि बोल्दैनथे। मचाकाजी घाम लाग्दा दङ्ग पर्थे। तोयनाथ पानी पर्दा खुसी हुन्थे। तोयनाथ फूल रोप्थे। मचाकाजी माटाका भाँडा बनाउँथे। पानी परे मचाकाजी निधारमा हात लगाएर बस्थे। घाम लागे तोयनाथ ठुस्स पर्थे। पानी राम्रो परेकाले तोयनाथको फूल सप्रियो। उनले घर मर्मत गरी रङरोगन गर्ने योजना बनाए। मचाकाजीको व्यापार राम्रो भएन। घर चलाउन गाह्रो भएकाले उनले डाहा गरे। अर्को साल घाम लाग्यो। मचाकाजीको व्यापार सप्रेकाले मोटरसाइकल किन्ने योजना बनाए। तोयनाथको व्यापार बिग्रियो। उनी बिरामी परे। मचाकाजीकी छोरी नानी र तोयनाथकी छोरी शोभाले गमलामा फूल रोपे र विद्यालयको प्रदर्शनीमा लगेर बेचे । एकएक सय रुपियाँ बाँडेका उनीहरूमध्ये शोभाले सो पैसाले बाबुको उपचार गर्ने कुरा गरी। नानीले यो कुरा बाबुलाई सुनाई। छोरीको कुराले मचाकाजी भसङ्ग भए। उनले कम्पाउन्डर बोलाएर तोयनाथको उपचार गराए। उनले छिमेकी मिलेर काम गर्ने योजना बनाए। दुवैले मिलेर काम गरेर पैसा बाँडे।उनीहरूले नानीशोभा नर्सरी बनाए।

(ढ) सिकारुले आफूले दिनदिनै गर्ने काममा समय पालना गर्ने गरेको कुरा दैनिकीका रूपमा वा पुस्तकको जस्तै तालिका बनाई प्रस्तुत गर्नुहोस्। जस्तै :

मेरो नाम साहित्य शर्मा हो। म श्री नवजीवन सिकाइ केन्द्र, सूर्योदय ८, इलाममा पढ्छु। म मेरा हरेक काम आफैँ गर्छु र समयमा गर्छु। बिहान ५:३० बजे उठछु। नुहाइधुवाइ गर्छु। ६:३० सम्म योगाभ्यास र पूजापाठ गर्छु। त्यसपश्चात् नास्ता खाएर करिब २ घण्टा पढ्छु। ९ बजे खाना खाएर विद्यालय जान्छु। विद्यालयमा पनि जुन समयमा जे जे काम गर्नुपर्ने हो ठिक त्यही समयलाई पालना गरेर आफ्नो काम गर्छु । छुट्टी हुनासाथ म कतै अलमल नगरी सरासर घर जान्छु । आमाले तयार पारेको खाजा खान्छु । कहिलेकाहीँ खाजा आफैँ पनि बनाउँछु र परिवारका सदस्यलाई पनि खुवाउँछु। खाजा खाने काम सकिएपछि करिब २ घण्टा पढ्छु। त्यसपछि आमालाई भान्साको काममा सघाउँछु। खाना खाएपछि हामी परिवारका सबै सदस्य गफगाफ गर्छौँ। बुबाआमाले मेरो पढाइका बारेमा जानकारी लिनुहुन्छ। गृहकार्य सके नसकेको बारेमा चासो राख्नुहुन्छ। म बेलुका ९ बजे सुत्छु। बिदाको दिनमा पनि मेरो छुट्टै खालको समय तालिका छ। म सधैँ समय तालिकाअनुसार समय पालना गरेर काम गर्छु त्यसैले म सधैँ सफल पनि हुँदै छु।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सिकारुलाई पुस्तकको भाषिक संरचना र वर्णविन्यासको प्रश्न १ मा रातो रङ लगाइएका शब्द टिपोट गर्न लगाउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस्।

(ख) सहजकर्ताले सिकारुले तयार पारेका उत्तरका र सहजकर्ताले तयार पारी ल्याएका वाक्यसूची प्रदर्शन गरी उदाहरण सहित विशेषण शब्दको सामान्य जानकारी दिनुहोस्। सिकारुलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न २ पढेर

समूह क' र समूह ख' बिच जोडा मिलाउन लगाउनुहोस् । सिकारुले तोकेको कार्य पूरा गरेपछि सहजकर्ताले थप सहजीकरण गर्दै कस्तो, कत्रो, कति र कुन प्रश्नको उत्तरमा आउने अन्य शब्द खोज्न लगाउनुहोस् ।

(ग) सहजकर्ताले निम्नअनुसारको विशेषण शब्द प्रयोग भएको अनुच्छेद प्रस्तुत गर्नुहोस् र विशेषण शब्द टिपोट गर्न लगाउनुहोस् :

बहिनी ठुली भइन् । उनी मिठो गीत गाउँछिन् । उनी राम्रो लाउन र रमाइलो ठाउँमा घुम्न मन पराउँछिन् । उनी सफा कपडा लगाउँछिन् । उनी पिरो अचार खान खुबै मन पराउँछिन् ।

यसपछि भाषिक संरचना र वर्णविन्यासको अभ्यास न. ३ को अभ्यास गर्न लगाई जाँचिदिनुहोस् । सिकारुले पाठबाट दशओटा विशेषण टिपोट गरेर देखाउनुहोस् ।

(घ) सिकारुले पाठबाट शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ईकार (ी) भएका तीन तीनओटा शब्द पाठबाट पहिचान गरी लेख्नुहोस् ।

## कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । जस्तै :

| | |
|---|---|
| सौरभ र सौरभी जुम्ल्याहा दाजुबहिनी हुन् । | ठिक |
| सौरभ अल्छी स्वभावका थिए । | बेठिक |
| सौरभ र सौरभी हाँस्दा देब्रे गालामा खोपिल्टो पर्थ्यो । | ठिक |
| सौरभ र सौरभीको खुसी पोख्ने शैली मिल्दैनथ्यो । | बेठिक |

प्रश्न : सौरभ बगैँचामा के गर्दै थिए ?

उत्तर : सौरभ बगैँचामा फूलमा पानी हाल्दै थिए ।

सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

## कार्यकलाप ६ : सिर्जनात्मक कार्य(प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले निर्देशित कथा लेखनका बारेमा सिकारुसँग छलफल गर्नुहोस् र निर्देशित कथा रचना गर्दा निम्नलिखित पक्षलाई ध्यान दिन लगाउनुहोस् :

- सम्बन्धित विषयवस्तुमा आधारित भएर केही प्रसङ्ग थप गर्नुपर्ने
- आवश्यकताअनुसार छोटा छोटा संवाद प्रयोग गर्नुपर्ने
- कथामा आदि, मध्य र अन्त्यको शृङ्खला हुनुपर्ने
- सुहाउँदो शीर्षक दिनुपर्ने

अब यिनै तरिकामा सम्बद्ध भई लेखिएको कथाको एउटा नमुना प्रदर्शन गर्नुहोस् र सिकारुलाई राम्ररी अध्ययन गर्न लगाउनुहोस् :

## कथाको नमुना

धनुषाको बकैया गाउँमा ठुलो आँपको बगैँचा थियो । बगैँचाका सबै रुखमा लटरम्म आँप पाकेका थिए । सुकाए केन्द्रमा छुट्टी भएपछि सबै सिकारु आँपघारीमा पसे । आँपका रुख ठुला भएकाले चढ्न गाह्रो थियो । भोको पेटमा पाकेका आँप खाने कुनै उपाय आएन । यताउता हेर्दा एक जनाले भुइँमा एउटा दाउरा भेट्टायो । “आए आँप गए झटारो” भन्दै दाउराले रुखमा झट्टी हान्न थाल्यो । झट्टीले लागेर आँपको हाँगा भाँचियो । एकैछिन्मा कोही रोएको आवाज आयो । त्यो आवाज रुखको रहेछ । रुखले रुँदै भन्यो, “म तिमीहरूलाई आँप खुवाउँछु । फेरि मलाई झट्टी किन हान्छौ हँ ? तिमीहरूले हानेको झट्टीले मेरो हाँगा भाँचियो । मलाई धेरै दुखेको छ ।” रुखको यस्तो कारुणिक आवाज सुनेर सबै सिकारु डराए । केहीबेरमा आवाज बन्द भयो । सबै सिकारुले एकै स्वरमा भने “हे, रुख हामीलाई माफ गरिरदनुहोस् । हामीबाट गल्ति भयो । अब कहिल्यै यस्तो गर्दैनौँ ।” सिकारुले माफी माग्नेबित्तिकै पाकेका आँप आफैँ झर्न लागे । सिकारु पाकेका मीठा मीठा आँप खान पाएर खुसी भएर घरतिर लागे ।

(ख) सहजकर्ताले सिर्जनात्मक कार्यमा निर्दिष्ट कथाको अंश लेखिएको चार्ट प्रदर्शन पाटीमा प्रदर्शन गर्नुहोस् र त्यस कथामा अपूरा रहेका शब्दमा मिल्ने शब्द राखेर पूरा गरी कथाको सिङ्गो संरचना तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् । सिकारुलाई कथाको अंश पूरा गर्न समय निर्धारण गरिदिनुहोस् । कार्य सकिएपछि सबै सिकारु समूहलाई अगाडि आएर आफ्नो कार्य प्रस्तुत गर्न लगाउनुहोस् र कथा प्रदर्शन पाटीमा टाँसी कथाको संरचना (शीर्षक, घटना वा कथावस्तु, पात्र, समय, स्थान, वातावरण, सन्देश आदि) बारे थप छलफल गराउनुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) कथाको घटनाक्रम मिलाई सारांश भन्न लगाउनुहोस् ।

(ख) सिकारुलाई आफूले दैनिक गरेका काम भन्न लगाउनुहोस् ।

(ग) मिलनसार, ज्ञानी, राम्रो गोरो, अग्लो, पातलो, सुन्दर, लामो, छोटो शब्द प्रयोग गरी साथीको वर्णन गर्न लगाउनुहोस् ।

(घ) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ इकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ङ) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| चित्र र सन्दर्भ पहिचान र छलफल गर्न लगाउँदा | |
| शब्दको शुद्ध उच्चारण गर्न लगाउँदा | |
| शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउँदा | |

| | |
|---|---|
| अनुकरणात्मक शब्दको प्रयोग गर्न लगाउँदा | |
| बुँदालाई कथाको घटनाका आधारमा क्रम मिलाई लेख्न लगाउँदा | |
| सार लेख्न लगाउँदा | |
| विशेषण शब्दको पहिचान र प्रयोग गर्न लगाउँदा | |

**मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)**

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्षमता | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

३ विषय क्षेत्र

# सञ्चारका साधन (निबन्ध)

## १. परिचय

सञ्चारका साधन' सञ्चार विषयक निबन्ध हो । यस पाठको शिक्षण गर्दा सुनाइ र बोलाइ सिपको विकासका लागि सुनाइ र बोलाइ विषयमा आधारित छलफल, नयाँ शब्दको पहिचान, घटना वर्णन, प्रश्नोत्तर तथा सार कथन, अनुमान एवम् कल्पना, श्रव्य सामग्रीको सुनाइ र प्रतिक्रिया गर्ने सिपको विकास र युगल तथा सामूहिक अन्तरक्रिया गराउनुपर्छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन, द्रुत पठन, मौन पठन, घटनाक्रम पहिचान, विषयवस्तु बोध, युगल पढाइ र प्रतिक्रिया, संरचना पहिचान, विषयवस्तुको क्रम पहिचान, वर्णन र तुलना जस्ता भाषिक सिप सिकाउनुपर्छ । लेखाइ सिपका लागि सिलसिलाबद्ध लेखन, स्वविचार प्रस्तुति, मुख्य विषय टिपोट, प्रश्नोत्तर, प्रश्न निर्माण, विषय विस्तार, सार लेखन, निर्देशित अनुच्छेद लेखन, अनुच्छेदपूरण वा अनुलेखन जस्ता सिप सिकाउनुपर्छ । भाषिक संरचना र वर्णविन्यासमा क्रियापदको पहिचान र प्रयोग, ह्रस्व उकार (सुरु, बिच, अन्त्य) लागेका शब्दको पहिचान र प्रयोगको सिप विकास गराउनुपर्छ । शब्दभण्डारमा प्राविधिक तथा पारिभाषिक शब्द पहिचान र प्रयोग, पाठगत शब्दको अर्थ बोध र प्रयोगको सिप सिकाउनुपर्छ भने भाषिक प्रकार्यमा उत्साह र कृतज्ञतामा आधारित सञ्चार गर्ने सिपको विकास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ । यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ५ घण्टा र स्वनिर्देशिततर्फ १७ घण्टा गरी जम्मा २२ घण्टा समय निर्धारण गरिएको छ ।

## २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न

(ख) निबन्धको संरचना पहिचान गर्न

(ग) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(घ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(ङ) प्रश्नोत्तर गर्न

(च) प्राविधिक पारिभाषिक शब्द र समूहवाचक शब्दको परिचय दिई प्रयोग गर्न

(छ) बुँदाका आधारमा अनुच्छेद लेख्न

(ज) उत्साह र कृतज्ञतामा आधारित सञ्चार प्रवाह गर्न

(झ) क्रियापदको पहिचान र प्रयोग गर्न

(ञ) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार भएका शब्दको पहिचान र प्रयोग गर्न

(ट) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

(ठ) विषयवस्तुमा आधारित अनुच्छेद रचना गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र वर्णन र छलफल, सन्दर्भ पहिचान, संरचना पहिचान, सस्वर पठन, शुद्धोच्चारण र शब्दार्थ, बोध प्रश्नोत्तर, पारिभाषिक शब्द पहिचान र प्रयोग, विचार वर्णन, आशय वर्णन, सार लेखन, अनुच्छेद रचना, श्रुतिबोध, भाषिक प्रकार्य, क्रियापदको पहिचान र प्रयोग तथा वर्णविन्यास रहेका छन् ।

## ४. सामग्री

निबन्धको संरचना देखाउने तालिका, शब्दपत्ती, शब्दार्थपत्ती, प्रश्नोत्तरको नमुना, विचार वर्णनको नमुना, आशय वर्णनको नमुना पारिभाषिक प्राविधिक शब्द तालिका, प्रश्नसूची, उत्तरको नमुना, चित्र, प्रोजेक्टर, क्रियापदको सूची, चार्टपेपर, अनुच्छेद आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) पाठका वा अन्य कुनै चित्र देखाउनुहोस् र चित्रका बारेमा स्वतन्त्र छलफल गराउनुहोस् । यसपछि सिकारुलाई निम्नानुसारका प्रश्न सोधी स्वतन्त्र उत्तर भन्न लगाउनुहोस् :

(अ) मोबाइलका फाइदा र बेफाइदा सुनाउनुहोस् ।

(आ) आज तपाईँले रेडियो, टिभी वा पत्रपत्रिकामा के समाचार सुन्नुभयो ?

(ख) सहजकर्ताले अगिल्लो दिनका सिकाइ क्रियाकलापका बारेमा छोटो छलफल गर्दै आजको दिनको सिकाइ विषयवस्तुका सम्बन्धमा जानकारी गराउनुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पढेका निबन्धका बारेमा विभिन्न प्रश्न गर्दै पढेका वा लेखेका निबन्धका बारेमा चर्चा गर्नुहोस् । सिकारुका उत्तरलाई आधार बनाउँदै स्तर सुहाउँदो ढङ्गबाट निबन्धको संरचनाबारे प्रस्ट पारिदिनुहोस् । जस्तै :

#### निबन्धको संरचना

- शीर्षक (सबैभन्दा माथि)
- सुरु भाग : शीर्षक, परिचय, परिभाषा, पृष्ठभूमि
- मध्यभाग : विषयको वर्णन, महत्त्व, सुझाव, सकारात्मक नकारात्मक पक्ष
- आवश्यकताअनुसार अनुच्छेद
- निष्कर्ष : शीर्षकसम्बन्धी लेखकको विचार एक अनुच्छेदमा
- भाषाशैली

संरचना सिकाउँदा कुनै नमुना निबन्ध प्रस्तुत गरी उल्लिखित भाग चिनाइदिनुहोस् । जस्तै :

## खेलकुदको महत्त्व

'खेल' र 'कुद' भन्ने दुई शब्दका मेलबाट 'खेलकुद' शब्द बनेको हो। यस शब्दले 'मन बहलाउन वा व्यायामका निम्ति खेल्ने र कुदने काम' भन्ने अर्थ व्यक्त गर्छ। खेलकुद' शब्दले हिजोआज केवल मनोरञ्जन र व्यायामका लागि खेल्ने र कुद्ने काम मात्र नबुझाई व्यापक अर्थमा एउटा ठुलो व्यवसायलाई बुझाउन थालेको छ। यो व्यक्तिको सम्मान र प्रतिष्ठासँग पनि जोडिन पुगेको छ। खेलकुदका माध्यमबाट राष्ट्रको नाम विश्वभर फैँजिन्छ। वर्तमान युगमा खेलकुद दिनप्रतिदिन लोकप्रिय बन्दै गएको छ। त्यसैले अहिले खेलकुदका लागि विश्वमा ठुलो धनराशी खर्च भइरहेको छ। यसबाट खेलकुदको महत्त्व स्वतः झल्किन्छ।

घरभित्र खेलिने खेल र बाहिर खेलिने खेल गरी खेललाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ। घरभित्र खेलिने खेलमा शारीरिक परिश्रम धेरै पर्दैन तर तन, मन र मस्तिष्कको प्रयोग भने हुन्छ। यसमा चेस, लुँडो, क्यारिम, बाघचाल आदि प्रमुख रूपमा आउँछ। घरबाहिरका खेल शारीरिक व्यायाम, तन, मन र मस्तिष्कको समुचित प्रयोगबाट हुन्छ। खेलबाट हाम्रा शरीर र मन दुवै स्वस्थ रहन्छन्। अझ शारीरिक तन्दुरुस्तीका साथै निरोगी बन्न खेलकुद नै आवश्यक छ। नियमित रूपमा खेलकुदमा सहभागी हुने व्यक्ति ज्यादै फुर्तिलो हुन्छ। त्यसैले समय मिलाएर खेलकुदमा सहभागी हुनु अति जरुरी छ। खेलमा एकाग्रता, अनुशासन र स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ। खेलकुदबाट मानिसलाई धेरै फाइदा हुन्छ। खेलकुदमा अनुशासन अपरिहार्य हुन्छ र यसले मानिसलाई अनुशासित जीवन बिताउन मदत गर्छ। यसबाट मानिसले समूहमा मिलेर काम गर्ने बानी सिक्छ। खेलबाट शारीरिक व्यायाम हुने भएकाले शरीरमा जाँगर पलाउनुका साथै खाएको कुरा पनि सजिलै पच्छ। व्यक्तिका शरीरको, मनको, बुद्धिको विकासमा खेलकुदले निकै सघाउ पुऱ्याउँछ। खेलले खेल खेल्ने व्यक्ति, समाज र राष्ट्रको गौरव बन्छ।

समग्रमा भन्नुपर्दा खेलकुद स्वास्थ्यका लागि, व्यक्तिका लागि, मनोरञ्जनका लागि, अर्थ उपार्जनका लागि, राष्ट्रका लागि सामूहिक भावना विकासका लागि, अनुशासनका लागि अति नै महत्त्वपूर्ण छ।

(ख) सिकारुलाई पाठ पढ्न लगाई अर्थ नजानेका शब्द गर्न लगाउनुहोस् र टिपोट गरेका शब्दको अर्थ सिकारुबाटै पहिचान गर्ने अवसर प्रदान गर्नुहोस्। पाठमा दिइएका शब्दार्थ पढ्न लगाउनुहोस्। सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस्। जस्तै :

| शब्द | अर्थ |
|---|---|
| लक्ष्य | सोचेको कुरा |
| आदानप्रदान | लेनदेन |
| भावना | मनको कुरा |

### कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले निबन्ध पाठ पढ्नुहोस् र उच्चारण गर्न कठिन भएका शब्दहरू अन्य टिपोट गर्नुहोस्। उक्त शब्दहरूको शुद्ध उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस्। उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्। जस्तै :

सामग्री : /सा.मग्.ग्रि/

कम्प्युटर : /कम्.प्यु.टर्/

प्रविधि : /प्र.बि.धि/

इष्टमित्र : /इस्.ट.मित्.त्र/

(ख) शब्दभण्डार खण्डमा शब्द र अर्थको जोडा मिलाउने अभ्यास दिइएको छ। यसका लागि सिकारुले पाठ पुनः पढ्नुहोस् र दिइएका अर्थ बुझाउने शब्द पाठबाट पहिचान गरी जोडा मिलाएर देखाउनुहोस्। यसका लागि सहजकर्ताले शब्दतालिकाको प्रयोग गरी सहजीकरण गर्नुहोस्। जस्तै :

| शब्द | अर्थ |
|---|---|
| विद्युतीय | बिजुलीका माध्यमबाट चल्ने |
| विनाशकारी | विनाश गर्ने खालको |
| दुरुपयोग | खराब वा नराम्रो कामका लागि गरिने प्रयोग |

**यसपछि अभ्यासको समस्या समाधान गरेर पनि देखाइदिनुहोस् :**

| समूह क | समूह ख |
|---|---|
| विभिन्न विषयका पुस्तक राखिएको घर | पुस्तकालय |
| जथाभाबी भएको खर्च | दुरुपयोग |
| मनसँग सम्बन्ध राख्ने | मानसिक |
| सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम | सूचना |
| पत्रपत्रिकामा छापिएका हालखबर | समाचार |

(ग) सहजकर्ताले प्राविधिक पारिभाषिक शब्दको सूची प्रस्तुत गरेर प्राविधिक पारिभाषिक शब्द चिनाउनुहोस्। जस्तै :

प्रश्नावली : प्रश्नको क्रमबद्ध तालिका

पर्यावरण : कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्था

अधिवक्ता : न्यायालयमा वकालत गर्ने अधिकृत तहको कानुन व्यवसायी

संविधान : देशको मूल कानुन

(घ) सिकारुको प्रस्तुतीकरण सकिएपछि सहजकर्ता आफूले तयार पारेर ल्याएको पारिभाषिक शब्दसूची र वाक्य पूरण तालिका प्रदर्शन गरी त्यसको अर्थबारे थप धारणा स्पष्ट पारिदिनुहोस्। जस्तै :

- गुरुआमाले प्रश्नावली तयार पार्नुभयो।
- पत्रिकामा पत्रकारले काम गर्छन्।
- चाँगुनारायण मन्दिरको अभिलेख सुरक्षित छ।
- तुरुन्तै कविता रचना गर्ने आशुकवि हुन्।
- वन्यजन्तु निकुञ्जमा पाइन्छन्।

पारिभाषिक शब्द प्रयोग भएका अन्य वाक्यबाट पारिभाषिक शब्द झिकी यसरी नै वाक्य पूरण गर्न लगाई पारिभाषिक शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस्। साथै समाचार, कम्प्युटर, परीक्षा, टेलिभिजन, ऊर्जा, इन्टरनेट, श्रव्यदृश्य शब्दलाई वाक्यमा प्रयोग गर्न पनि लगाउनुहोस्।

(ङ) सहजकर्ताले समूहवाची शब्दको शब्दसूची प्रस्तुत गरी समूहवाची शब्दको अवधारणा स्पष्ट पार्नुहोस् ।

| | |
|---|---|
| अङ्गुर | झुप्पो |
| अन्न | रास |
| आगो | राँको |
| कपाल | गुजुल्टो |
| किताब | खात |
| केरा | घरी |

यसरी नै पुस्तकको अभ्यास ५ को वाक्य पूरण गर्न लगाई समूहवाची शब्दको बारेमा थप धारणा स्पष्ट पारिदिनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई टिपोट गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

श्रव्यदृश्य : /स्रब.ब्य.द्रिस्.स्य/

इन्टरनेट : /इन्.टर्.नेट्/

आवश्यकता : /आ.बस्.स्यक्.ता/

(ख) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दको शुद्ध उच्चारण अभ्यास गराउनुहोस् ।

(ग) सिकारुले पुनः एकपटक पाठ पढ्नुहोस् र पाठका अनुच्छेदमा कति कति वाक्य रहेका छन्, भन्नुहोस् ।

(घ) सहजकर्ताले पाठका कुनै अनुच्छेद तोकेर समय हेरी सकेसम्म छिटो पढ्न लगाउनुहोस् र पढाइको गति परीक्षण गरिदिनुहोस् :

> कसलाई मोबाइल र कम्प्युटर चलाउने इच्छा नहोला ? टेलिभिजन, रेडियो र रेकर्डर कसलाई मन नपर्ला ? कसले पत्रपत्रिका पढेर नयाँ जानकारी पाएन होला ? मौका मिल्नासाथ यस्ता कुरा नभई चित्त बुझ्दैन । हामी प्रायः मोबाइल वा कम्प्युटर चलाउँछौँ । पढाइ लेखाइका लागि सहयोग चाहिए यी सबै खाले वस्तु उपयोग गर्छौं । समाचार थाहा पाउन होस् कि मनोरञ्जन गर्न, यी वस्तुहरू नभई हुँदैनन् । यी साधनसँग हामी दिनहुँ जोडिन्छौँ । अलग हुन चाहे पनि हामी सञ्चारका साधनबाट अलगिने अवस्था छैन ।

(ङ) सिकारुलाई पाठसँग सम्बन्धित तलका जस्ता केही प्रश्न दिनुहोस् र उत्तर भन्न तथा लेख्न लगाउनुहोस् । जस्तै :

(अ) के नगर्दा छाती, मुटु, कलेजो र फोक्सामा समस्या हुँदैन ?

(आ) नसर्ने रोग के के हुन् ?

(इ) हामी स्वस्थ रहन के गर्नुपर्छ ?

(ई) तपाईँलाई कुनै स्वास्थ्य समस्या परेको छ ? भने कसरी निराकरण गर्नुभयो ?

(च) सिकारुले पाठका चित्रका मिल्दा र नमिल्दा कुरा लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सिकारुलाई घरमा पुस्तकमा दिइएको स्वास्थ्य र जीवनशैली पाठ पढ्न लगाउनुहोस् र त्यसका बारेमा विभिन्न प्रश्न दिई सिकारुलाई उत्तर लेख्न लगाउनुहोस् । यस एकाइमा रहेका दुवै पाठका सन्दर्भमा शब्दार्थ, उच्चारण, प्रश्नोत्तर जस्ता कार्यकलाप गराउनुहोस् ।

(ज) सिकारुसँग उत्साह र कृतज्ञतामा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । उत्साह भनेको कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई काम गर्नका लागि प्रदान गर्ने हौसला हो । कृतज्ञता भनेको कुनै व्यक्तिले आफूलाई गरेको सहयोगप्रति गरिने आदर भाव हो । यस्ता उत्साह र कृतज्ञतासम्बन्धी भावले मानिसलाई अगाडि बढ्ने बाटो निर्माण गर्छन् ।

(झ) सहजकर्ताले कुनै दुई जना पात्रबिचको संवादात्मक प्रस्तुतिका माध्यमबाट उत्साह र कृतज्ञता प्रकट गरेको एउटा नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

**श्रेया :** मोहम्मद ! ल तिमीलाई बधाई छ है । आजको गायन प्रतियोगितामा तिमी उत्कृष्ट हुन सफल भयौ ।

**सबिन :** ओहो श्रेया ! यो तिमीले के भनेकी नि ? मेरो यस सफलताको सम्पूर्ण कारण त तिमी पो हौ । यदि तिमीले मलाई एक हप्ता अगाडिदेखि हौसला नदिएको भए म सायद प्रथम होइन, यस कार्यक्रममा सहभागी नै हुने थिइनँ ।

**श्रेया :** त्यसो होइन सबिन । मैले त मात्रै हौसला दिएकी हुँ । मिहिनेत त तिम्रो छ नि । फेरि तिमी त पहिल्यैदेखि राम्रै गाउने व्यक्ति हौ ।

**सबिन :** गाउन त गाउथेँ श्रेया तर मञ्चमा गएर कसरी बोल्ने ? कसरी उभिने आदि आदि कुरा तिमीले सिकायौ । नत्र त म मञ्चमा पुग्नासाथ काँप्ने मान्छे । केको सफल हुन्थेँ नि ?

**श्रेया :** भयो तिमीले तारिफ गर्न थालेपछि तिम्रो अगाडि त भगवान् पनि हार खान्छन् होला । बरु अर्को हप्ता हाम्रो गाउँपालिकाले नृत्य प्रतियोगिता आयोजना गरेको छ । त्यसका लागि भव्य तयारी थाल है । त्यसमा पनि हामी प्रथम हुनुपर्छ ।

**सबिन :** तिमीले प्रदान गरेका हरेक प्रेरणाले मलाई सफलता दिलाएको छ श्रेया । म तिमीप्रति अत्यन्तै कृतज्ञ छु । तिमीले भने झैँ म नृत्यको तयारी पनि गर्छु । बरु तिम्रो कविता लेखनले कस्तो गति लिँदै छ ? आउँदो कविता प्रतियोगितामा तिम्रो कविता उत्कृष्ट हुनुपर्छ । राम्रो तयारी गर है त ।

**श्रेया :** हुन्छ सबिन । सकेसम्म तयारी गरिरहेकी छु । छुट्टिने वेला पनि भएछ । भोलि भेटौँला है त ।

**सबिन :** हुन्छ श्रेया भोलि भेटौँला ।

(ञ) सिकारुले अभ्यास ९ समाधान गरी सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी कुनै स्वतन्त्र अनुच्छेद रचना प्रदर्शन गर्नुहोस् । प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणका रूपमा केही क्रियापद शब्द शैक्षणिक पाटीमा टिपेर देखाउनुहोस् । सहजकर्ताले उदाहरणमा टिपेकै प्रकृतिका शब्द सिकारुलाई पनि टिपेर प्रस्तुत गर्न लगाउनुहोस् । सिकारुले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाई छलफल गर्नुहोस् र आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् । क्रियापदका सम्बन्धमा सिकारुका जिज्ञासा लिनुहोस् र आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् । यसपछि भाषिक संरचना र वर्णविन्यासको १, २, ३, ४ र ५ अभ्यास गर्न लगाउनुहोस् र जाँचिदिनुहोस् ।

(ख) सहजकर्ताले शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत

गर्नुहोस् । जस्तै :

> उनीहरू गाउँसम्म पुग्दा पनि शरीरमा कुनै थकान थिएन । त्यहाँ पुग्नु नै उनीहरूका लागि सबैभन्दा आनन्ददायक क्षण पनि बनेको थियो । त्यहाँका रसिला उखु त उनीहरूलाई अमृतसमान नै भए भने पनि हुन्छ । भुटेका मकै कुटुक्क खाँदाको आनन्द उस्तै थियो । त्यहाँका मन्दिर उस्तै आनन्ददायक थिए । मन्दिरको खुत्रुकेमा केही चन्दा पनि राखिदिए । मनमा उकुसमुकुस भएका भावना पनि खुला भए । हिँडनु, रमाइलो गर्नु, समयमा काम गर्नु जीवनको रमाइलो क्षण रहेछ भन्ने बुझाइ पनि भयो ।

(ग) सहजकर्ताले प्रस्तुत गरेको अनुच्छेदबाट सिकारुले शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार प्रयोग भएका शब्द टिपेर देखाइदिनुहोस् :

शब्दको सुरुमा ह्रस्व उकार भएका शब्द :

शब्दको बिचमा ह्रस्व उकार भएका शब्द :

शब्दको अन्त्यमा ह्रस्व उकार भएका शब्द :

(घ) शब्दकोशको प्रयोग गरेर सिकारुलाई शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लागेका शब्द टिप्न सिकाउनुहोस् ।

## कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

## कार्यकलाप ६ : सिर्जनात्मक कार्य

(क) सहजकर्ताले निम्नलिखित आधारमा कुनै विषयमा अनुच्छेद रचना गर्न सिकाउनुहोस् :

- शीर्षक
- शीर्षवाक्य
- उपयुक्त वाक्यगठन
- वाक्य वाक्यको अन्तर्सम्बन्ध
- निष्कर्ष वाक्य

यी बुँदामा आधारित भई सहजकर्ताले कुनै एक शीर्षकमा लेखिएको अनुच्छेद प्रोजेक्टर वा चार्टपेपरमार्फत प्रदर्शन गर्नुहोस् । जस्तै :

> **फूलबारी**
>
> फूलबारी फूलको बगैँचा हो । यहाँ विभिन्न प्रकारका फूल फुलेका हुन्छन् । फूलबारीमा फूलको सुन्दरतालाई देखेर पुतली र चराहरू आउँछन् । फूल, चरा र पुतलीलाई एकै ठाउँमा देख्दा मानिसहरू खुसी हुन्छन् । मानिसहरूले आफ्नो घर, विद्यालय, कार्यालय, मन्दिर जस्ता विभिन्न ठाउँमा फूलबारी निर्माण गरेका हुन्छन् । यसले सबै ठाउँको शोभा बढाउँछ । फूलको सुन्दरता र सुवासले मानिसको मन आनन्दित हुन्छ ।

(ख) सिकारुलाई अनुच्छेद रचना गर्दा छोटा र सरल वाक्य लेख्ने, चार पाँच शब्दका वाक्य लेख्ने, एक वाक्यलाई अर्को वाक्यसँग जोडेर लेख्ने जस्ता कुरा सिकाउनुहोस् । सिकारुसँग छलफल गरेर निम्नलिखित बुँदाका आधारमा छोटो अनुच्छेद लेख्न लगाई जाँचिदिनुहोस् ।

- हाम्रो जीवनमा खेलकुदको अति आवश्यकता पर्ने
- काम गर्न शरीरका हरेक अङ्ग सबल हुनुपर्ने
- शरीर तन्दुरुस्त राख्न खेलकुदको ठुलो भूमिका रहने
- दौडेर खेल्ने खेलले शरीर फुर्तिलो बन्ने
- खेलकुदले शरीर स्वस्थ मात्र नभएर खेल व्यवसायमा लाग्न सकिने

## सबलीकरण कार्यकलाप

(क) सञ्चारका साधन किन प्रयोग गरिन्छ भन्ने विचार व्यक्त गर्न लगाउनुहोस् ।

(ख) दिइएको पङ्क्तिको आशय लेख्न लगाउनुहोस् :

विद्युतीय सञ्चार साधन अप्ठ्यारो परिस्थितिमा समेत सारथी बन्न सक्छ ।

(ग) शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(घ) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| निबन्धको संरचना पहिचान गराउँदा | |
| उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गराउँदा | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गराउँदा | |
| प्रश्नोत्तर गर्न सिकाउँदा | |
| अनुच्छेद रचना गर्न सिकाउँदा | |
| प्राविधिक पारिभाषिक शब्द र समूहवाचक शब्दको प्रयोग गराउँदा | |
| बुँदाका आधारमा अनुच्छेद लेख्न सिकाउँदा | |
| उत्साह र कृतज्ञतामा आधारित सञ्चार प्रवाह गर्न सिकाउँदा | |
| क्रियापदको पहिचान र प्रयोग गर्न सिकाउँदा | |

| | |
|---|---|
| शब्दको सुरु, बिच र अन्त्यमा ह्रस्व उकार भएका शब्दको पहिचान र प्रयोग गर्न सिकाउँदा | |
| निबन्धको संरचना पहिचान गराउँदा | |

**मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)**

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्षमता | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

## ४ विषय क्षेत्र वडाध्यक्षलाई निवेदन (निवेदन)

### १. परिचय

'वडाध्यक्षलाई निवेदन' व्यावहारिक लेखन विधाको चिठी हो । चिठी घरायसी, कार्यालयीय, निवेदन र व्यापारिक हुन्छन् । निवेदनमा व्यक्ति वा संस्थाका माग वा आवश्यकतालाई प्रस्ट रूपमा देखाई विनम्रताका साथ माग पूरा गराउनका लागि अनुरोध गरिन्छ। निवेदन औपचारिक प्रकृतिको हुन्छ। चिठीको शिक्षणमा सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर गराउनुपर्छ । चिठी लेखन सिपको विकास गराउँदा नमुना प्रदर्शन, चिठीका अङ्गको पहिचान, चिठीको प्रकृति पहिचान र लेख्ने तरिकामा केन्द्रित हुनुपर्छ। यस पाठबाट सुनाइ र बोलाइ सिपको विकासका लागि निवेदनको ढाँचाबोध, छलफल, विषयवस्तुको बोध, प्रश्न निर्माण, सूचना ग्रहण र सन्देश प्रवाह, प्रश्नोत्तर तथा छलफल, विषयवस्तु टिपोट र मौलिक अभिव्यक्ति गर्ने सिपको विकास गराउनुपर्छ। पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, विषयवस्तु बोध, संरचना पहिचान, प्रश्नोत्तर र सन्देश ग्रहण जस्ता भाषिक सिपको विकास गराउनुपर्छ। लेखाइ सिपको विकासका लागि लेखन ढाँचा पहिचान र शैली अनुकरण, अनुलेखन, प्रश्नोत्तर, निवेदन लेखन, बधाई ज्ञापन, निमन्त्रणा पत्र र शुभकामना पत्रको ढाँचा पहिचान र लेखन गर्ने सिपको विकास गराउनुपर्छ। भाषिक संरचना र वर्णविन्यासमा नामयोगी र क्रियायोगी शब्दको पहिचान तथा प्रयोग र दीर्घ ऊकार (सुरु, बिच, अन्त्य) को पहिचान र प्रयोग सिपको विकास गराउनुपर्छ। शब्दभण्डारमा पाठगत शब्दको अर्थबोध, वाक्यमा प्रयोग र शब्दस्रोतअन्तर्गत आगन्तुक शब्दको पहिचान गराउनुपर्छ भने भाषिक प्रकार्यमा कृतज्ञता प्रकट गर्ने सिपको विकास गराउनुपर्छ। श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ। यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ४ घण्टा र स्वनिर्देशिततर्फ १२ घण्टा गरी जम्मा १६ घण्टा समय निर्धारण गरिएको छ।

### २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न
(ख) निवेदनको संरचना पहिचान गर्न
(ग) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न
(घ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न
(ङ) प्रश्नोत्तर गर्न
(च) पर्यायवाची र आगन्तुक शब्दको परिचय दिई प्रयोग गर्न
(छ) निवेदन, निमन्त्रणापत्र, शुभकामना र बधाई पत्र तयार पार्न
(ज) चिठी लेख्न
(झ) कृतज्ञता ज्ञापनमा आधारित सञ्चार प्रवाह गर्न
(ञ) क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग गर्न
(ट) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार भएका शब्दको पहिचान र प्रयोग गर्न
(ठ) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचान र छलफल, सन्दर्भ पहिचान, निवेदनको संरचना, मौन पठन, सस्वर पठन, शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, पर्यायवाची शब्द, शब्दस्रोत (आगन्तुक शब्द), विकल्प पहिचान, मौखिक प्रश्नोत्तर, अनुलेखन, निवेदन लेखन र प्रस्तुतीकरण, शुभकामना तथा बधाई लेखन, विषयवस्तु टिपोट र वर्णन, भाषिक प्रकार्य (कृतज्ञता), श्रुतिबोध, क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग, दीर्घ ऊकार भएका शब्दको पहिचान र प्रयोग रहेका छन् ।

## ४. सामग्री

निवेदनका ढाँचा, शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, अर्थ र शब्दको तालिका, पर्यायवाची शब्दको तालिका, आगन्तुक स्रोतका शब्दसूची, प्रश्नसूची र उत्तरको नमुना, अनुच्छेद, निवेदन र निमन्त्रणापत्र, उत्तरको नमुना, शुभकामनाका नमुना, बधाईका नमुना, कृतज्ञता ज्ञापनको नमुना, सुनाइ पाठको श्रव्य सामग्री, क्रियायोगी तथा नामयोगी पदको सूची, शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार भएका शब्दको सूची, शब्दकोश आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) निवेदनका विभिन्न ढाँचा प्रदर्शन गर्दै सिकारुलाई सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(ख) सहजकर्ताले पूर्व पठन खण्डका चित्रहरू प्रस्तुत गर्नुहोस् र त्यसका बारेमा छलफल गराउनुहोस् ।

(ग) सिकारुले तलको चिठी सस्वर पठन गर्नुहोस् र त्यसका विषयवस्तुका बारेमा छलफल गर्नुहोस् :

मिति : २०८१/११/३०

**विषय : प्रतियोगितामा भाग लिन पाऊँ भन्ने सम्बन्धमा ।**

**महोदय,**

उपर्युक्त सम्बन्धमा हाम्रो सिकाइकेन्द्रले प्रत्येक वर्ष विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको छ । यस वर्ष पनि बुद्धिचाल, क्यारेमबोर्ड, फुटबल, भलिबल, क्रिकेट र ब्याटमिन्टन प्रतियोगिता आयोजना गर्ने जानकारी केन्द्रको सूचनापाटीबाट थाहा पाएँ । मेरो रुचि फुटबल खेलतर्फ रहेको छ । फुटबल प्रशिक्षकले मलाई विद्यालयमा यो खेल खेल्न सिकाउनुभएको छ । मैले बिदाका दिनमा घरनजिकैको चउरमा फुटबल खेल्ने अभ्यास पनि गरेको छु । मभित्र यस खेलमा सफलता पाउन सक्छु भन्ने आत्मविश्वास छ । त्यसैले यस वर्ष आयोजना गरिने प्रतियोगितामा मलाई फुटबल टिममा सहभागी हुने अवसर प्रदान गर्नुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक

रहमान अन्सारी

## मुख्य सिकाइ कार्यकलाप

### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पाठको निवेदन पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् ।

**उपर्युक्त** : माथि बताइएका

**सर्वविदितै** : सबैलाई थाहा भएकै

**श्रमदान**: ज्याला नलिई वा लिएर गरिने काम

**विनम्र** : धेरै नम्र, झुकेको

### कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई पुस्तकको चिठी पढ्न लगाउनुहोस् । यसपछि तलको जस्तो तालिका प्रस्तुत गरी धेरै शब्दका सट्टा एक शब्दले दिने अर्थ बताइदिनुहोस् ।

| समूह क | समूह ख |
|---|---|
| खुट्टाले हानेर खेलिने खेल | फुटबल |
| कुनै काम पूरा गर्नका लागि पहिलेदेखि गरिएको प्रबन्ध | आयोजना |
| खेतीपाती नगरिने खुला ठाउँ | चउर |
| दोहोऱ्याई तेहेऱ्याई गरिने काम | अभ्यास |
| कुनै कामका लागि गरिने आग्रह | अनुरोध |

**यसपछि पुस्तकको शब्दभण्डार खण्डको अभ्यास १ गर्न निर्देश गर्नुहोस् ।**

(ख) अभ्यास २ मा पर्यायवाची शब्दसम्बन्धी जोडा मिलाउने अभ्यास दिइएको छ । पहिले सिकिसकेको ज्ञानका आधारमा सिकारुले यो अभ्यास गर्नुहोस् ।

(ग) सिकारुले तोकेको कार्य सम्पन्न गरेपछि त्यसलाई कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् । सिकारुको प्रस्तुतीकरण सकिएपछि शिक्षक आफूले तयार पारी ल्याएको पर्यायवाची शब्दसूची प्रदर्शन गरी त्यसको थप धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

- आमा - माता, मुमा, मा
- घाम - सूर्य, भास्कर
- पात - पत्र, पत्ता
- भाद्र - भदौ

(घ) सिकारुलाई पुस्तकको अभ्यास २ को उदाहरण प्रस्तुत गर्दै नेपाली भाषामा नेपालभित्र र बाहिरका अन्य भाषाका शब्दले समेत स्थान पाएको कुरा स्पष्ट पारिदिनुहोस् । यसकै साथमा उपकरण, आत्मनिर्भर, जनशक्ति, रुचि, मौका, बिदा शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ङ) सहभागीले अभ्यासको ५ नं समाधान गरी सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई निवेदन सस्वर पठन गरी पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई टिपोट गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस् । जस्तै :

उपर्युक्त : /उ.पर्.युक्.त/

बुद्धिचाल : /बुद्.धि.चाल्/

प्रशिक्षक /प्र.सिक्.क्षक्/

(ख) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) यसरी नै बोध र अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्दको शुद्ध उच्चारण अभ्यास गराउनुहोस् ।

(घ) सिकारुले पाठको अभ्यास ३ को चिठी पढी त्यसको प्रत्युत्तर लेखेर सहजकर्तालाई देखाई सुझाव लिनुहोस् ।

(ङ) सिकारुले बोध र अभिव्यक्ति खण्डको अभ्यास न. ५ मा दिएको निमन्त्रणा पत्र मनमनै पढ्नुहोस् । मौन पठनको कार्य सकिएपछि सिकारुलाई त्यसका बारेमा केही प्रश्न सोध्नुहोस् । सिकारुले उत्तर दिएपछि पहिले पढिसकिएका आधारमा निवेदनको तलको संरचनाअनुसार अभ्यास नं ६ गरेर सहजकर्तालाई देखाउनुहोस् ।

### निवेदनको ढाँचा

मिति : ................

सम्बोधन : ......................

संस्था : ......................

ठेगाना : ........................

विषय : .........................................

**महोदय,**

(विषयले सङ्केत गरेको कुरालाई विस्तृत रूपमा स्पष्ट पार्दै विनम्रतापूर्वक आफना माग राख्नुपर्ने र माग राख्नुका कारणसमेत खुलाउने)

निवेदक

........................

(च) सहजकर्ताले सामाजिक सञ्जालमा भेटिएका विभिन्न शुभकामना, बधाई, निमन्त्रण र सूचनाका नमुना प्रस्तुत गर्नुहोस् । यसपछि सिकारुले तलका नमुना पढी कुनै पनि विषयमा त्यस्तै नमुना बनाई प्रदर्शन गर्नुहोस् :

## नमुना १ : शुभकामना

### हार्दिक शुभकामना !

यस सिकाइ केन्द्रमा अध्ययनरत सिकारुले आयोजना गर्न लागेको बाल कथा महोत्सव भव्य रूपमा सम्पन्न होस् भन्दै पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्छु ।

हरेराम हमाल

प्रधानाध्यापक

खाडीचौर सिकाइ केन्द्र, सिन्धुपाल्चोक

## नमुना २ : बधाई पत्र

### हार्दिक बधाई !

यस सिकाइ केन्द्रमा अध्ययनरत सिकारु सामना प्रजाले केन्द्रको वार्षिकोत्सवका अवसरमा प्रदर्शन गरेको नृत्य सर्वोत्कृष्ट ठहरिएकाले आगामी दिनमा उहाँको थप प्रगतिको कामनासहित हार्दिक बधाई ज्ञापन गर्छौं ।

तह २ का सिकारु

नमुना मच्छिन्द्र सिकाइ केन्द्र

लगनखेल, ललितपुर

## नमुना : ३ निमन्त्रणा पत्र

### हार्दिक निमन्त्रणा

श्री ........................ ज्यू,

हाम्रा आयुष्मान् सुपुत्र सन्तोष कटुवालको चापाकोट नगरपालिका ३, स्याङ्जा निवासी सुन्दर सुवेदी र शर्मिला सुवेदीकी आयुष्मती सुपुत्री चन्दा सुवेदीका साथ सुसम्पन्न हुने शुभविवाहमा उपस्थित भई वरवधूलाई आशीर्वाद प्रदान गरिदिनुहुन हार्दिक निमन्त्रणा गर्छौं ।

| **कार्यक्रम** | **दर्शनाभिलाषी** | **प्रार्थी** |
|---|---|---|
| **जन्ती प्रस्थान** | **काकाकाकी :** | हर्कबहादुर कटुवाल |
| **मिति :** २०८१ वैशाख ३ गते | सुधिर कटुवाल | भूमिका कटुवाल |
| | राधा कटुवाल | |
| **प्रीतिभोज** | **दाजुभाउज्यू :** | |
| **मिति :** २०८१ वैशाख ५ गते | रञ्जित कटुवाल | |
| **स्थान :** निजी निवास, तनहुँ | रजनी कटुवाल | |

**तथा समस्त कटुवाल परिवार**

## नमुना ४ : सूचना

### सूचना

२०८० साल जेठ २२ गते सोमबार बुद्धपूर्णिमाका दिन सार्वजनिक पुस्तकालय बन्द रहने बेहोरा सम्बन्धित सबैमा सूचित गरिएको छ ।

प्रमुख

सार्वजनिक पुस्तकालय, खैरहनी, बाँके

(छ) सिकारुले रेडियो वा टेलिभिजनमा प्रसारित कुनै कार्यक्रम सुनेर त्यसका मुख्य विषयवस्तु टिपोट गर्नुहोस् र साथीलाई सुनाउनुहोस् ।

(ज) सिकारुसँग कृतज्ञतामा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । शिक्षकले कृतज्ञता प्रकट गरेको एउटा नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

### हार्दिक कृतज्ञता

मेरो नाम असिहाङ लिम्बू हो । हाल म तह २ मा पढदै छु । म तह १ देखि नै अब्बल हुँदै आएको छु र अहिले पनि म तह २ को अब्बल छात्र हुँ । अब्बल भएकै कारण म सबै सहजकर्ताका नजरमा प्यारो पनि छु । म यसरी सबैका आँखामा प्यारो हुनु र सधैँ अब्बल स्थान हासिल गर्नुमा मेरी काकीको भूमिका महत्त्वपूर्ण छ । उहाँले मलाई सधैँ पढाइमा प्रेरित गर्नुहुन्छ । मेरो स्वास्थ्य र पढाइप्रति उहाँ सधैँ चासो राख्नुहुन्छ । मलाई असल व्यवहार र राम्रा संस्कार सिकाउनुहुन्छ । त्यसैले उहाँ मेरी काकी मात्र होइन, आमा, बुबा, गुरु र भगवान्‌समान हुनुहुन्छ । उहाँले मलाई दिनुभएको असल व्यवहारप्रति सदैव आभारी छु । मेरी काकीले मेरा लागि गर्नुभएको यस गुनलाई कहिल्यै बिर्सने छैन र यसका लागि म उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्छु ।

(झ) बोध र अभिव्यक्तिको अभ्यास १२ मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढी निर्देशानुसार काम गरेर सहजकर्तालाई देखाउनुहोस् ।

(झ) सिकारुले तलको चिठी पढ्नुहोस् र यसको प्रत्युत्तर लेख्नुहोस् :

**प्यारी भान्जी,** **मिति : २०८०।०८।१२**

**मिठो सम्झना र आशीर्वाद !** **नक्साल, काठमाडौँ**

तपाईँले पठाएको पत्र पाएँ । त्यहाँ सबै जना सन्चै हुनुहुँदो रहेछ । यहाँ पनि हामी सबै आरामै छौँ । भान्जी ! तपाईँको पत्र पढेपछि म निकै खुसी भएँ । तपाईँको हिम्मत, चाहना र आत्मविश्वास देखेर गर्व लाग्यो । आफूमा अपाङ्गता हुँदाहुँदै तपाईँले सोचेका कुरा साँच्चिकै महान् छन् । अपाङ्गता भएकै कारण चुपचाप बस्नुपर्छ भन्ने छँदै छैन । मानिस जुनसुकै कारणबाट पनि अपाङ्गताको अवस्थामा पुग्न सक्छन् । हो, तपाईँले भने झैँ अपाङ्गता भएकाहरूमा विशेष क्षमता हुन्छ । उनीहरूले उपयुक्त अवसर पाउने हो भने जुनसुकै काम गर्न सक्छन् । भान्जी ! तपाईँसँग केही कुरा गरूँ जस्तो लागिरहेको थियो । तपाईँको पत्र पाएपछि त म झन् धेरै उत्साही भएको छु । यहाँ एउटा राम्रो विद्यालय रहेछ । यो अपाङ्गतामैत्री आवासीय विद्यालय हो । मैले यसलाई नियालेर बुझ्ने कोसिस गरेँ । दृष्टिविहीनहरूले पढाइलेखाइ गरिरहेको देखेँ । ब्रेललिपि र श्रव्य सामग्रीलाई सजिलैसित उपयोग गरिरहेको पाएँ ।

कम देख्नेहरूका लागि पनि पढाइ लेखाइसम्बन्धी धेरै प्रकारका उपकरण हुँदा रहेछन् । ठुलो छापासहित डिजिटल सामग्रीको प्रयोग गर्दा रहेछन् । कान नसुन्ने र बोल्न नसक्नेहरू साङ्केतिक भाषाका माध्यमबाट सिक्दा रहेछन् । कान कम सुन्ने र कम बोल्नेहरू साङ्केतिक रूपमा छलफल गरिहेको पाएँ । कति सजिलै नोट्टेकरको प्रयोग गरिँदो रहेछ । हिँड्न नसक्नेहरूले बसी बसी कम्प्युटर चलाइरहेको देखेँ । कतिपयले मादल, गितार र हारमोनियम बजाइरहेको पाएँ । शारीरिक अपाङ्गता हुनेहरू कोही पनि खाली हुँदा रहेनछन् । उनीहरू केही न केही पढिरहेका, लेखिरहेका, खेलिरहेका र सिकिरहेका हुँदा रहेछन् । वास्तवमा यो विद्यालय तालिम दिने ठाउँ पनि रहेछ । अपाङ्गता भएकाहरूलाई आत्मनिर्भर बनाउने थलो रहेछ । यहाँ त शिक्षादीक्षा र तालिमको कुनै कमी पाइनँ । अपाङ्गताअनुकूल सिकाइको व्यवस्थापन गरिएको देखेँ । प्राविधिक शिक्षा र तालिम दिने जनशक्ति प्रशस्त पाइँदा रहेछन् । 'अपाङ्गता हुनेहरूले गुणस्तरीय जीवन बाँच्न सकुन् ।' विद्यालयको उद्देश्य पनि यही नै रहेछ । अपाङ्गताअनुकूल दौँतरी सिकाइ र मूल्याङ्कनको व्यवस्था रहेछ । क्षमताको विकासमा जोड दिइँदो रहेछ । सिपअनुसारको कार्यक्रममा सहभागी गराइँदो रहेछ । अपाङ्गता भएकालाई छात्रवृत्ति दिइँदो रहेछ । त्यसमा पनि अनाथ, गरिब तथा असहायहरूलाई त अझ विशेष छात्रवृत्तिको व्यवस्था रहेछ ।


प्यारी भान्जी ! तपाईँले सोचे जस्तै अबका दिन पनि बित्ने छन् । तपाईँले आफूभित्रको क्षमतालाई विकास गर्न सक्नुहुने छ । यही वैशाखमा तपाईँ यहाँ आउनुपर्छ । यहाँ आउँदा आमाबुबालाई पनि सँगै लिएर आउनुहोला । भेटमा विस्तृत कुरा गरौँला । आजलाई यति भन्दै कलम बन्द गर्दछु ।

उही तपाईँलाई माया गर्ने मामा

आशलाल महर्जन

**चिठी लेखिसकेपछि तलको जस्तै गरी खाम पनि बनाउनुहोस् :**

**नमुना**




## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी क्रियायोगी र नामयोगी शब्दको प्रयोग भएको स्वतन्त्र अनुच्छेद रचना प्रदर्शन गर्नुहोस् । प्रस्तुत गरिएको अनुच्छेदबाट उदाहरणका रूपमा केही क्रियायोगी र केही नामयोगी शब्द टिपेर देखाउनुहोस् । शिक्षकले उदाहरणमा टिपेकै प्रकृतिका शब्दहरू सिकारुलाई पनि टिपेर

प्रस्तुत गर्न लगाउनुहोस् । सिकारुले टिपोट गरेका शब्द प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् । शिक्षकले केही मेटाकार्डमा क्रियायोगी र केही मेटाकार्डमा नामयोगी शब्दहरू लेख्नुहोस् र निश्चित समय तोकेर सिकारुलाई क्रियायोगी शब्दहरू र नामयोगी शब्दलाई अलग अलग ठाउँमा राख्न लगाउनुहोस् । सिकारुले क्रियायोगी र नामयोगी शब्द पहिचान गर्न नसकेमा सहयोग गर्नुहोस् । वाक्यमा आएको क्रियापदसँग नजिकको सम्बन्ध राखी क्रियापदको विशेषता जनाउने शब्द क्रियायोगी र नाम वा सर्वनामसँग जोडिएर आउने पद नामयोगी हो भन्ने कुरा उदाहरणसहित सिकारुलाई सिकाउनुहोस् ।

(ख) सिकारुले भाषिक संरचना र वर्णविन्यासको १ र २ अभ्यास तथा आफ्नै अनुभवका आधारमा ३ र ४ का अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

(ग) शिक्षकले शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार लागेका शब्द प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । जस्तै :

> छठमा सूर्यको पूजा गरिन्छ । म मामामाइजूसँग छठ हेर्न पूर्वतर्फ जान्छु । तिमी भने पश्चिमतिर जाऊ । मूल रूपमा जता गए पनि छठ हेर्न पाए त भयो नि । तिमी भाउजूसँग हिमालतर्फ जाऊ । त्यहाँ उनकी फुपू पनि आउनुहुन्छ । शिवले त्रिशूल गाडेका ठाउँ पनि त्यहाँ छन् । हिमाली भेगमा भेडाको उनबाट बनेका लुगा लगाउन पाइन्छ । समूहमा मयूर नाचेको साथै सूर्योदयको अपूर्व दृश्य पनि त्यहाँबाट हेर्न पाइन्छ ।

(घ) सिकारुले उदाहरण अनुच्छेदबाट निम्नानुसार शब्द टिपेर देखाउनुहोस् । जस्तै :

शब्दको सुरुमा दीर्घ ऊकार भएका शब्द :

शब्दको बिचमा दीर्घ ऊकार भएका शब्द :

शब्दको अन्त्यमा दीर्घ ऊकार भएका शब्द :

## कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

## कार्यकलाप ६ : परियोजना कार्य (स्वनिर्देशित)

सिकारुले आफ्ना आफन्त वा छिमेकमा कसैको विवाह वा अन्नप्राशनका वा अन्य धार्मिक कार्यका लागि तयार पारिएको निमन्त्रणा पत्र सङ्कलन गर्नुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) आफ्ना साथीलाई परीक्षाका लागि दिइने शुभकामना तयार गर्न लगाउनुहोस् ।

(ख) तपाईँको मिल्ने साथीले ४ जिपिए प्राप्त गर्दा दिने बधाईको नमुना तयार पार्न लगाउनुहोस् ।

(ग) पाठबाट पाँच पाँचओटा क्रियायोगी र नामयोगी शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(घ) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ङ) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गराउँदा | |
| निवेदनको संरचना पहिचान गराउँदा | |
| उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गराउँदा | |
| नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न सिकाउँदा | |
| पर्यायवाची र आगन्तुक शब्दको परिचय दिई प्रयोग गर्न सिकाउँदा | |
| निवेदन, निमन्त्रणापत्र, शुभकामना, बधाई पत्र र चिठी लेख्न सिकाउँदा | |
| क्रियायोगी र नामयोगी शब्दको पहिचान र प्रयोग गर्न सिकाउँदा | |
| शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार भएका शब्दको पहिचान र प्रयोग गर्न सिकाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्षमता | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर                अभिभावकको हस्ताक्षर

# ५ विषय क्षेत्र नाटककार बालकृष्ण सम (जीवनी)

## १. परिचय

'नाटककार बालकृष्ण सम' नेपाली साहित्यको नाटक क्षेत्रमा विशेष योगदान पुऱ्याएका बालकृष्ण समको जीवनी हो । समाज, राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । जीवनी शिक्षणअन्तर्गत सम्पन्न गरिने क्रियाकलापबाट सिकाइमा गति, यति मिलाएर पाठ्य सामग्रीको सस्वर पठन गर्ने, मौन पठन गर्ने, बोधात्मक क्षमताको विकास गर्ने, जीवनी रचना गर्ने, घटना टिपोट तथा वर्णन गर्ने, घटनाक्रम मिलाउने र सारांश लेख्ने सिपको विकास गराउनुपर्छ । जीवनीमा व्यक्ति विशेषका योगदान, सङ्घर्षमय जीवन, प्रेरणालगायतका विषयवस्तु हुने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ । यस पाठको शिक्षण सस्वर पठन, मौन पठन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, विश्लेषण, निबन्ध लेखन अभ्यास जस्ता क्रियाकलापमा केन्द्रित हुनुपर्छ । यस पाठमा सुनाइ तथा बोलाइ सिपको विकासका लागि प्रतिक्रिया, तथ्य पहिचान र प्रस्तुति, व्यक्तिवृत्त वर्णन, विषयवस्तुको धारणा निर्माण र प्रस्तुति, प्रश्नोत्तर, छलफल, अनुमान, घटना विस्तार र प्रस्तुति जस्ता पाठयवस्तु समावेश गरिएको छ । पढाइ सिपको विकासका लागि समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र विषयवस्तु बोध, द्रुत पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, प्रश्नोत्तर र सन्देश ग्रहण जस्ता भाषिक सिपको विकास गराउनुपर्छ । लेखाइ सिपको विकासका लागि घटना टिपोट र मिलान, प्रश्नोत्तर, श्रुतिलेखन, चित्र वर्णन, व्यक्तिगत विवरण बुँदा टिपोट, जीवनी लेखन सिपको विकास गराउनुपर्छ । भाषिक संरचनामा निपात, विस्मयादिबोधक र संयोजक शब्दको पहिचान तथा प्रयोग गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत ब' र व' को पहिचान र प्रयोग सिपको विकास गराउनुपर्छ । शब्दभण्डारमा पाठगत शब्दको अर्थबोध, श्रुतिसमभिन्नार्थी शब्द पहिचान र वाक्यमा प्रयोग गराउनुपर्छ । भाषिक प्रकार्यमा आदर्श अनुकरण गर्ने सिपको विकास गराउनुपर्छ । सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका र आवश्यकताअनुसार अन्य विविध थप अभ्यास गराउन सक्नुहुने छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ । यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ४ घण्टा र स्वनिर्देशिततर्फ ११ घण्टा गरी जम्मा १५ घण्टा समय निर्धारण गरिएको छ ।

## २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्ने

(ख) जीवनीको संरचना पहिचान गर्ने

(ग) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्ने

(घ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने

(ङ) प्रश्नोत्तर गर्ने

(च) जीवनीको सस्वरपठन, मौन पठन र द्रुत पठन गर्ने

(छ) श्रुतिसमभिन्नार्थी शब्दको पहिचान गरी प्रयोग गर्ने

(ज) निर्दिष्ट बुँदालाई पाठ्य जीवनीका आधारमा क्रम मिलाई लेख्ने

(झ) जीवनीका मुख्य विषयवस्तु टिपोट गर्न र भाव बताउन

(ञ) बालकृष्ण समले नाटकका क्षेत्रमा पुऱ्याएका योगदानको वर्णन गर्न

(ट) व्यक्तिगत विवरणको संरचना पहिचान गरी व्यक्तिगत विवरण तयार पार्न

(ठ) पारिवारिक चालचलनमा आधारित सञ्चार प्रवाह गर्न

(ड) निपात, विस्मयादिबोधक र संयोजक शब्दको पहिचान र प्रयोग गर्न

(ढ) बुँदाका आधारमा जीवनी तयार पार्न

(ण) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचान र छलफल, सन्दर्भ पहिचान, जीवनीको संरचना, मौन पठन, सस्वर पठन, शुद्धोच्चारण, शब्दार्थ,वाक्यमा प्रयोग, श्रुतिसमभिन्नार्थक शब्द, मौखिक प्रश्नोत्तर, अनुलेखन, विषयवस्तु टिपोट र वर्णन तथा भावार्थ, व्यक्तिगत विवरण (संरचना पहिचान र लेखन), भाषिक प्रकार्य (पारिवारिक चालचलन), श्रुतिबोध, निपात, विस्मयादिबोधक र संयोजक शब्दको पहिचान र प्रयोग सिर्जनात्मक कार्य रहेका छन् ।

## ४. सामग्री

जीवनीको संरचना देखाउने तालिका, शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, अर्थ र शब्दको तालिका, श्रुतिसमभिन्नार्थक शब्द तालिका, उत्तरको नमुना, अनुच्छेद, व्यक्तिगत विवरणको संरचना र नमुना, भाषिक प्रकार्य (पारिवारिक चालचलन), सुनाइ पाठको श्रव्य सामग्री, निपात, विस्मयादिबोधक र संयोजक शब्दको तालिका, जीवनीका लागि बुँदा र जीवनी लेखनको नमुना, शब्दकोश आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) पूर्वपठनमा लिइएका चित्रको वर्णन गर्दै महान् व्यक्तिका योगदानबारे बताइदिनुहोस् ।

(ख) सहजकर्ताले कोही महान व्यक्तिले गरेका महत्त्वपूर्ण योगदान र त्यस योगदानले मानव जातिलाई पुऱ्याएको सकारात्मक असरबारे सिकारलाई सुनाउनुहोस् र सिकाइका लागि ध्यानाकर्षण गराउनुहोस् ।

(ग) सिकारुलाई तलको अंश पढेर आफूले बुझेका कुरा भन्न लगाउनुहोस् :

> मानिसको जन्मदेखि मृत्युसम्मका घटना विवरण नै जीवनी हो । मानिसले जीवनभरि गरेका कामकुराको इतिहास जीवनी हो । यसले व्यक्तिको जीवनलाई चित्रण गर्छ । जीवनीमा बाल्यकाल, पारिवारिक जीवन, योगदान आदिको सिलसिलाबद्ध वर्णन गरिएको हुन्छ ।

(घ) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आधारमा यस पाठमा केकस्ता विषयवस्तु समावेश गरिएको होला ? सिकारुले अनुमान गरी भन्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले जीवनी पाठ पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ

पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । शब्दार्थ सिकाउन सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| चर्चित | चर्चा गरिएको, वर्णन गरिएको |
| सम्पन्न | धनी |
| प्रारम्भिक | सुरुको |
| स्वाध्ययन | अरूको सहयोग नलिई आफैँले गर्ने अध्ययन |

(ख) सिकारुले पाठ पढी पाठमा दिइएका शब्द र तिनका अर्थ कापीमा सारेर पढ्नुहोस् ।

## कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई पुस्तकको जीवनी पढ्न लगाउनुहोस् । यसपछि शब्दभण्डार खण्डको अभ्यास १ गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(ख) सिकारुले चर्चित, धाईआमा, ग्रन्थ, घरायसी, विषयवस्तु, दुःखान्त शब्दलाई वाक्यमा प्रयोग गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(ग) सहजकर्ताले तलको जस्तो अनुच्छेद प्रस्तुत गरी सिकारुलाई उस्तै सुनिने शब्द टिपोट गरी प्रस्तुत गर्न लगाउनुहोस् :

सीता खोलाको तीर हुँदै घरतिर लागिन् । उनी घर पुग्दा फूलको बोटनजिकै कुखुराले फुल पारेको थियो । उनले फुल टिपिन् र घरभित्र पसिन् । चरा पनि बाँसको झ्याङमा बास बस्न आइपुगेका थिए । अर्को दिन सीताले चराका लागि चारोका रूपमा भातका सिता दिइन् ।

(घ) सिकारले प्रस्तुत गरेपछि सहजकर्ताले ती शब्दले प्रदान गर्ने फरक फरक अर्थका बारेमा छलफल गराउनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| तीर | खोलाको किनार |
| तिर | तर्फ |
| फूल | पुष्प |
| फुल | अन्डा |
| बाँस | एक किसिमको वनस्पति |
| बास | बस्ने ठाउँ, घर |
| सीता मान्छेको नाम | |
| सिता | भातको सानो अंश |

(ङ) उपर्युक्त शब्दार्थ र आवश्यकतानुसार वाक्य निर्माणसहित सिकारलाई श्रुतिसमभिन्नार्थक शब्द भनेको सुन्दा उस्तै सुनिने तर लेखाइ र अर्थमा भिन्न हुने शब्द हुन भन्ने कुरा बताउनुहोस् । जस्तै :

- टाप शब्दको उस्तै सुनिने शब्द ..ताप... हो ।
- दिन शब्दको उस्तै सुनिने शब्द ...दीन.... हो ।
- भाँडा शब्दको उस्तै सुनिने शब्द ...भाडा... हो ।
- जाति शब्दको उस्तै सुनिने शब्द ...जाती... हो ।
- खालि शब्दको उस्तै सुनिने शब्द ...खाली... हो ।

साथै सहभागीले अभ्यासको ३, ४ र ५ नं समाधान गरी सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई नाटककार बालकृष्ण सम पाठ सस्वर, मौन र द्रुत पठन गरी पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई टिपोट गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस्, जस्तै :

| | |
|---|---|
| बालकृष्ण : /बाल्.क्रिस्.न/ | बाल्यकाल : /बाल्.ल्य.काल्/ |
| ज्ञानेश्वर : /ग्या.नेस्.स्वर/ | म्याट्रिक : /म्याट्. ट्रिक्/ |
| शीर्षक : /सिर्.सक्/ | पुष्कर : /पुस्.कर्/ |
| साहित्यिक : /सा.हित्.त्यिक/ | आकर्षित/आ.कर्.सित्/ |
| अङ्ग्रेजी : /अङ्.ग्रे.जि/ | संस्थापक : /संस्.था.पक्/ |
| सेक्सपियर : /सेक्स्.पि.यर्/ | पद्य : /पद्.द्य/ |
| अध्यक्ष : /अद्.द्यक्.छ्य/ | |

(ख) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) सहजकर्ताले जीवनी बन्नका लागि के के कुरा चाहिन्छ भन्ने कुरा बताउँदै सिकारको स्तर सुहाउँदो ढङ्गबाट जीवनीको संरचना प्रस्ट पारिदिनुहोस् । यसका लागि संरचना तालिका प्रदर्शन गर्नुहोस् । जस्तै :

### जीवनीको संरचना

- शीर्षक
- नाम
- जन्ममिति र जन्मस्थान
- बुबाआमाको नाम
- बाल्यकाल
- शिक्षा
- विवाह/ सन्तान
- योगदान वा संलग्नता
- कृति
- पुरस्कार
- पाइने प्रेरणा
- निधन (निधन भएको हकमा मात्र)

यसै संरचना तालिकामा आधारित रही सहजकर्ता स्वयमले तयार पारेको एउटा जीवनी पनि नमुनाका रूपमा देखाउनुहोस् ।

(घ) सिकारुले पाठ पढ्नुहोस् । पाठ पढ्दा घडी हेरेर छिटो छिटो पढी साथीलाई सुनाउने पनि गर्नुहोस् र तलका प्रश्नको उत्तर लेखेर देखाउनुहोस् । उत्तर लेख्दा पूर्ण वाक्यात्मक तथा प्रश्नको ढाँचाअनुसार लेख्नुहोस् : जस्तै :

प्रश्नोत्तरको नमुना प्रश्न : बालकृष्ण समको जन्म कहिले र कहाँ भएको थियो ?

उत्तर : बालकृष्ण समको जन्म १९५९ माघ २४ गते काठमाडौँको ज्ञानेश्वरमा भएको थियो ।

(अ) समले सानैमा के के पढेका थिए ?

(आ) समले के के लेखे ?

(इ) कुन चाहिँ ऐतिहासिक नाटक हो ?

(ई) सम प्रज्ञा प्रतिष्ठानका के के बने ?

प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास यसरी नै गराउँदै सिकारले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । बोध प्रश्नोत्तरसम्बन्धी थप प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी अभ्यास गराउनुहोस् ।

(ङ) सिकारलाई एउटा चार्टपेपर उपलब्ध गराउनुहोस् र दिइएको निर्देशनका आधारमा प्रश्न नं ५ मा दिइएका बुँदालाई जीवनीको घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् । यसका लागि सहजकर्ताले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । बुँदाको क्रम यसप्रकार हुनुपर्छ ।

(१) बालकृष्ण समलाई हेरचाह गर्न सुसारे र धाईआमाको व्यवस्था गरिएको थियो ।

(२) बालकृष्ण सम दरबार हाईस्कुल भर्ना भए ।

(३) वि.सं. १९७७ मा ‘तानसेनको झरी’ नाटक रचना गरे ।

(४) बालकृष्ण समले दरबार हाईस्कुल र त्रिचन्द्र कलेजमा पढाए ।

(५) बालकृष्ण सम गोरखापत्रको सम्पादक भए ।

(६) बालकृष्ण सम पृथ्वी प्रज्ञा पुरस्कारबाट सम्मानित भए ।

(७) उनको देहवसान वि.सं. २०३८ साउन ६ गते भयो ।

(च) तोकिएको कार्य पूरा गरिसकेपछि आफूले तयार गरेको घटनाक्रम मिलाइएको तालिका प्रदर्शनी पाटीमा टाँसी प्रस्तुत गर्न प्रत्येक समूहलाई अवसर दिनुहोस् र अन्त्यमा सहजकर्ता आफूले पाठ्य जीवनीका आधारमा तयार गरी ल्याएको बुँदा क्रमबद्ध रूपमा लेखिएको सूची प्रदर्शन गरी अन्तिम निष्कर्ष दिनुहोस् ।

(छ) सहजकर्ताले कुनै महान् व्यक्तिको तस्बिरलाई सम्भव भएसम्म प्रोजेक्टरमार्फत प्रस्तुत गरी सिकारलाई चित्रमा देखिएका व्यक्तिका बारेमा अध्ययन र छलफल गर्न लगाउनुहोस् र सङ्क्षिप्त जीवनी पनि बताइदिनुहोस् । चित्र अध्ययन तथा छलफलको कार्य सकिएपछि चित्रमा देखिएका व्यक्तिको बारेमा एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

(ज) सिकारुले पाठ पढी समका बारेमा मुख्य मुख्य विषयवस्तुलाई नदोहोरिने गरी टिप्नुहोस् र त्यसलाई अनुच्छेदमा प्रस्तुत गर्नुहोस् । सहजकर्ताले पनि बालकृष्ण समको योगदानको वर्णन गरिएको भावार्थको नमुनापत्र प्रोजेक्टर वा चार्टपेपरमा प्रस्तुत गर्नुहोस् । जस्तै :

बालकृष्ण सम नेपाली साहित्यका महान नाटककार हुन् । उनले नेपाली नाटकको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले धेरै नाटक लेखेका छन् । उनको सबैभन्दा पहिले लेखिएको नाटक चाहिँ तानसेनको झरी' हो । यो नाटक वि.सं. १९७७ मा लेखिएको थियो । त्यसपछि उनले अनेकौँ नाटक, एकाङ्की आदि लेखे । तानसेनको झरी' पहिले नै लेखेका भए पनि मुटुको व्यथा' १९८६ सालमा प्रकाशन भएको थियो । यसकारण मुटुको व्यथा' लाई समको पहिलो प्रकाशित नाटक मानिन्छ । यो नेपाली साहित्यकै पहिलो मौलिक नाटक पनि हो । यसपछि उनका मुकुन्द इन्दिरा', अन्धवेग', म', प्रह्लाद' ध्रुव जस्ता अनेकौँ नाटक प्रकाशित भए । उनका यस्ता नाटक तत्कालीन समयमा विभिन्न ठाउँमा मानिसहरूले अभिनय गरेर देखाउने पनि गर्दथे । उनका नाटकले गर्दा नेपाली भाषाले परिस्कृत हुने राम्रो मौका पायो । यसर्थ नेपाली नाटकको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका कारण समलाई नेपाली साहित्यमा नाटयसम्राट पनि भनिन्छ ।

(झ) सहजकर्ताले व्यक्तिगत विवरणसम्बन्धी संरचना लेखिएको चार्ट प्रदर्शन पाटीमा प्रदर्शन गर्नुहोस् । जस्तै :

**व्यक्तिगत विवरणको संरचना**

नाम :

जन्ममिति :

जन्मस्थान :

बुबाको नाम :

आमाको नाम :

स्थायी ठेगाना :

राष्ट्रियता :

रुचि :

शिक्षा :

(ञ) सहजकर्ताले प्रस्तुत गरेको व्यक्तिगत विवरणका आधारमा सिकारुले आफ्नो व्यक्तिगत विवरण बनाई प्रस्तुत गर्नुहोस् । जस्तै :

**नाम** : लक्ष्मी मेहता

**जन्ममिति** : २०६७/०२/०३

**जन्मस्थान** : कटहरनिया, धनुषा

**बुबाको नाम** : बुधना मेहता

**आमाको नाम** : परवनी मेहता

**स्थायी ठेगाना** : भरतपुर ७, चितवन

**राष्ट्रियता** : नेपाली

**रुचि** : गायन

**शिक्षा** : तह २

(ट) सिकारसँग असल चालचलनमा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । सहजकर्ताले कुनै दुई जना पात्रबिचको संवादात्मक प्रस्तुतिका माध्यमबाट असल चलन वा व्यवहार प्रकट गरेको एउटा नमुना प्रदर्शन गर्नुहोस्, जस्तै :

**साकुरा :** पासाङ ! हेर न आज त काकी बिरामी हुनुभएकाले गृहकार्य गर्न पनि पाएकी छैन ।

**पासाङ :** ओहो साकुरा ! के भयो नि काकीलाई ? अनि अहिले कता हुनुहुन्छ ? अस्पताल कि घरमा ?

**साकुरा :** हुन त घरमै हुनुहुन्छ । अहिले त खास केही छैन । दिदीभिनाजु नै आउनुभएको छ त्यसैले म चाहिँ आएँ ।

**पासाङ :** त्यसो भए चिन्ता नमान साकुरा । काकीसँग दिदीभिनाजु हुनुहुन्छ । यहाँ गृहकार्यको चिन्ता नगर । हामीसँग अझै पन्ध्र मिनेट समय बाँकी छ । यस समयलाई सदुपयोग गरौँ न, सकिहालिन्छ ।

**साकुरा :** कसरी सक्ने नि मैले त पाठ पनि पढेकी छैन ।

**पासाङ :** तिमी चिन्ता नमान साकुरा । म पाठको सारांश भन्छु । तिमी त्यसका आधारमा गृहकार्य गर्न सकिहाल्छयौ ।

**साकुरा :** हुन्छ पासाङ । (साकुरा गृहकार्य गर्न थाल्छिन् । साकुराको गृहकार्य पनि सकिन्छ । घण्टी पनि बज्छ ।)

**पासाङ :** लौ सकिएन त गृहकार्य ? अगि त खुब डराएकी थियौ ?

**साकुरा :** पासाङ तिम्रो यो सहयोगी बानी मलाई असाध्यै मन पर्छ । जहिले मलाई गाह्रो परेको हुन्छ त्यस्तो समयमा तिमीले नै मलाई सहयोग गर्छौ । त्यसैले त म तिमीलाई असल साथी भन्छु नि ।

**पासाङ :** आफन्त, साथीलाई परेको समस्यालाई हामी सबै मिलेर समाधान गर्नुपर्छ भनी मेरी आमाले दिनदिनै सिकाउनुहुन्छ । त्यसकै प्रभाव ममा पनि परेको हो साकुरा ।

**साकुरा :** तिम्री काकीको यस्तो असल व्यवहार वा चलन मलाई असाध्यै मन पर्‍यो पासाङ । आजदेखि म पनि यसरी नै सहयोग गर्ने छु ।

(ठ) अभ्यास १० मा आधारित भई दिएको सन्दर्भ राम्ररी पढ्न निर्देश गर्नुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी आश्चर्य, हर्ष, दुःख, घृणा आदि जनाउन प्रयोग गरिने हरे, हे भगवान, ओहो, आहा, आत्था, उफ्, छ्या, छि, कठै, स्याबास आदि शब्द विस्मयादिबोधक हुन भनेर चिनाउनुहोस् । त्यसै गरी वाक्यमा प्रयोग गरेका उदाहरण देखाउँदै ए, नि, लौ, पो, त, है, खै, क्यारे, ब्यारे आदि निपात हुन भनी चिनाउनुहोस् । यसरी नै र, अनि, तापनि, एवम्, भने, वा, किनभने जस्ता संयोजकलाई वाक्यमा प्रयोग गरी देखाउनुहोस् ।

(ख) सिकारुले भाषिक संरचना र वर्णविन्यासको १, २, ३ र ४ अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

(ग) सिकारुले सहजकर्ताको सहयोगमा अभ्यास नं ५ गर्नुहोस् ।

### कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र उनीहरूका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् । जस्तैः

| | |
|---|---|
| • अरुणा लामाको जन्म वि.सं. २००२ भदौ २४ मा भएको हो । | ठिक |
| • उनी परिवारकी जेठी सन्तान थिइन् । | बेठिक |
| • आमाबुबाले उनलाई गीत गाउन प्रेरित गरेका थिए । | ठिक |
| • उनले ११ वर्षको उमेरमा खेलकुद प्रतियोगितामा भाग लिइन् । | बेठिक |

### कार्यकलाप ६ : सिर्जनात्मक कार्य (स्वनिर्देशित)

सिकारुले पुस्तकमा दिइएको विवरण वा सहजकर्ताले उपलब्ध गर्राको विवरणका आधारमा छोटो जीवनी लेखेर सहजकर्तालाई जाँच्न दिनुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) आदि-आधि, ओट-ओठ, कृति-कीर्ति, घरी-घडी शब्दको अर्थ लेख्न लगाउनुहोस् ।

(ख) बालकृष्ण समले नेपाली नाटकका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा मौखिक वर्णन गर्न लगाउनुहोस् ।

(ग) आफ्नो परिवारमा गरिने असल चालचलनबारे मौखिक अभिव्यक्ति दिन लगाउनुहोस् ।

(घ) शब्दको सुरु, बिच र अन्त्यमा दीर्घ ऊकार लागेका पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् ।

(ङ) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| जीवनीको संरचना पहिचान गर्न सिकाउँदा | |
| जीवनीको सस्वरपठन, मौन पठन र द्रुत पठन गर्न सिकाउँदा | |
| श्रुतिसमभिन्नार्थी शब्दको पहिचान गरी प्रयोग गर्न सिकाउँदा | |
| जीवनीका आधारमा क्रम मिलाई लेख्न सिकाउँदा | |
| जीवनीका मुख्य विषयवस्तु टिपोट गर्न र भाव बताउन सिकाउँदा | |

| | |
|---|---|
| व्यक्तिगत विवरण तयार पार्न सिकाउँदा | |
| पारिवारिक चालचलनमा आधारित सञ्चार प्रवाह गर्न | |
| निपात, विस्मयादिबोधक र संयोजक शब्दको पहिचान र प्रयोग गर्न सिकाउँदा | |
| बुँदाका आधारमा जीवनी तयार पार्न लगाउँदा | |

**मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)**

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्षमता | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

# जस (कथा)

## १. परिचय

'जस' लावण्य ढुङ्गानाद्वारा लिखित ऐतिहासिक कथा हो । प्रस्तुत ऐतिहासिक कथामा पृथ्वीनारायण शाह पहिलो पटक नुवाकोट विजय गर्न असफल भए र बिसे नगर्चीको सल्लाह तथा सहयोगमा दोस्रो पटकको आक्रमणमा विजय हासिल गर्न सफल भएको ऐतिहासिक सन्दर्भ आएको छ। कथामा मानिस कोही सानो र ठुलो हुँदैन । यसै घटनामा केन्द्रित यस कथाले सामान्य भनिएका मानिसको सानो सहयोगबाट ठुलो उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ। कथा विधाको शिक्षण गर्दा सस्वर र मौन पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान आदि क्रियाकलाप गराउनुपर्छ। कथा शिक्षणका क्रममा भाषिक सिपका साथै विषयवस्तुमा आधारित भई चित्रकथा वर्णन, भूमिका निर्वाह, कथाकथन, घटना वर्णन, अनुमान, कल्पना र निष्कर्ष तथा सहयोग जस्ता विषयक्षेत्र समेटी विभिन्न क्रियाकलाप गराउनुपर्छ । यस कथाको अध्ययनबाट सिकारुमा कथनात्मक अभिव्यक्ति सिपको विकास गराउने उद्देश्य राखिएको हुँदा सिकारुमा सामाजिक सांस्कृतिक विषयवस्तुको सुनाइ र प्रतिक्रिया एवम् मूल्यमान्यता, पहिचान र कथन, सुनाइ र बोध, प्रश्नका आधारमा स्वसंस्कृति वर्णन, स्वअनुभवमा आधारित तार्किक प्रस्तुति, छलफल तथा विषयवस्तुको सारांश कथन जस्ता सुनाइ तथा बोलाइ सिप विकासका क्रियाकलाप गराउनुपर्छ । यसै गरी समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन, द्रुत पठन, पाठको विषयबोध, सांस्कृतिक मूल्यमान्यता बोध जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ। त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, घटनाक्रम मिलान, पात्रको चरित्र वर्णन र तुलना, ऐतिहासिक/पौराणिक घटनाको वर्णन, कथासार लेखन, कथापूरण, निर्देशित तथा स्वतन्त्र लेखनलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ। यस पाठमा शब्दभण्डारअन्तर्गत समूहवाचक शब्दको पहिचान र प्रयोग एवम् पाठगत शब्दको अर्थबोध र प्रयोग गराउनुपर्छ । भाषिक संरचनाअन्तर्गत शब्दनिर्माण तथा वर्णविन्यासअन्तर्गत य' र ए' को पहिचान र प्रयोगसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ । यो पाठमा स्वअनुशासनसँग सम्बन्धित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत कथा लेखन र श्रावण क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ। श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ। सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ। यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ५ घण्टा र स्वनिर्देशिततर्फ १३ घण्टा गरी जम्मा १८ घण्टा समय निर्धारण गरिएको छ।

## २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न

(ख) विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न

(ग) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(घ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(ङ) कथाको सस्वरपठन, मौन पठन र द्रुत पठन गर्न

(च) समूहवाचक शब्द पहिचान गर्न

(छ) निर्दिष्ट बुँदालाई कथाका आधारमा क्रम मिलाई लेख्न

(ज) निर्दिष्ट उखानको आशय लेख्न

(झ) स्वअनुशासन पालना गर्न

(ञ) उपसर्ग र प्रत्यय लगाएर नयाँ शब्द निर्माण गर्न

(ट) समास र विग्रह शब्द निर्माण गर्न

(ठ) य' र ए' को पहिचान गर्न

(ड) बुँदाका आधारमा कथा तयार पार्न

(ण) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचान र छलफल, संरचना पहिचान, मौन पठन, सस्वर पठन, शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, पात्र पचिय, समूहवाचक शब्द, मौखिक प्रश्नोत्तर, उखान लेखन, आशय वर्णन, कथासार लेखन, कथालेखन, भाषिक प्रकार्य स्वअनुशासन), उपसर्ग र प्रत्यय, समास र विग्रह शब्द निर्माण, य' र ए' को पहिचान, श्रुतिबोध र परियोजना कार्य रहेका छन् ।

## ४. सामग्री

जीवनीको संरचना देखाउने तालिका, शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, अर्थ र शब्दको तालिका, श्रुतिसमभिन्नार्थक शब्द तालिका, उत्तरको नमुना, कथाका बुँदा लेखिएको सूची, उखान सूची, कथालेखन नमुना, स्वअनुशासन पालनाको भाषिक अभिव्यक्ति नमुना, शब्द निर्माण तालिका सुनाइ पाठको श्रव्य सामग्री, कथाका लागि बुँदा र कथा लेखनको नमुना, शब्दकोश आदि ।

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) ऐतिहासिक विषयवस्तुमा आधारित कुनै कथा सुनाएर सिकारुको ध्यानाकर्षण गराउनुहोस् ।

(ख) सहजकर्ताले पूर्वपठन खण्डमा दिइएका सहिदको योगदान बताइदिनुहोस्

(ग) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आधारमा यस पाठमा केकस्ता विषयवस्तु समावेश गरिएको होला ? सिकारुले अनुमान गरी भन्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले जस कथा पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । शब्दार्थ सिकाउन सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले पाठ पढी पाठमा दिइएका शब्द र तिनका अर्थ कापीमा सारेर पढ्नुहोस् ।

## कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई जस कथा पढ्न लगाउनुहोस् । सिकारुलाई पाठ पढेर लेख्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । सहजकर्ताले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दहरूको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा सिकारुबाट भएका कार्यको अनुगमन गरी सहजकर्ताले सहजीकरण गरिदिनुहोस् । जस्तै :

शब्द : इरादा

अर्थ : मनसाय

वाक्य : मेरो साथीको इरादा मलाई पनि विजेता बनाउनु थियो ।

यसपछि सिकारुले शब्दभण्डार खण्डको अभ्यास १ गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(ख) सिकारुले घाइते, ओखल, वातावरण, धैर्य, ध्यान, दाम, बेचैन, पिर्का, पराजय, रुपियाँ शब्दलाई वाक्यमा प्रयोग गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(ग) सहजकर्ताले स्लाइडमा वा चार्टपेपरमा निम्न अनुच्छेद प्रदर्शन गरी मौन पठन गर्न लगाउनुहोस् । अनुच्छेदमा आएका समूहवाची शब्दहरूलाई रेखाङ्कन गरी देखाउनुहोस् र ती शब्दहरूको अर्थ सिकारुलाई सोध्नुहोस् ।

> भाइ र म आँगनमा चुङ्गी खेल्दै थियौँ । हामीले फूलबारीको छेउबाट कमिलाका ताँती आँगनतिर आउँदै गरेको देख्यौँ । त्यो देखेर हामी डरायौँ र आमालाई भन्न गयौँ । आमा पूजाका लागि फूलबारीबाट गुच्छा टिपेर घरतिर आउँदै हुनुहुन्थ्यो । बाटामा एक हुल मानिस बजारतिर गइरहेका थिए । तिनीहरू पनि लर्को लागेर हाम्रो आँगनमा आए । मानिसका जमात देखेर नजिकै बाँधिएका बाख्राका बथान कराउन थाले । हामी कमिला देखेर डराएको थाहा पाएर सबै जना हाँसे ।

(घ) माथिको अनुच्छेदमा आएका ताँती, गुच्छा, हुल, बथान शब्दको अर्थ सिकारुलाई सोध्नुहोस् । उनीहरूले दिएको अर्थलाई पृष्ठपोषण गर्दै सामूहिक अर्थ बुझाउने शब्दलाई समूहवाची शब्द भनिन्छ भनेर स्पष्ट पार्नुहोस् । यसलाई थप स्पष्ट पार्न शब्दभण्डार खण्डको अभ्यास ४ मा रहेका शब्द र अर्थका बिच जोडा मिलाउन भन्नुहोस् । जस्तै :

| सामान्य शब्द | समूहवाचक शब्द |
|---|---|
| बाँस | घारी |
| कमिला | ताँती |
| गाई | बथान |
| नोट | लक्कु |
| आवश्यकताअनुसार समूहवाचक शब्दसम्बन्धी थप छलफल गर्न लगाई लिखित एवम् मौखिक अभ्याससमेत गराउनुहोस् । यसै क्रममा सिकारुले अभ्यासको ३ नं गरेर देखाउनुहोस् । | |

(ङ) सिकारुले सहजकर्तासँग छलफल गरी अभ्यासको ६, ७, ८ र ९ नं अभ्यास गरी जाँच्न दिनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई जस कथा सस्वर, मौन र द्रुत पठन गरी पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाई टिपोट

गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस् ।

(ख) बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) सिकारुले पाठ पढेर तलका भनाइ कसले कसलाई भनेको हो, पत्ता लगाएर सहजकर्तालाई सुनाउनुहोस् :

(अ) यो जर्किनडाँडातिर कहिल्यै नजरसम्म लागेको थिएन ।

(आ) "तैँले मलाई के ठानिस् हँ ? तँलाई अहिल्यै ठिक पारौँ ।

(इ) "धन्य हो बिसे ! धन्य हो !!"

(ई) म त यो लडाइँपछि हातखुट्टा गिँडेको मुढोतुल्य भएको छु ।

(उ) गोर्खामा कति घरधुरी होलान् ?

(घ) सिकारुलाई पाठ पढेर कुनै पात्रको परिचय लेख्न लगाउनुहोस् । जस्तै :

**बिसे नगर्ची**

- अनुहार हेरेर मनको भाव बुझ्ने
- अनुभवले खारिएको
- उमेरले पाको
- सान्त्वना दिन सक्ने
- सजिलो उपाय निकाल्न सक्ने

(ङ) सिकारुले पाठमा प्रयुक्त सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्नुहोस् । भनाइ पहिचान गर्दा तिनले कुनै सन्देश बोकेको हुनुपर्ने कुरा बुझ्नुहोस् । जस्तै :

**तातो रिसले आफैँलाई जलाउँछ'**

आशय : नुवाकोट पराजयपछि ठुलो आशा लिएर बिसे कहाँ पुगेको पृथ्वीनारायण साहलाई बिसेले एक रुपियाँ दिएपछि राजा रिसले चुर भए । उनले बिसेलाई हकारे । जिस्काएको, हेपेको सम्झे । बिसेलाई तत्काल ठिक पार्छु भने । किन आफूलाई एक रुपियाँ दिन खोजियो सोचेनन् । रिसले उनको विवेक गुम्यो । पछि बिसेले सम्झाउँदै सत्रअठार सय घरधुरीबाट एकएक रुपियाँ उठाउँदा लडाइँका लागि आवश्यक रकम पुग्ने कुरा बताएपछि राजाको होस् आयो । राजाले बिसेको कुरा चित्त बुझाए । राजाले तातो रिसमा आफ्नो बुद्धि गुमाए । उनलाई नै हानि भयो त्यसैले तातो रिसले आफैँलाई जलाउँछ भनिएको हो ।

सिकारुले आफूले उखानका थप उदाहरण प्रस्तुत गर्नुहोस् ।

**केही उखान**

| | |
|---|---|
| अकबरी सुनलाई कसी लाउनु पर्दैन । | अचानाको चोट खुकुरीले जान्दैन । |
| अडको पडको तेलको धूप । | अर्काको भर भोकभोकै मर । |
| आफू भलो त जगत भलो । | जसले मह काढछ उसले हात चाट्छ । |
| नाच्न नजान्ने आँगन टेढो । | बाँदरका हातमा नरिवल । |
| अकबरी सुनलाई कसी लाउनु पर्दैन । | |

(च) सिकारुलाई एउटा चार्टपेपर उपलब्ध गराउनुहोस् र दिइएको निर्देशनका आधारमा घटनाअनुसार क्रम मिलाएर लेख्न लगाउनुहोस् । यसका लागि सहजकर्ताले आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

उत्तर : जस' कथाको घटनाक्रम

(अ) नुवाकोटमाथि आक्रमण गर्नु

(आ) पृथ्वीनारायण केही उपाय निकाल्न बिसेकहाँ जानु

(इ) बिसेले राजालाई सान्त्वना दिनु

(ई) पृथ्वीनारायणलाई रिसको पारो चढ्नु

(उ) बिसेको अर्ती सुनेर पृथ्वीनारायणले खर्च जुटाउनु

(ऊ) पृथ्वीनारायण युद्धमोर्चा छोडेर एक्कासी दौडिनु

(ऋ) बिसेका आँखाबाट हर्षाश्रु चुहिनु

(छ) सहजकर्ताले पाठसँग सम्बन्धित केही बोध प्रश्न लेखिएको सूची प्रस्तुत गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्ने निश्चित ढाँचासमेत प्रस्तुत गरी सिकारुलाई बोध प्रश्नोत्तरका लागि तयार गराउनुहोस् । सिकारुलाई उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । जस्तै :

प्रश्न : पृथ्वीनारायण शाह बिसेकहाँ किन गएका थिए ?

उत्तर : पृथ्वीनारायण शाह बिसेकहाँ नुवाकोट हारेको चिन्ताले गएका थिए ।

यसरी प्रश्न सूचीमा भएका प्रत्येक प्रश्नको अभ्यास गराउँदै सिकारुले उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भने/नभनेको यकिन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । बोध प्रश्नोत्तरसम्बन्धी थप अभ्यासका लागि अन्य प्रश्न र उत्तरका सूची निर्माण गरेर तिनलाई प्रदर्शन गरी छलफल गराउनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास नं. ५ मा दिएको निर्देशनको आधारमा पनि उत्तर लेख्न लगाई सहजकर्ताले जाँचिदिनुहोस् । सिकारुले पहिले कथा पढी बुँदा टिप्नुहोस् र ती बुँदालाई आधार मान्दै सिलसिला मिलाएर कथासार लेख्नुहोस् ।

(ज) सिकारुले जस कथा पढेर साथीलाई सोध्न पाँच प्रश्न बनाउनुहोस् ।

(झ) सहजकर्ताले सिकारुलाई आफूले गरेका राम्रा कामका प्रसङ्ग वा अनुभव सम्झन लगाउनुहोस् । आफ्नो त्यस्ता केही अनुभवलाई पनि बुँदागत रूपमा सुनाउनुहोस् । जस्तै :

**साथीसँग विद्यालय जान हिँडेको**

- बाटामा एक हजार रुपियाँ भेटेको
- साथीहरूले बजार गएर किनमेल गरौँ भनेको तर आफूले नमानेको
- एक जना मान्छे पैसा खोज्दै गरेको देखेको
- साथीहरूले नदिन भनेको तर आफूले फिर्ता दिएको
- उक्त मानिस खुसी भएर सय रुपियाँ दिएको
- सबै मिलेर खाजा खाएको र यो कुरा सुनेर विद्यालयमा सहजकर्ताले पनि धन्यवाद दिएको

(ञ) सहजकर्ताले पनि आफूले टिपेका बुँदाका आधारमा आफ्नो अनुभव लेखेर सुनाउनुहोस् । यसै क्रममा पुस्तकको बोध र अभिव्यक्ति खण्डको ७ नै गरेर देखाउनुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी उपसर्ग र प्रत्यय लागेर बनेका केही शब्द लेखी ती शब्द कसरी बनेका छन् भनी छलफल गराउनुहोस् । जस्तै :

| उपसर्ग लागेर बनेका शब्द | प्रत्यय लागेर बनेका शब्द |
|---|---|
| आ + कार = आकार | पढ्न्ते = पढ् + अन्ते |
| वि + कास = विकास | बढुवा = बढ् + उवा |
| बे + काम = बेकाम | लेखाइ = लेख् + आइ |
| उप + चार = उपचार | नुनिलो = नुन + इलो |
| प्र + मुख = प्रमुख | बनोट = बढ् + ओट |

यस्तै किसिमका अन्य शब्द प्रदर्शन गरी उपसर्ग र प्रत्यय लागेर बनेका शब्द निर्माण हुने प्रक्रियाका बारेमा धारणा प्रस्ट पार्नुहोस् र उपसर्ग र प्रत्ययको परिचय पनि दिनुहोस् । पाठबाट उपसर्ग र प्रत्यय लागेर बनेका शब्द खोज्न लगाउनुहोस् । सिकारुले भाषिक संरचना र वर्णविन्यासको १ र २ अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

(ख) सहजकर्ताले शैक्षणिक पाटीमा समास प्रक्रियाबाट बनेका केही शब्द लेखी ती शब्द कसरी बनेका छन् भनी छलफल गराउनुहोस् । जस्तै :

**दौराभोटा, रासनपानी, बुढापाका**

यसपछि दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दहरूको संयोजनबाट सिङ्गो शब्द निर्माण गरिने प्रक्रियालाई समास भनिन्छ भने शब्दहरूको छुट्टिएको रूपलाई विग्रह भनिन्छ भनी बताउनुहोस् । शब्दपत्ती वा प्रोजेक्टरको प्रयोगद्वारा समास प्रक्रियाबाट बनेका शब्दका निर्माण प्रक्रियाका बारेमा जानकारी गराउनुहोस् । जस्तैः

| समास | विग्रह |
|---|---|
| दौराभोट | दौरा र भोटा |
| बुढापाका | बुढा र पाका |
| रासनपानी | रासन र पानी |
| वनभोज | वनमा भोज |

यस्तै किसिमका अन्य शब्द प्रदर्शन गरी समास प्रक्रियाबाट शब्द निर्माण हुने प्रक्रियाका बारेमा धारणा प्रस्ट पार्नुहोस् । पाठबाट समास प्रक्रियाबाट बनेका शब्द खोज्न लगाउनुहोस् । सिकारुले भाषिक संरचना र वर्णविन्यासको ३ अभ्यास गरी सहजकर्तालाई देखाउनुहोस् ।

(ग) सिकारुले साथीसँग मिलेर शब्दका अन्तिमबाट नयाँ शब्द निर्माण गर्ने खेल खेल्नुहोस् । जस्तैः

बतास, सहर, रकम, महल, लहरा, राक्षस, सज्जन

(घ) सहजकर्ताले य र ए बाट सुरु भएका केही शब्द प्रस्तुत गर्नुहोस् र सिकारुले पाठबाट खोजेर 'य' र 'ए' प्रयोग भएका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।

यबाट बनेका शब्द- यज्ञ, यक्ष, यता, यति, यत्न, यथा, यथार्थ

एबाट बनेका शब्द- एक, एउटा, एकतर्फी, एकतारे, एकता, एकल, एकलास

### कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र सिकारुका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

### कार्यकलाप ६ : परियोजना कार्य (स्वनिर्देशित)

(क) सिकारुले पुस्तकमा दिइएको परियोजना कार्य गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) जसले मह काढ्छ उसले हात चाटछ, बाँदरका हातमा लरिवल, हात्तीको मुखमा जीरा उखानको आशय लेखी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(ख) पराजय, सशरीर, विराज, लडाइँ, गोर्खाली, वनभोज, नौतले, दोबाटो, त्रिभुज शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् ।

(ग) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गराउँदा | |
| पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न | |
| पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न | |
| समूहवाचक शब्द पहिचान गर्न | |
| निर्दिष्ट बुँदालाई कथाका आधारमा क्रम मिलाई लेख्न | |
| स्वअनुशासन पालना गर्न | |

| | |
|---|---|
| उपसर्ग र प्रत्यय लगाएर नयाँ शब्द निर्माण गर्न | |
| समास र विग्रह शब्द निर्माण गर्न | |
| य' र ए' को पहिचान गर्न | |

## मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| **मूल्याङ्कन आधार** | **स्तर** (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने क्षमता | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर अभिभावकको हस्ताक्षर

७ विषय क्षेत्र

# संस्कृति (संवाद)

## १. परिचय

संस्कृति संवाद पाठ हो । कुनै विषयमा केन्द्रित भएर दुई वा दुईभन्दा बढी पात्रबिच गरिने कुराकानी वा छलफललाई संवाद भनिन्छ। प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग गर्न सिकाउने उद्देश्यले 'संस्कृति' शीर्षकको संवाद राखिएको हो। संवादको मुख्य उद्देश्य सिकारुमा संवादात्मक अभिव्यक्ति र बोध क्षमतासहितको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो। संवाद विधाको शिक्षण गर्दा युगल तथा सामूहिक रूपमा सस्वर पठन, उच्चारण, अर्थबोध र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, घटना वर्णन, घटनाक्रम मिलान, संवाद लेखन वा अभिनेयात्मक प्रस्तुति आदि क्रियाकलापमा केन्द्रित हुनुपर्छ। संवाद पाठको सहजीकरण गर्दा सुनाइ तथा बोलाइ सिपका लागि विषयवस्तु बोध, सुनाइ र अनुमान, सुनाइ र पद तथा पदावली पहिचान, संवेगात्मक सचेततासहितको सुनाइ र प्रस्तुति, प्रश्नोत्तर तथा छलफल, विषयवस्तुको सार प्रस्तुति गर्न सिकाउनुपर्छ। पढाइ सिपअन्तर्गत गति, यति र समयको ख्याल गरी सस्वर पठन र गतिवृद्धि, अङ्ग चेष्टासहितको सस्वर पठन, आशय सन्दर्भ र विषयवस्तुका आधारमा पठन, तर्क, समर्थन र खण्डनमण्डन, विषयबोध र प्रश्नोत्तर गराउनुपर्छ। लेखाइ सिपअन्तर्गत घटनाक्रम लेखन, अनुलेखन, प्रश्नोत्तर, सार लेखन, संवादपूरण, संवाद लेखन, अवधारणाको चित्रात्मक प्रस्तुति गराउनुपर्छ। भाषिक संरचना र वर्णविन्यासअन्तर्गत लेख्य चिह्न प्रयोग, पदवर्ग पहिचान र श' ष' स' को प्रयोगलाई कार्यमूलक बनाउने प्रयत्न गरिएको छ। सुनाइ बोलाइका लागि सुनाइ पाठमा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ । यस्तै सिर्जनात्मक कार्यअन्तर्गत संवाद रचना गर्नुपर्ने अभ्यास राखिएको छ । भाषिक प्रकार्यमा स्व संस्कृतिको वर्णन गर्ने अभ्यास गराउनुपर्छ। सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ। यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ३ घण्टा र स्वनिर्देशिततर्फ १० घण्टा गरी जम्मा १३ घण्टा समय निर्धारण गरिएको छ।

## २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न

(ख) विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न

(ग) संवादको संरचना बताउन

(घ) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(ङ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(च) हाउभाउसहित संवादको सस्वर पठन गर्न

(छ) पदवर्ग पहिचान गर्न

(ज) संवाद पढेर घटनाक्रम मिलाउन

(झ) श' स' ष' प्रयोग भएका शब्द पहिचान र प्रयोगगर्न

(ञ) संवाद लेख्न

(ट) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचान र छलफल, संवादको संरचना वर्णन, हाउभाउसहितको सस्वर पठन, शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, संवाद लेखन, भाषिक प्रकार्य (सांस्कृतिक परिचय खेल), वर्णविन्यास (चिह्न प्रयोग), भाषिक संरचना पदवग वर्णविन्यास (श' स' ष' प्रयोग भएका शब्द पहिचान र प्रयोग), श्रुतिबोध र परियोजना कार्य रहेका छन् ।

## ४. सामग्री

संवादको नमुना तथा भिडियो, संवादको संरचना जनाउने तालिका शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, अर्थ र शब्दको तालिका, संवाद लेखन नमुना, सांस्कृतिक परिचयको नमुना, पदवर्ग तालिका, श' स' ष' प्रयोग भएका शब्द, सुनाइ पाठको श्रव्य सामग्री, शब्दकोश आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) पूर्व पठन खण्ड र मूल पाठ खण्डका चित्रका आधारमा छलफल गरी संस्कृति मान्नुका कारण भन्न लगाउनुहोस् ।

(ख) सिकारुले साथीसँग मिलेर अभिनयसहित पाठको संवाद पढ्नुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले संवाद पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । शब्दार्थ सिकाउन सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले पाठ पढी पाठमा दिइएका शब्द र तिनका अर्थ कापीमा सारेर पढ्नुहोस् ।

#### कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले संवादको संरचना जनाउने तालिका प्रदर्शन गरी संवादमा हुनुपर्ने पक्षहरूको जानकारीसहित संवादको संरचनाबारे छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । जस्तै :

**संवाद र यसको संरचना**

संवाद भनेको कुराकानी हो । यो दुई वा दुईभन्दा बढी व्यक्तिका बीचमा हुन्छ । यसको संरचना निम्नानुसार छ :

- शीर्षक
- संवाद भएको स्थानको वर्णन (१/२ वाक्यमा)
- पात्र चयन (२ देखि ४ जनासम्म तर अनावश्यक पात्र नराख्ने)
- शीर्षकअनुकूल विषयवस्तुको उठान (अभिवादन वा सम्मानजनक शब्दबाट)
- सरल, सहज र स्तरअनुकूल भाषाशैलीमा विषयवस्तुको संवादात्मक प्रस्तुतीकरण
- संवादका क्रममा प्रश्नोत्तर शैलीको प्रयोग गर्न सकिने (आवश्यकताभन्दा बढी प्रश्नोत्तरले संवादलाई पट्यार लाग्दो बनाउने भएकाले यस्तो शैली प्रयोगमा विशेष ध्यान दिनुपर्ने)
- संवादमा उपयुक्त लेख्य चिह्न वा विराम चिह्नको प्रयोग
- पात्रले संवादका क्रममा गरेका शारीरिक चेष्टालाई कोष्ठक चिह्नभित्र समावेश गर्नुपर्ने
- धन्यवाद, कृतज्ञता वा कुनै सकारात्मक धारणाबाट संवादको समापन

(ख) सिकारुलाई साथीसँग मिलेर संस्कृति संवाद पढ्न लगाउनुहोस् । सिकारुलाई दिइएका अर्थका आधारमा पाठ पढेर लेख्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । सहजकर्ताले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दहरूको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा सिकारुबाट भएका कार्यको अनुगमन गरी सहजकर्ताले सहजीकरण गरिदिनुहोस् । यसपछि सिकारुले शब्दभण्डार खण्डको अभ्यास १ गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(ग) सहजकर्ताले केही उदाहरणका साथ परिमाणबोधक शब्दका विषयमा छलफल गर्नुहोस् ।

जस्तै :

- बिस पाथी अन्नको परिमाण जनाउने शब्द मुरी हो ।
- एक तोलाको सय भागको एक भाग जनाउने शब्द एक लाल हो ।
- आठ मानाको परिमाण जनाउने शब्द एक पाथी हो ।
- सय पैसाको परिमाण जनाउने शब्द एक रुपियाँ हो ।

यसपछि सिकारुले सहजकर्तासँग छलफल गरी शब्दभण्डार खण्डको अभ्यास २, ३ र ४ गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

(घ) सहजकर्ता लेस्लाइडमा वा चार्टपेपरमा तलको जस्तै अनुच्छेद प्रदर्शन गरी मौन पठन गर्न लगाउनुहोस् । अनुच्छेदमा आएका समूहवाची शब्दहरूलाई रेखाङ्कन गरी देखाउनुहोस् र ती शब्दहरूको अर्थ सिकारुलाई सोध्नुहोस् ।

(ङ) सिकारुले सहजकर्तासँग छलफल गरी अभ्यासको ६, ७, ८ र ९ नं अभ्यास गरी जाँच्न दिनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई संवाद हाउभाउसहित सस्वरपठन गर्न लगाई पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाउनुहोस् र टिपोट गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस् । जस्तै :

वार्षिकोत्सव /बार्.सि.कोत्.सब्/

सङ्क्रान्ति /सङ्.क्रान्. ति/

(ख) सिकारुले बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठ्य संवादमा आधारित भएर केही बोध प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र तिनका उत्तर भन्न तथा लेख्न लगाउनुहोस् । अगाडि पढेका आधारमा पाठका अन्य प्रश्नको पनि उत्तर लेखी सहजकर्तालाई देखाउनुहोस् । जस्तै :

(अ) संस्कृतिलाई किन परिचय भनिएको हो ?

(आ) संस्कृतिले के सिकाउँछ ?

(इ) कानुनको पालना गर्नुपर्छ ?

(ई) संस्कृतिका नाममा के गर्नु हुँदैन ?

(उ) समयअनुसार परिष्कृत हुन के गर्नुपर्छ ?

(घ) सिकारुलाई तलका पक्ष ख्याल गरी संवाद पढ्न निर्देश गर्नुहोस् र संवादका मुख्य घटना टिपोट गर्न लगाउनुहोस् ।

- पाठलाई ध्यानपूर्वक पढ्ने
- पाठकको मुख्यमुख्य घटनाक्रम लेख्न
- आफनो तर्क वा विचार लेख्नुपर्ने पक्ष ठम्याउने
- मुख्य मुख्य घटनाक्रमलाई जोड्दै सार लेख्ने
- सामान्यतः एक अनुच्छेदमा सार लेख्न सकिने

(ङ) यस छलफलका आधारमा सिकारुले संवादको सार लेख्नुहोस् र बोध र अभ्यास खण्डको ४ नम्बर अभ्यास गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(च) बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा अनुलेखन सम्बन्धी अभ्यास दिइएको छ । सहजकर्ताले अनुलेखन लेख्ने तरिकाको बारेमा आवश्यक छलफल गराउनुहोस् र अनुलेखन लेख्दा ध्यान दिनुपर्ने निम्नलिखित पक्ष सम्झाउनुहोस् :

- अनुलेखन गर्नुपर्ने अंश ध्यानपूर्वक पढ्नुपर्ने
- अनुलेखन गर्दा कुन चिह्न कता प्रयोग भएको छ ध्यान दिनुपर्ने
- अल्पविराम, पूर्णविरामको प्रयोगमा ध्यान दिनुपर्ने
- पदयोग पदवियोगमा ध्यान दिनुपर्ने
- सफासँग लेख्नुपर्ने

यसपछि सिकारुले अभ्यास ५ को अंश अनुलेखन गरी सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सहजकर्ताले पाठका आधारमा केही उत्तर सूची बनाएर प्रस्तुत गर्नुहोस् र त्यसका आधारमा सिकारुलाई प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

(ज) सिकारुले संस्कृति संवादको सार लेखी प्रस्तुत गर्नुहोस् ।

(झ) सिकारुले आफ्नै अनुभवमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ र १० गरी सहजकर्तालाई जाँच्न दिई

सुझाव लिनुहोस् ।

(ञ) सिकारुले पाठमा बुहारी र सासूले संवादका क्रममा बोलेका सन्देशमूलक महत्त्वपूर्ण भनाइ पहिचान गरी टिपोट गर्नुहोस् । ती टिपोट गरिएका भनाइलाई नै अनुच्छेदमा लेखी पाठको आशय लेख्नुहोस् । सिकारुले टिपेका तलका जस्ता महत्त्वपूर्ण भनाइलाई अघिल्ला पाठमा सिकेका आधारमा व्याख्या गरी सहजकर्तालाई देखाउनुहोस् ।

(अ) असल संस्कृतिले असल सभ्यता निर्माण गर्छ ।

(आ) संस्कृति समाजको प्रतिबिम्ब हो ।

(ट) सहजकर्ताले कुनै चाडपर्व वा संस्कृतिसँग सम्बन्धित केही बुँदा तयार पारी त्यसका आधारमा सिकारुलाई उक्त संस्कृतिको वर्णन गर्न लगाउनुहोस् । जस्तै :

- बाहुन, छेत्री, नेवार र राई जातिले माघ १ गते पर्व मनाउने गरेका
- त्यस दिन तरुल, तिलमा लडडु, घिउ, चाकु आदि खाने गरेका
- थारु समुदायमा पनि मान्यजनबाट आशिर्वाद लिएर मनाउने गरेका
- सुनारले पनि माघी पर्व धुमधामपूर्वक मनाउने गरेका

अब सिकारुले यसका आधारमा वर्णन गरेर सुनाउनुहोस् । जस्तै :

**"माघ १ गते धेरै जातजातिले आआफ्ना परम्पराअनुसार चाड मनाउँछन् ।"**

उत्तर : संस्कृति संवादमा लखन र सलिमाले संवादका क्रममा माघ १ गते धेरै जातजातिले आआफ्ना परम्पराअनुसार चाड मनाउँछन् भन्ने कुरालाई व्यक्त गरेका छन् । बाहुन, छेत्री, नेवार, राई जातिले माघ १ गते विभिन्न तरिकाले पर्व मनाउने गरेका छन् । त्यस दिन तिनीहरू तरुल, तिलको लडडु, घिउ, चाकु आदि खाने गर्छन् । थारु समुदायमा पनि पुजा गर्ने, मान्यजनबाट आशिर्वाद लिएर मनाउने गर्छन् । सुनारले पनि माघी पर्व धुमधामले मनाउने गर्छन् ।

(ठ) अभ्यासको १२ नं पढी उत्तर लेखेर सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी सिकारुलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न १ मा रहेको अनुच्छेद पढ्न लगाउनुहोस् र कुन कुन चिह्न प्रयोग भएका छन्, छलफल गर्न लगाउनुहोस् । सिकारुले तयार पारेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् । सहजकर्ताले तयार पारी ल्याएका वाक्यसूची प्रदर्शन गरी उदाहरणसहित चिह्नको प्रयोगको बारेमा सामान्य जानकारी दिनुहोस् । सिकारुलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न २ पढेर वाक्य पुनर्लेखन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार थप सिकाइ गर्नुहोस् । सिकारुले तोकेको कार्य पूरा गरेपछि सहजकर्ताले थप सहजीकरण गर्दै संस्कृति संवादबाट पूर्णविराम, अल्पविराम र प्रश्नचिह्न प्रयोग भएका दुई दुईओटा वाक्य टिपोट गर्न लगाउनुहोस् ।

(ख) सिकारुलाई भाषिक संरचना र वर्णविन्यासको प्रश्न ४ मा रहेको अनुच्छेद पढ्न लगाउनुहोस् र रातो लगाइएका शब्दहरूमा छलफल गर्न लगाउनुहोस् ।

(ग) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी निम्नअनुसारका नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात शब्द प्रयोग भएका अनुच्छेद प्रस्तुत गर्नुहोस् :

**पदवर्ग**

पासाङ असल सिकारु हुन् । उनीसँग उनका भाइ पनि छन् । आहा ! उनका भाइ त झन सुन्दर रहेछ । पासाङ र उनका भाइ मिहिनेती छन् । उनीहरू बिहानै उठछन् ।

(घ) सिकारुलाई उल्लिखित अनुच्छेदबाट पदवर्ग पहिचान गरी शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् । भाषिक संरचना र वर्णविन्यासको अभ्यास नं. ४ गर्न लगाई सिकारुले गरेका कार्यको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् । साथसाथै सिकारुलाई साथीहरूको बारेमा सकेसम्म सबै पदवर्गका शब्द प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

(ङ) सहजकर्ताले श' स' ष' प्रयोग भएको अनुच्छेद निर्माण गरी प्रस्तुत गर्नुहोस् । जस्तै :

विद्यालयको वार्षिकोत्सवमा भाषा, संस्कृति र रहनसहनलाई विशेष स्थान दिइएको थियो । विद्यालयको शुभचिन्तकलाई सम्मानस्वरूप शङ्ख प्रदान गरिएको थियो । कार्यक्रमको प्रशंसा गर्दै यस्ता विषय बर्सौँ वर्ष सरल र सहज तरिकाले बचाइराख्ने आशीर्वाद सबैले दिए ।

अब सिकारुले अनुच्छेदबाट श' स' ष' प्रयोग भएका शब्द टिप्नुहोस् :

श' प्रयोग भएका शब्द

स' प्रयोग भएका शब्द

ष' प्रयोग भएका शब्द

(च) सिकारुले शब्दकोशको प्रयोग गरेर श' स' ष' प्रयोग भएका पाँच पाँच शब्द टिपोट गरी जान्नेलाई देखाउनुहोस् । यही क्रममा भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ र ६ गरी सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सहजकर्ताले विभिन्न उदाहरण प्रस्तुत गरी वर्तमान, भूत र भविष्यत् कालको जानकारी दिनुहोस् । जस्तै :

मैले पढेँ । (भूत काल)

म पढ्छु । (वर्तमान काल)

म पढ्ने छु । (भविष्यत् काल)

(ज) सहजकर्ताले सिकाएपछि सहजकर्ताकै सहयोगमा भाषिक संरचना र वर्णविन्यासको अभ्यास नं. ७ देखि १३ सम्म गरेर देखाउनुहोस् ।

(झ) सिकारुले भाषिक संरचना र वर्णविन्यासको अभ्यास नं. १४ गरेर देखाउनुहोस् । सहजकर्ताले सिकारुका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र सिकारुका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

## कार्यकलाप ६ : सिर्जनात्मक कार्य (स्वनिर्देशित)

सिकारुले पुस्तकमा दिइएको सिर्जनात्मक कार्य गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) रेखाङ्कन गरिएका शब्दका पदवर्ग पहिचान गर्न लगाउनुहोस्ः गोपाल किसान हुन् । उनी मिहिनेती छन् ।

(ख) श' स' ष' प्रयोग भएका पाँच पाँचओटा शब्द लेख्नुहोस् ।

(ग) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

# ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गराउँदा | |
| संवादको संरचना सिकाउँदा | |
| हाउभाउसहित संवादको सस्वर पठन गराउँदा | |
| पदवर्ग पहिचान गराउँदा | |
| संवाद पढेर घटनाक्रम मिलाउँदा | |
| श' स' ष' प्रयोग भएका शब्द पहिचान र प्रयोग गर्दा | |
| संवाद लेख्दा | |
| सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्दा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |

| | |
|---|---|
| संवाद सिप | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

८ विषय क्षेत्र

# मनको सहलेश (यात्रा स्मरण)

## १. परिचय

मनको सहलेश संस्मरण निबन्ध विधाको पाठ हो । यात्रा संस्मरणमा विगतमा हामीले डुलेघुमेका, देखेभोगेका तथा सुनेजानेका बिर्सनै नसकिने अनुभव, यात्रावृत्तान्त वा कामकर्तव्यलाई जीवन्त राख्दै साहित्यिक रूप दिइएको हुन्छ । यस पाठमा सिरहा जिल्लामा रहेको सहलेश बगैँचामा जाँदा त्यहाँको प्राकृतिक सुन्दरता र संस्मरण प्रस्तुत गरिएको छ । यस पाठमा संस्मरणमूलक लेखरचना लेख्नुपर्ने कुरालाई प्रोत्साहन दिएको छ । संस्मरणमा बौद्धिक र विश्लेषणात्मक भाषाको प्रयोग हुन्छ । यस विधाको शिक्षणबाट सिकारुमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने क्षमताको विकास हुन्छ । यसबाट सिकारुमा कुनै पनि विषयमा स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको अभिव्यक्तिका लागि संस्मरणात्मक विधाको उपयोग गरिन्छ । मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । संस्मरण विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा संस्मरण लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ । संस्मरण विधाको यस पाठ शिक्षणको प्रमुख उद्देश्य सिकारुमा भाषिक सिपको विकास गराउनु हो । संस्मरण शिक्षण सिकारुको सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यस पाठमा सिकारुमा सुनाइ र सिलसिलेवार वर्णन, विषयवस्तुको स्वाभाविक वर्णन, बोलाइका क्रममा जिज्ञासा र उत्प्रेरणामूलक शिष्ट भाषाको प्रयोग, विषयवस्तुका आधारमा अनुमान, कल्पना र धारणा प्रस्तुति जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समयबद्ध सस्वर पठन र गतिवृद्धि, मौन र द्रुत पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, सूचना वा पाठको विषयवस्तु बोध, भित्तेपात्रो अध्ययन तथा विषयवस्तु वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसै गरी लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर, अनुच्छेद पूरण, स्थान वर्णन, चित्र वर्णन, समस्या र समाधानमा आधारित वर्णन, शीर्षक वा बुँदाका आधारमा अनुच्छेद लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ । कालका अपूर्ण र पूर्ण पक्षको पहिचान र प्रयोग एवम् 'र' वर्णका विभिन्न रूपको पहिचान र प्रयोग जस्ता विषयवस्तुलाई भाषिक संरचनाअन्तर्गत राखेर सिकाइ क्रियाकलाप गरिनुका साथै खेलकुद, फर्निचर र सवारी साधनसम्बद्ध शब्दको वर्गीकरण र प्रयोग तथा पाठगत शब्दको अर्थबोध र प्रयोगका सन्दर्भमा पनि अभ्यास गराउनुपर्छ । उत्प्रेरणात्मक क्रियाकलाप भाषिक प्रकार्यअन्तर्गत गराउन उचित हुन्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ । यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ३ घण्टा र स्वनिर्देशिततर्फ १० घण्टा गरी जम्मा १३ घण्टा समय निर्धारण गरिएको छ ।

## २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डका चित्र र सन्दर्भ पहिचान र छलफल गर्न

(ख) संस्मरणको परिचय दिन

(ग) विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न

(घ) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(ङ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(च) पारिभाषिक शब्दको प्रयोग गर्न

(छ) आफ्नो गाउँटोलको परिचय लेख्न

(ज) बुँदाका आधारमा अनुच्छेद लेख्न

(झ) अरूबाट पाएको प्रेरणा भन्न/सुनाउन

(ञ) कुनै समस्यामा परेको कल्पना गरी त्यससँग सम्बन्धित प्रश्नको काल्पनिक उत्तर लेख्न

(ट) अपूर्ण र पूर्ण पक्षको पहिचान गर्न

(ठ) 'र' वर्णका विभिन्न रूपको पहिचान गर्न

(ड) आफूले घुमेको ठाउँको सम्झना गरी अनुच्छेद लेख्न

(ढ) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु संस्मरणको परिचय, चित्रबोध र छलफल, सस्वर पठन र शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, बोध प्रश्नोत्तर, सस्वर पठन र शुद्धोच्चारण बोध प्रश्नोत्तर, शब्दभण्डार (पारिभाषिक शब्द पहिचान), श्रुतिलेखन, सङक्षिप्त प्रश्नोत्तर, विषय वर्णन, प्रश्न निर्माण, घटनाक्रम निर्धारण, गाउँ वा टोलको परिचय लेखन भाषिक प्रकार्य (प्रेरणा कथन), क्रियाका अपूर्ण र पूर्ण पक्षको पहिचान, 'र' वर्णका विभिन्न रूपको पहिचान श्रुतिबोध (सुनाइ र बोलाइ), सिर्जनात्मक कार्य रहेका छन् ।

## ४. सामग्री

सहलेश बगैँचाको भिडियो, शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, अर्थ र शब्दको तालिका,सुनाइ पाठको श्रव्य सामग्री, शब्दकोश आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) कुनै यात्राको भिडियो देखाएर छलफल गर्नुहोस् ।

(ख) आफूले गरेको रमाइलो यात्राको प्रसङ्ग सुनाएर सिकारुलाई त्यस्ता घटना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

(ग) पूर्व पठनखण्ड मूल पाठमा रहेका चित्रहरूले के के कुरा सङ्केत गरेका छन् भनी छलफल गराउनुहोस् । ती सबै स्थान भ्रमणका लागि उचित भएको र त्यस्ता ठाउँको भ्रमण हाम्रा लागि अविस्मरणीय हुने कुरा बताउन खोजेका छन् भनी सहजकर्ताले स्पष्ट पारिदिनुहोस् ।

(घ) आजको कक्षाको सिकाइ पाठयवस्तुबारे जानकारी गराउनुहोस् ।

## मुख्य सिकाइ कार्यकलाप

### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले यात्रा वर्णन पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । शब्दार्थ सिकाउन सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले पाठ पढी पाठमा दिइएका शब्द र तिनका अर्थ कापीमा सारेर पढ्नुहोस् ।

## कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले आफूले गरेका, देखेभोगेका, सुनेजानेका, डुलेघुमेका अनुभूति, मन छुने कुनै प्रसङ्ग वा प्रेरणादायी घटनालाई समेटी निबन्धात्मक रूपमा तयार पारिएको रचना नै संस्मरण हो भन्ने विषयलाई पुष्टि गर्दै संस्मरणको संरचना बोध गराउने तालिका प्रस्तुति गर्नुहोस् । जस्तै :

**संस्मरण के हो र यसको संरचना कस्तो हुन्छ ?**

- आफूले अनुभव गरेका सम्झन योग्य प्रसङ्ग, अविस्मरणीय घटना वा अनभूतिलाई निबन्धात्मक शैलीमा लेखिएको रचना
- भ्रमण, जीवन भोगाइका क्रममा सँगालिएका अनुभूति, सङ्घर्ष, जीवनमा प्राप्त आशानिराशा तथा सफलता असफलता जस्ता विषयमा संस्मरण लेखिने
- मुख्य प्रसङ्ग, घटना वा अनुभूतिलाई साहित्यिक शैलीमा वर्णन गरी लेखिने
- यसमा गरिएको वर्णन सिलसिलेबार रूपमा हुने
- जीवनमा भोगेका रमाइला र नरमाइला दुवै खाले अनुभवलाई जस्ताको तस्तै उतारिने
- भ्रमणमा आधारित संस्मरण भए सम्बन्धित क्षेत्रको सामाजिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक, पुरातात्विक, ऐतिहासिक आदि अवस्थाको जानकारी दिएर विषयवस्तुको प्रस्तुतीकरण गरिने
- सामान्यतया संस्मरण भूतकालिक क्रियापदको प्रयोग गरी लेखिने भए पनि कहिलेकाहीँ विषयवस्तु र सन्दर्भअनुसार वर्तमान कालका पूर्ण पक्षका क्रियापदको प्रयोग गर्न पनि सकिने आत्मपरक शैलीमा लेखिने

(ख) सिकारुले साथीसँग मिलेर मनको सहलेश पाठ पढ्न लगाउनुहोस् । सिकारुलाई दिइएका अर्थका आधारमा पाठ पढेर लेख्न भनिएका शब्द टिपोट गर्न लगाउनुहोस् । सहजकर्ताले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दहरूको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा सिकारुबाट भएका कार्यको अनुगमन गरी सहजकर्ताले सहजीकरण गरिदिनुहोस् । यसपछि सिकारुले शब्दभण्डार खण्डको अभ्यास १ गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(ग) सिकारुले शब्दभण्डार खण्डको अभ्यास २ र ३ गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई यात्रा वर्णन सस्वरपठन गर्न लगाई पाठका उच्चारण गर्न कठिन शब्दहरू भन्न लगाउनुहोस् र टिपोट गरिएका शब्दको उच्चारणका लागि सर्वप्रथम सिकारुलाई नै अवसर दिनुहोस् । उच्चारण सिकाउँदा शब्दपत्तीको प्रयोगमार्फत अक्षरीकरण गरेर सिकाउनुहोस् ।

(ख) सिकारुले बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) सहजकर्ताले निर्देश गरेअनुसार सिकारुले कुनै अनुच्छेद घडी हेरेर सकेसम्म छिटो पढ्नुहोस् ।

(घ) पाठमा आधारित भएर केही बोध प्रश्नको सूची प्रदर्शन गर्नुहोस् र तिनका उत्तर भन्न तथा लेख्न लगाउनुहोस् । अगाडि पढेका आधारमा पाठका अन्य प्रश्नको पनि उत्तर लेखी सहजकर्तालाई देखाउनुहोस् । जस्तै :

(अ) यात्रा गर्ने मानिसले कहाँदेखि कहाँसम्मको यात्रा गरे ?

(आ) होटलबाट निस्केपछि लेखकले के के देखे ?

(इ) सहलेश फूलबारी कस्तो रहेछ ?

(ई) सहलेश राजाले कहाँ कहाँ के के गर्थे ?

(उ) लेखकको मन किन खुसी हुन सकेन ?

(ङ) सिकारुले कसैबाट तलको जस्तो अनुच्छेद सुन्नुहोस् र लेख्नुहोस् :

म प्रकाश हुँ । मलाई ज्योति, उज्यालो र आभा पनि भन्छन् । मेरा विभिन्न स्रोत छन् । सूर्य, चन्द्रमा, आगो, बत्ती मेरा स्रोत हुन् । आकाशमा देखिने तारा र अँधेरी रातमा उड्ने जुनकिरी पनि मेरा स्रोत हुन् । मेरो सबैभन्दा ठुलो स्रोत भनेको सूर्य हो । मेरो उपस्थितिमा धर्ती उज्यालो हुन्छ । प्राणीको जीवनमा उज्यालाको ठुलो महत्त्व छ । रुख, बिरुवा र लहराको जीवनमा पनि प्रकाशको महत्त्व छ । बोटबिरुवाले आफूलाई चाहिने खानेकुरा प्रकाशको सहायताबाट बनाउँछन् । सूर्यको प्रकाशमा मानिसको शरीरलाई निरोगी बनाउने भिटामिन पनि हुन्छ ।

(च) सिकारुले मनको सहलेश पाठ पढेर मुख्य मुख्य बुँदा लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सिकारुले पाठ पढी साथीलाई सोध्न पाँचओटा प्रश्न बनाउनुहोस् ।

(ज) अगिल्ला पाठमा सिकेका आधारमा बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ र १० गरेर सहजकर्तालाई जाँच्न दिनुहोस् र सुझाव लिनुहोस् ।

(झ) सहजकर्ताले सिकाएका आधारमा सिकारुले यस महिनाको भित्ते पात्रो हेरेर महत्त्वपूर्ण दिनहरू पत्ता लगाउनुहोस् ।

(ञ) सिकारुले आफ्नो गाउँ वा टोलका निम्नलिखित पक्ष समेटी परिचय लेखेर परिवारका सदस्यलाई सुनाउनुहोस् :

- गाउँको परिचयमा छुटाउन नहुने कुरा
- नेपालको कुन प्रदेश तथा जिल्लामा रहेको
- गाउँपालिका/नगरपालिका तथा वडा नम्बर
- गाउँ/टोलको नाम
- गाउँको भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा अन्य विशेषता
- गाउँका बहुसङ्ख्यक मानिसको पेसा
- गाउँको विशेष पहिचान

(ट) सिकारुले कुनै मेलामा जाँदा आफू हराएको अनुभव समेटी एक अनुच्छेद लेख्नुहोस् ।

(ठ) हाम्रा शुभचिन्तक, इष्टमित्र तथा आफन्तहरूले लेखपढ गर्न, कुनै कार्यक्रममा सहभागी हुन, सफलताका लागि श्रम गर्न वा हाम्रो उन्नतिका लागि काम गर्न हाम्रो हौसला बढाउने काम गरेका हुन्छन् । त्यस्तो कामलाई नै प्रेरणा भनिन्छ भन्दै तपाईँले कसैलाई प्रेरणा दिनुभएको छ कि छैन, अथवा अरूले तपाईँलाई प्रेरणा दिएको तपाईँलाई थाहा छ कि छैन ? यदि प्रेरणा कसैले दिएको छ भने त्यो प्रेरणा तपाईँले ग्रहण गर्नुभएको छ कि छैन ? भनेर सिकारुलाई प्रश्न गर्नुहोस् अनि आफूले अरूबाट पाएको प्रेरणासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । यसपछि पाठ्यपुस्तकको अभ्यास खण्डमा दिइएको उदाहरण स्लाइडमा प्रदर्शन गरेर सबैले सुन्ने गरी पढेर सुनाउनुहोस् । तल दिए जस्तै उदाहरण पनि दिनुहोस् । जस्तै :

हरिकला तह २ मा पढ्ने आमासँग बौद्धनाथ गुम्बा घुम्न गइन् । घुमेर बाहिर निस्कँदा सडक पेटीमा भोकले रोइरहेको अनाथ बालकलाई आमाले खानेकुरा किनेर खुवाउनुभयो । हरिकलाले भनिन्, “आमा ! त्यो केटालाई किन खानेकुरा किनेर खुवाउनुभएको ? त्यसलाई तपाईँले चिन्नुभएको छ ।

(ङ) बोध र अभिव्यक्ति को १५ नं. मा दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी अपूर्ण र पूर्ण पक्षका क्रियापदहरूको प्रयोग भएको एउटा अनुच्छेद स्लाइडबाट प्रदर्शन गरेर पढेर सिकारुलाई सुनाउनुहोस् । जस्तै :

मेरो वार्षिक परीक्षा आउँदै छ । म परीक्षाको तयारी गर्दै छु । तिमी पनि पढाइ लेखाइमा ध्यान दिँदै छौ । गुरुले चाहिँ पढेका कुरा लेख्न भन्नुभएको छ । हामी लेखेका अभ्यास गुरुलाई देखाउँदै छौँ । नजानेका अभ्यास सिकेका छौँ । गत वर्ष मेरो परीक्षा राम्रो भएको थियो । यसपालि पनि हामी सबैले परीक्षामा राम्रो नतिजा ल्याएका हुने छौँ ।

(ख) उक्त अनुच्छेदमा आएका क्रिया कतै अपूर्ण पक्षमा त कतै पूर्ण पक्षमा रहेको जानकारी दिनुहोस् । क्रिया जुनसुकै कालमा भए पनि त्यो कालमा काम हुँदै गरेको तर पूरा नभएको बुझिए अपूर्ण पक्ष र काम पूरा भइसकेको बुझिएमा पूर्ण पक्ष हुने जानकारी गराउनुहोस् र यसलाई विभिन्न उदाहरण दिएर छलफल गरी सिकारुलाई स्पष्ट पार्नुहोस् । क्रियाको मूल रूपलाई धातु भनिने (जस्तै : ‘पढ्छ’ को पढ्) र धातुमा ‘दै’ जोडिएको अवस्थामा अपूर्ण पक्ष (जस्तै : ‘पढ्छ’ को पढ्दै छ) र ‘एको’ जोडिएमा चाहिँ पूर्ण पक्षका क्रियापद (जस्तै : ‘पढ्छ’ को पढेको छ) हुने कुरा पनि छलफल तथा उदाहरणबाट नै स्पष्ट पार्नुहोस् । जस्तै :

| | |
|---|---|
| **क्रियाको अपूर्ण पक्ष :** | रमाउँदै छ, लेख्दै थिए, हाँस्दै हुनुहुने छ |
| | सुरेशले कथा भन्दै थियो । |
| **क्रियाको पूर्ण पक्ष :** | रमाएको छु, लेखेको थिएँ, हाँस्नुभएको हुने छ । |
| | सुरेशले कथा भनेको थियो । |

(ग) सिकारुले भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ र २ समाधान गरी सहजकर्तालाई देखाउनुहोस् ।

(घ) सिकारुलाई ‘र’ वर्णका विभिन्न रूपको प्रयोग भएका एउटा अनुच्छेद पढ्न लगाउनुहोस् र त्यस अनुच्छेदमा प्रयोग गरिएका ‘र’ वर्णमा रेखाङ्कन वा गोलो घेरा लगाउन भन्नुहोस् । जस्तै :

देवेन्द्र राष्ट्रलाई माया गर्छन् । समाजको विकासमा योगदान पुऱ्याउँछन् । उनको आदर्श विचार सुनेर धेरै मानिसहरू छक्क पर्छन् । राजुले देवेन्द्रबाट धेरै कुरा सिकेका छन् । आज राजु देवेन्द्रलाई भेटन उनको घरमा गए । त्यहाँ पुग्दा उनकी आमा भन्नुहुँदै थियो, “देवेन्द्र, कुरा हैन, पहिला काम गर त छोरा ।”

उपर्युक्त उदाहरणमा र, ⁄, ऱ, ‸ तथा ़ र जस्ता विभिन्न रूपमा एउटै ‘र’ वर्णको प्रयोग भएको कुरा छलफलबाट स्पष्ट पार्नुहोस् अनि भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा रहेको उदाहरण हेर्न र मनन गर्न निर्देश दिनुहोस् । सिकारुले र का विभिन्न रूप प्रयोग भएका एक एक शब्द लेखेर सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले सिकारुका कार्यको अवलोकन गर्दै आवश्यकताअनुसार थप सिकाइ सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र सिकारुका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् ।

### कार्यकलाप ६ : सिर्जनात्मक कार्य (स्वनिर्देशित)

सिकारुले पुस्तकमा दिइएको सिर्जनात्मक कार्य गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

### सबलीकरण कार्यकलाप

(क) निम्नलिखित अनुच्छेदको समयबद्ध पठन गर्न लगाउनुहोस् :

> बिदाका दिनमा म धेरै पटक त्यस बगैँचाभित्र डुल्थेँ । फूल वरिपरिका झार उखेल्थेँ । बगैँचाका बिचको पोखरीछेउमा बस्थेँ । माछालगायत अनेक वस्तु हेर्दै हर्षित हुन्थेँ । आमाबुबासँग मन्दिर जाँदा पनि म त्यस बगैँचालाई परिक्रमा गर्थें । त्यहाँका फूल हेरेर रमाउँथेँ । लहरा देखेर फुर्किन्थेँ । त्यो सफा निलो पोखरी ! त्यसलाई देख्नासाथ म निकै उत्सुक हुन्थेँ ।

(ख) साथीबाट अनुच्छेद सुनी श्रुतिलेखन गर्न लगाउनुहोस् :

> सानैदेखि म बगैँचा र पोखरी मन पराउँथेँ । त्यसैले मलाई मत्स्यपोखरीले धेरै नै लोभ्यायो । पहिलो पटकको यस यात्राले कैयौँ दिनसम्म एकोहोरो बनायो । म खासै उकालो ओरालो कहिल्यै हिँडेको थिइनँ । मत्स्यपोखरीको भ्रमणमा त्यस्ता कुराले केही प्रभाव पारेन ।

(ग) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| संस्मरणको परिचय दिँदा | |
| आफ्नो गाउँटोलको परिचय लेखाउँदा | |
| बुँदाका आधारमा अनुच्छेद लेख्न लगाउँदा | |
| अरूबाट पाएको प्रेरणा भन्न/सुनाउन | |
| अपूर्ण र पूर्ण पक्षको पहिचान गराउँदा | |

| | |
|---|---|
| र' वर्णका विभिन्न रूपको पहिचान गर्न | |
| आफूले घुमेको ठाउँको सम्झना गरी अनुच्छेद लेख्न लगाउँदा | |
| सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न | |

**मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)**

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| **मूल्याङ्कन आधार** | **स्तर** (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| वर्णन सिप | |
| भाव वा विषयवस्तु प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर                                   अभिभावकको हस्ताक्षर

# मणिरामको दैनिकी (दैनिकी)

## १. परिचय

प्रत्येक दिन व्यक्तिले गरेका महत्त्वपूर्ण कार्यको क्रमिक वर्णनमा आधारित भई लेखिएको रचनालाई दैनिकी भनिन्छ । यसका अतिरिक्त यसमा घटना, अनुभव, भेटघाट वा सम्झन योग्य अनुभूतिहरूलाई पनि समेटिएको हुन्छ । दैनिक जीवनमा व्यक्तिले गरेका महत्त्वपूर्ण काम, कर्तव्य र यससँग जोडिएका सम्झनालाई जीवन्त र स्मरणीय बनाउन सिकारुले दैनिकी लेख्नुपर्ने कुरालाई यस पाठले प्रोत्साहन दिएको छ । दैनिकीमा भाषाको सरल तथा विश्लेषणात्मक प्रस्तुति रहेको हुन्छ । यस विधाको शिक्षणबाट सिकारुमा विचारलाई शृङ्खलाबद्ध ढङ्गले अभिव्यक्ति दिने कलाको विकास गराउन सकिन्छ । यसबाट सिकारुमा आफूले गरेका दिनभरिका कार्यकलापलाई स्वतन्त्र रूपमा वैचारिक अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । भाषिक सिपको विकासमा दैनिकी विधाको उपयोगबाट मुख्य रूपमा लेखाइ सिपको विकासमा सहयोग पुगी आवश्यकताअनुसार अन्य भाषिक सिपको पनि विकास हुन्छ । दैनिकी विधाको शिक्षण सस्वर तथा मौन पठन, पाठगत शब्दको उच्चारण, अर्थ र वाक्यमा प्रयोग, पठनबोध, अनुच्छेद रचना तथा दैनिकी लेखन सिपको विकासमा केन्द्रित हुनुपर्छ । दैनिकी विधाको शिक्षणको प्रमुख उद्देश्य सिकारुमा भाषिक सिपको विकास विकास गराउनु हो । यस पाठमा सिकारुमा सुनाइ, पदावली पहिचान, सिलसिलेबार वर्णन, दैनिक घटनाको वर्णन, भाषिक सञ्चारका लागि सान्दर्भिक भाषाको प्रयोग, विषयवस्तुका आधारमा अनुमान, कल्पना तथा वर्गीकरण, पहिचान गरिएका विषयवस्तुको वर्णन जस्ता सुनाइ र बोलाइ सिपको विकास गराउनुपर्छ । सस्वर पठन, मौन पठन, द्रुत पठन तथा गतिवृद्धि, प्रश्ननिर्माण र उत्तर पहिचान, सन्दर्भ अनुकूलको विषय वर्णन जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप गराउनुपर्छ । लेखाइ सिपअन्तर्गत लेखन ढाँचाको शैली अनुकरण, प्रश्नोत्तर, आफूले सोचेको वा अनुभव गरेको विषयको क्रमिक प्रस्तुति, दैनिकी लेखन, शब्द, शब्दावली वा शीर्षकका आधारमा विषय वर्णन जस्ता पक्षमा ध्यान दिनुपर्छ । यस पाठमा भाषिक संरचनाअन्तर्गत विभक्ति (ले, लाई, बाट, को, मा, देखि, द्वारा) पहिचान र प्रयोगसम्बन्धी अभ्यास तथा वर्णविन्यासअन्तर्गत पदयोग र पदवियोग हुने अवस्थाको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत सिङ्गो शब्दको पहिचान र प्रयोग एवम् पाठगत शब्दको अर्थबोध र प्रयोगसम्बन्धी अभ्यास गराउनु अपरिहार्य हुन्छ । भाषिक प्रकार्यअन्तर्गत अनुभव वर्णनको अभ्यास गराउनुपर्छ । श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । सहजकर्ताले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ । यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ३ घण्टा र स्वनिर्देशिततर्फ १० घण्टा गरी जम्मा १३ घण्टा समय निर्धारण गरिएको छ ।

## २. सिकाइ उपलब्धि

(क) पूर्व पठन खण्डको तस्बिर र विषयवस्तुका आधारमा दैनिकीको पहिचान गर्न

(ख) दैनिकीको स्वरूप र संरचनाको परिचय दिन

(ग) विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न

(घ) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(ङ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(च) कारण स्पष्ट पारी सोधिएको प्रश्नको उत्तर लेखन

(छ) कुनै घटनाको कल्पना गरी उत्तर लेख्न

(ज) देखेको घटना वा दृश्यका आधारमा अनुच्छेद लेख्न

(झ) ढाँचाअनुसार दैनिकी लेख्न

(ञ) विभक्ति चिह्नको पहिचान गरी प्रयोग गर्न

(ट) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु चित्र पहिचन र छलफल, दैनिकीको परिचय र संरचना, सस्वर पठन, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग, प्रश्नोत्तर, संरचना पहिचान (वाक्य सङ्ख्या पहिचान), मौखिक प्रश्नोत्तर, श्रुतिलेखन, द्रुत पठन, मौन पठन र प्रश्न निर्माण, सङक्षिप्त प्रश्नोत्तर, छलफल र निष्कर्ष कथन, कारणमूलक प्रश्नोत्तर, काल्पनिक उत्तर लेखन, अनुच्छेद लेखन, दैनिकी लेखन, भाषिक प्रकार्य (घटना वर्णन, विभक्ति चिह्न, पदयोग र पदवियोग, श्रुतिबोध (सुनाइ र बोलाइ), सिर्जनात्मक कार्य रहेका छन् ।

## ४. सामग्री

शब्दपत्ती, शब्दार्थपत्ती, वाक्यपत्ती, अर्थ र शब्दको तालिका, प्रश्नसूची, नमुना उत्तर, सुनाइ पाठको श्रव्य सामग्री, शब्दकोश आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सहजकर्ताले आजको दिन बिहानदेखि अहिलेसम्मका आफ्ना घटना सङ्क्षेपमा सुनाउनुहोस् ।

(ख) सिकारुमध्ये दुईतीन जनालाई उसका पनि दिनभरिका घटना सुनाउने अवसर दिनुहोस् र सिकाइका लागि तयार गराउनुहोस् ।

(ग) आजको कक्षाको सिकाइ पाठयवस्तुबारे जानकारी गराउनुहोस् ।

## मुख्य सिकाइ कार्यकलाप

### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले दैनिकी पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । शब्दार्थ सिकाउन सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले पाठ पढी पाठमा दिइएका शब्द र तिनका अर्थ कापीमा सारेर पढ्नुहोस् ।

### कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले सिकारुलाई दैनिकी लेखनको अनुभव सोध्नुहोस् र सोको वर्णनपश्चात् सहजकर्ताले पृष्ठपोषणसहित निष्कर्ष दिनुहोस् । मानिसले कुनै पनि दिन गरेका दिनभरिका क्रियाकलापलाई समेटी तयार गरिएको रचना विशेष

नै दैनिकी हो । यो कुनै पनि दिनको दिनभरिका विषयमा केन्द्रित हुन्छ भन्ने कुरा जनाउँदै दैनिकीको संरचना बोध गराउने तालिका स्लाइडबाट प्रस्तुत गर्नुहोस् । जस्तै :

**दैनिकी के हो र यसको संरचना कस्तो हुन्छ ?**

- दिनदिनै भएगरेका कुरालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको रचना
- प्रत्येक दिन गरिएका महत्त्वपूर्ण काम भएका घटना र तिनले दिएको सन्देश समावेश गरेर दैनिकी रचना गरिने
- दैनिकी लेखनबाट आफूले पहिले गरेका कामको मूल्याङ्कन गर्दै अगि बढन सहयोग पुग्ने
- यसलाई बितेको समयका आधारमा भविष्यको बाटो देखाउने ऐनाका रूपमा लिन सकिने
- दिनहुँ दैनिकी रचना गर्दा पछि जीवनी तयार पार्न पनि सहज हुने
- दैनिकी लेखनका लागि शीर्षक अनिवार्य हुने
- कुन दिनको दैनिकी लेख्ने हो, त्यसको पूरा मिति उल्लेख गरेर त्यस दिनका क्रियाकलाप वर्णन गर्ने

(ख) सहजकर्ताले तयार पारी ल्याएको दैनिकी लेख्ने तरिका जनाउने सूचीपत्र प्रदर्शन गरी सिकारुलाई त्यसमा रहेको संरचनाबारे छलफल गराउनुहोस् अनि पाठमा भएको प्रकाशको दैनिकीमा ती विषयवस्तु रहेको वा नरहेको तुलना गर्न लगाउनुहोस् । जस्तै :

**दैनिकी लेख्ने तरिका**

- दैनिकी लेख्दा पेजको सिरानमा शीर्षक लेखी बायाँतिर सुरुमा दैनिकी लेख्ने व्यक्तिले आफूले जुन ठाँउमा बसी सो दैनिकी लेखेको हो त्यस ठाँउको ठेगाना छोटकरीमा लेख्नुपर्छ ।
- ठेगानाको ठिक मुनि दैनिकी लेखेका दिनको पूरा मिति लेख्नुपर्छ ।
- मितिको ठिक मुनि दैनिकी लेख्ताको समय लेख्नुपर्छ, जस्तैः

  **स्थान** : कन्याम, इलाम

  **मिति** : २०८१/१०/१० गते

  **समय** : रातको ८ बजे
- ठेगाना, मिति र समयको तलपट्टिबाट दैनिकीको मुख्य भाग लेखिन्छ । त्यस क्रममा दैनिकी लेख्नेले आफूले सम्बन्धित दिनको सुत्ने बेलासम्म गरेका मुख्य मुख्य काम सिलसिला मिलाएर लेख्नुपर्छ ।
- अनुच्छेद आवश्यकताअनुसार थप्दै जान सकिन्छ ।
- दैनिकी आफ्नै दिनभरिका गतिविधि भएकाले आफूलाई 'म' पात्रका रूपमा राखेर प्रथम पुरुष कथनशैलीमा लेख्नुपर्छ ।

(ग) सिकारुले मणिरामको दैनिकी पाठ पढ्नुहोस् । सिकारुले दिइएका अर्थका आधारमा पाठ पढेर लेख्न भनिएका शब्द टिपोट गर्नुहोस् । सहजकर्ताले केही कठिन शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी उक्त शब्दहरूको अर्थगत धारणा स्पष्ट पारिदिनुहोस् । शब्दलाई वाक्यमा प्रयोग गर्ने क्रममा सिकारुबाट भएका कार्यको अनुगमन गरी सहजकर्ताले सहजीकरण गरिदिनुहोस् । यसपछि सिकारुले शब्दभण्डार खण्डको अभ्यास १ गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

(घ) सिकारुले शब्दभण्डार खण्डको अभ्यास २, ३ र ४ गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले गति, यति, लेख्य चिह्नको ख्याल गरेर पाठ सस्वर पठन गर्नुहोस् । सस्वर पठन गर्ने क्रममा उच्चारणमा कठिनाइ भएका शब्द रेखाङ्कन गर्नुहोस् । सिकारुले टिपोट गरेका शब्दलाई अक्षरीकरणको संरचनाअनुसार नै उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) सहजकर्ताले निर्देश गरेअनुसार सिकारुले पाठ पुनः सस्वर पठन गर्नुहोस् । कुनै अनुच्छेद घडी हेरेर सकेसम्म छिटो पढ्नुहोस् र सहजकर्ताले दिएका तल लेखिएजस्ता प्रश्नका उत्तर पूर्ण वाक्यात्मक ढाँचाअनुसार दिनुहोस् :

(अ) मणिराममलाई किन खुसी लाग्यो ?

(आ) पत्नीले के सम्झाइन् ?

(इ) निर्मला कहाँ जान लागेकी थिइन् ?

(ई) पशु कस्तो सम्पत्ति हो ?

(उ) मणिराम किन खुसी भयो?

अन्य प्रश्नहरूको उत्तर पनि यसै गरी भन्न लगाउनुहोस् । सिकारु ले भनेको प्रश्नको उत्तर मिले नमिलेको सिकारुबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(घ) सिकारुले कसैबाट पाठको कुनै अनुच्छेद सुन्नुहोस् र लेख्नुहोस् ।

(ङ) सिकारुले पाठ पढी साथीलाई सोध्न पाँचओटा प्रश्न बनाउनुहोस् ।

(च) सिकारुले बोध तथा अभिव्यक्ति खण्डको अभ्यास नं ८ को उत्तर लेखेर सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सिकारुले बोध तथा अभिव्यक्ति खण्डको अभ्यास नं ९ को दैनिकी पढेर मुख्य विषयवस्तु लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(ज) सिकारुलाई तपाईँ खेलकुद, सिर्जनात्मक लेखन, गायन, वाचन, नृत्य, अभिनय, भाषण, हाजिरीजवाफ आदिसँग सम्बन्धित प्रतियोगितामध्ये कुन क्षेत्रसँग सम्बन्धित प्रतियोगितामा सहभागी हुनुभएको छ भनी प्रश्न गर्नुहोस् । सिकारुबाट आएका उत्तरहरूको समीक्षा गरी यस्तो प्रश्नको उत्तर दिँदा प्रतियोगी बन्नुको कारण खुलाएर भन्नु वा लेख्नुपर्ने कुरामा सचेत गराउनुहोस् । सम्बन्धित क्षेत्रमा रुचि तथा अनुभव भएको, त्यस क्षेत्रको ज्ञान भएको, विगतमा पनि त्यस्ता प्रतियोगितामा सहभागी भएको, पुरस्कार पाएको, भविष्यमा पनि त्यस क्षेत्रमा लाग्ने योजना रहेको, पारिवारिक पृष्ठभूमिसँग त्यो क्षेत्रको सम्बन्ध रहेको आदिमध्ये मिल्दो कारण दिनुपर्ने कुरा स्पष्ट पारिदिनुहोस् । थप सहजीकरणका लागि बोध र अभिव्यक्ति खण्डको अभ्यास नं १० र ११ लाई समेट्दै नमुना उत्तर प्रदर्शन गर्नुहोस् । जस्तै :

उत्तर : मलाई कविता पढ्न र लेख्न मन लाग्छ । मैले फुर्सदमा तथा विभिन्न अवसरमा कविता लेख्ने र सुनाउने गरेको छु । सिकाइ केन्द्रमा पनि मैले कविता लेखेर विभिन्न अवसरमा प्रस्तुत गरेको छु । घरमा पनि मेरी आमाले कविता लेख्नुहुन्छ र मलाई उहाँले नै कविता लेख्न र वाचन गर्न सिकाउनुभएको हो । कविता लेखेर मैले धेरै पटक पुरस्कार पनि पाएकी छु । त्यसैले मेरो सिकाइ केन्द्रले प्रतियोगितात्मक कार्यक्रमको आयोजना गर्‍यो भने म कविता वाचन र लेखनको क्षेत्रमा प्रतियोगी बन्न चाहन्छु ।

(झ) बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ राम्ररी पढी निर्देशानुसार गरी सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा प्रस्तुत गरिएको अनुच्छेद स्लाइडबाट प्रदर्शन गर्नुहोस् र सिकारुलाई पठन गरेर सुनाउनुहोस् । जस्तै :

> दाजुले फलफूल ल्याउनुभयो । उहाँले सबैलाई बाँड्नुभयो । मैले चक्कुले फलफूल काटेँ । दाजुले पल्ला घरका काकालाई पनि फलफूल दिनुभयो । काकाले दाजुको हातबाट फलफूल लिनुभयो । काकाले तिम्रो गुन म केले तिरौँला भन्नुभयो । मेरो दाजुको व्यवहारले मेरो मनमा शान्ति मिल्यो ।

(ख) उक्त अनुच्छेदमा रातो रङले लेखिएका रूप (अक्षर) हरूलाई ध्यानपूर्वक विचार गर्न लगाउनुहोस् । तपाईँहरूले वाक्य वा अनुच्छेद लेख्दा त्यस्ता चिह्नहरूको प्रयोग गर्नुभएको छ कि छैन, सोध्नुहोस् अनि रातो लागेका ती रूप/अक्षर विभक्ति भएको जानकारी दिनुहोस् । नाम, सर्वनाम र विशेषणका पछाडि जोडिन आउने यस्ता चिह्नलाई विभक्ति भनिने कुरा माथिको अनुच्छेदका वाक्यका आधारमा स्पष्ट पार्नुहोस् र यस विषयमा सिकारुबिच छलफल गराउनुहोस् ।

(ग) विभक्तिको पहिचान गर्न प्रयोग पक्ष अपरिहार्य हुने भएकाले अब सिकारुलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २, ३ र ४ को क्रियाकलाप गरी देखाउनुहोस् ।

## कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र सिकारुका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् । जस्तै :

| | |
|---|---|
| • जङ्गलमा जनावर र पन्छी बस्छन् । | ठिक |
| • फलफूल र कन्दमूल जङ्गलमा पाइँदैन । | बेठिक |
| • जङ्गलले मानिसको जीवन चलाउन सहयोग गरेको छैन । | बेठिक |
| • मानिसले दाउरा, काठ जङ्गलबाट ल्याउँछन् । | ठिक |

**प्रश्न** : पशुपन्छीको आहारा कहाँ पाइन्छ ?

**उत्तर** : पशुपन्छीको आहारा जङ्गलमा पाइन्छ ।

## कार्यकलाप ६ : सिर्जनात्मक कार्य (स्वनिर्देशित)

(क) सिकारुले पुस्तकमा दिइएको सिर्जनात्मक कार्य गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) दिइएको अनुच्छेद साथीबाट सुनाई श्रुतिलेखन गराउनुहोस् :

> छिरिङ आफनो नाम सुन्ने बित्तिकै बुरुक्क उफ्रिइन् । म पनि उनको अनुहार हेरेर बुरुक्क उफ्रिएँ । गुरुले छिरिङलाई बधाई दिनुभयो । कार्यक्रम हलमा निकै बेरसम्म ताली बजिरह्यो ।

(ख) पाठको अन्तिम अनुच्छेद मौन पठन गरी कुनै तीनओटा प्रश्न बनाउन लगाउनुहोस् ।

(ग) वार्षिकोत्सवमा आफू सहभागी हुँदाको क्रियाकलाप समेटी एक दिनको दैनिकी लेख्नुहोस् ।

(घ) दिइएका वाक्यमा मिल्ने विभक्तिको प्रयोग गर्न लगाउनुहोस् :

(अ) खेलाडीहरू..... खेल...... देशलाई विश्व..... चिनाउँछन् ।

(आ) तिमी त्यो बाटो....... यता आऊ ।

(इ) उस..... घरमा तिमी...... निम्तो छ ।

(ई) म खुकुरी..... दाउरा काट्छु ।

(ङ) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| दैनिकीको स्वरूप र संरचनाको परिचय दिन लगाउँदा | |
| विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न लगाउँदा | |
| पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न लगाउँदा | |
| पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउँदा | |
| देखेको घटना वा दृश्यका आधारमा अनुच्छेद लेख्न लगाउँदा | |
| ढाँचाअनुसार दैनिकी लेख्न लगाउँदा | |
| विभक्ति चिह्नको पहिचान गरी प्रयोग गर्न लगाउँदा | |
| सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न लगाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
| --- | --- |
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| वर्णन सिप | |
| विवरण प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

# पुतली (कविता)

## १. परिचय

'पुतली' महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित कविता पाठ हो । कविता साहित्यको लयात्मक, श्रव्य र पाठ्य विधा हो । सिकारुलाई मुख्य रूपमा पढाइप्रति रुचि जगाउन र गति, यति मिलाई लय हालेर वाचन गर्ने बानीको विकास गर्न तथा शब्दभण्डारको विकासका लागि कविता विधाको उपयोग गरिन्छ । 'पुतली' शीर्षकको कविता प्रकृतिपरक कविता हो । कविता विधाको उपयोग गरेर सिकारुमा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गराउन सकिन्छ। कविता अभिव्यक्ति कलाको उत्कृष्ट रूप हो । कवितामा लयात्मकता, गेयात्मकता र श्रुतिमधुरता पाइने हुनाले भाषाको बोध तथा अभिव्यक्ति सिपको विकासमा यस विधाको प्रभावकारी उपयोग गर्न सकिन्छ। यस पाठको शिक्षण लयबद्ध वाचन, अनुकरण वाचन, पाठगत शब्दको उच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग तथा बोध प्रश्नोत्तर जस्ता क्रियाकलाप केन्द्रित हुनुपर्छ। प्रस्तुत पाठको शिक्षण गर्दा सुनाइ तथा बोलाइ सिपमा सुनाइ र अनुकरण, स्थानीय तहमा प्रचलित गीतको सुनाइ र गायनको अभ्यास, विषयवस्तुमा आधारित प्रश्नोत्तर, छलफल र अन्तरक्रिया, पद्य रचना सुनी लयात्मक शब्द पहिचान र उच्चारण, धारणा तथा कल्पनाको अभिव्यक्ति आदि सिपको विकास गराउनुपर्छ। पढाइ सिपअन्तर्गत समूह, युगल र एकल रूपमा लयबद्ध पठन, सन्दर्भ बोध, पाठको विषयबोध र चित्रात्मक प्रस्तुति ढाँचा, शैली पहिचान र लयबोध, चित्र, शीर्षक र विषयवस्तुको आधारमा अनुमान (पूर्व, तत्काल र पश्च), पाठको सन्दर्भ र विषयवस्तुको पूर्वानुमान जस्ता विषयवस्तु शिक्षण गर्नुपर्छ। लेखाइमा प्रश्नोत्तर, गद्यमा रूपान्तरण, भाव लेखन, अनुलेखन, शब्द वा पदावली पूरण, निर्देशित पद्य रचना, श्रुतिरचना जस्ता भाषिक सिपको विकास गराउनुपर्छ। भाषिक संरचना र वर्णविन्यासमा लिङ्ग र वचन सङ्गति पहिचान र प्रयोग एवम् ह्रस्व इकार र दीर्घ ईकार (सुरु, बिच र अन्त्य) को पहिचान र प्रयोग (पुनरावृत्ति) सिकाउनुपर्छ। शब्दभण्डारमा पाठगत शब्दको अर्थबोध र प्रयोग, लय मिल्ने शब्दको पहिचान र प्रयोग गराउनुपर्छ भने भाषिक प्रकार्यमा स्वज्ञानको प्रयोगको अभ्यास गराउनुपर्छ। श्रुतिबोध अभ्यासअन्तर्गत सुनाइ पाठका आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ। शिक्षकले पाठ्यक्रमको अपेक्षा र सिकारुको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अन्य अभ्यास गराउन सक्नुहुने छ । यस पाठको सिकाइका लागि प्रत्यक्षतर्फ ४ घण्टा र स्वनिर्देशिततर्फ १२ घण्टा गरी जम्मा १६ घण्टा समय निर्धारण गरिएको छ।

## २. सिकाइ उपलब्धि

(क) तस्बिरमा आधारित भएर अनुमान तथा कल्पना गर्न

(ख) सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गर्न

(ग) छन्द कवितालाई लययबद्ध वाचन गर्न

(घ) पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गर्न

(ङ) पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न

(च) कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई स्वज्ञान प्रस्तुत गर्न

(ज) स्त्रीलिङ्गी शब्द निर्माण गर्न

(झ) एकवचन र बहुवचन शब्दको प्रयोग गर्न

(ञ) दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न

(ट) वाक्य सङ्गति मिलाएर लेख्न

(ठ) ह्रस्व इकार र दीर्घ ईकार लागेका शब्दटिपोट गर्न

(ड) सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न

## ३. विषयवस्तु

यस पाठका मुख्य विषयवस्तु दृश्य (चित्र) पहिचान, श्रुतिबोध, छलफलकविताको लयवद्ध वाचन, कविताको संरचना पहिचान, शुद्धोच्चारण, शब्दार्थबोध वाक्यमा प्रयोग, शब्दभण्डार (शब्दार्थ र वाक्य रचना) मौखिक प्रश्नोत्तर, कविता पूरण अनुलेखन, श्रुतिलेखन, कविताका पङक्तिको गद्य रूपान्तरण, प्रश्नोत्तर, प्रश्न निर्माण र उत्तर पहिचान, कवितांशको अर्थ/आशयबोध तथा लेखन मुख्य भाव वा विषयवस्तु लेखन, निर्दिष्ट विषयमा छलफल तथा लेखन, चित्रबोध र छलफल, भाषिक प्रकार्य (स्वज्ञानको प्रस्तुति), भाषिक संरचना (स्त्रीलिङ्ग, एकवचन र बहुवचन ) वाक्य परिवर्तन, वाक्य सङ्गति, वर्णविन्यास (शुद्ध लेखन), श्रुतिबोध (सुनाइ र बोलाइ), सिर्जनात्मक कार्य (कविता पूरण) रहेका छन् ।

## ४. सामग्री

पूर्व पठन खण्डका तस्बिर, पारिस्थितिक प्रणाली झल्काउने तस्बिर, श्रव्यदृश्य सामग्री, श्लोकपत्ती, कविता वाचनको नमुना श्रव्य सामग्री), कविताको संरचना तालिका, शब्दपत्ती, शब्दार्थपत्ती, प्रश्नोत्तरको नमुना, श्लोकपत्ती, मूल भावको नमुना, पुतलीको जीवनचक्र भएको श्रव्यदृश्य सामग्री, चित्र, कार्डबोर्ड, साइनपेन, स्वज्ञानसँग सम्बन्धित श्रव्यदृश्य/ श्रव्य सामग्री, स्त्रीलिङ्गी तथा एकवचन र बहुबचनको तालिका र उदाहरण, शब्दकोश आदि

## ५. सिकाइ सहजीकरण कार्यकलाप

### सुरुआती कार्यकलाप

(क) सिकारुसँग मिलेर कुनै रमाइलो गीत गाउनुहोस् ।

(ख) अगिल्लो कक्षामा छलफल गरेका विषयवस्तुको पुनःस्मरण गराई आजको कक्षाको पाठयवस्तुबारे जानकारी दिनुहोस् ।

(ग) शिक्षकले सम्भव भएसम्म प्रोजेक्टरमार्फत वा आफूले ल्याएको वा पाठ्यपुस्तकको पूर्व पठन खण्डको तस्बिर प्रस्तुत गर्नुहोस् र प्रस्तुत गरिएको चित्रका बारेमा सिकारुलाई आफूले जानेबुझेका कुरा वर्णन गर्न लगाउनुहोस् ।

### मुख्य सिकाइ कार्यकलाप

#### कार्यकलाप १ : शब्दार्थ (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले पुतली कविता लय हालेर पढ्नुहोस् र आफूले अर्थ नजानेको शब्द टिपोट गर्नुहोस् । टिपोट गरिएका शब्दको अर्थ पाठका शब्दार्थ हेरेर, शब्दकोश हेरेर र सहजकर्तालाई सोधेर थाहा पाउनुहोस् । शब्दार्थ सिकाउन सहजकर्ताले आवश्यकतानुसार शब्दार्थपत्तीको प्रयोग गरी शब्दार्थको अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले पाठ पढी पाठमा दिइएका शब्द र तिनका अर्थ कापीमा सारेर पढ्नुहोस् ।

#### कार्यकलाप २ : शब्दभण्डार (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुलाई पाठ्य कविताको गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा

सिकारुले लय मिलाई वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । शिक्षकले पाठ्य कविताका श्लोक उपजाति छन्दको नियमअनुसार प्रत्येक पङ्क्तिलाई लयबद्ध वाचन गरेर सुनाउनुहोस् । उपजाति छन्दको प्रत्येक पाउको पाँचौँ अक्षरमा सामान्य विश्राम गरी वाचन गर्न सकिने कुरा आफैँले नमुना वाचन गरेर सिकाउनुहोस् र उनीहरूलाई त्यसैगरी वाचन गर्न निर्देशन दिनुहोस् । सम्भव भएसम्म पाठ्य कविता वाचनको श्रव्यदृश्य वा श्रव्य सामग्री देखाउनुहोस् वा सुनाउनुहोस् । कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्ने क्रममा संयुक्त वर्ण (आधा अक्षर जोडिएका वर्ण) लाई एक अक्षर मानेर गन्नुपर्ने कुराको जानकारी दिनुहोस् ।

(ख) शिक्षकले कविताको लयबद्ध वाचन गरिदिनुहोस् । पुतली कविता उपजाति छन्दमा लेखिएको छ । यो एघार अक्षरको हुन्छ । यसको लयाबद्ध वाचन गर्दा पाँच अक्षरमा पहिलो अर्धविश्राम र अन्तिम छ अक्षरमा पूर्ण विश्राम गरेर गाउन सिकाउनुहोस् । यसका लागि (५ + ६) को संरचनामा कविताका पङ्क्ति लेखिएको तालिका प्रदर्शन गर्नुहोस् । सकारुलाई पनि लयबद्ध वाचन गर्न लगाउनुहोस् र लयबद्ध वाचनका क्रममा सिकारुमा देखिएका कमीकमजोरी सुधार गर्न आवश्यक सहयोग गरिदिनुहोस् ।

(ग) सिकारुले शब्दभण्डार खण्डको अभ्यास १, २ र ४ गरी सहजकर्तालाई देखाउनुहोस् । सहजकर्ताले जाँचिदिनुहोस् ।

(घ) सहजकर्ताले समावेशक र समावेश्य शब्दका केही उदाहरण प्रस्तुत गरी अवधारणा स्पष्ट पार्नुहोस् । जस्तै :

| **समावेशक शब्द** | **समावेश्य शब्द** |
|---|---|
| जनावर | गाई, भैँसी, कुकुर, बिरालो |
| देश | नेपाल, भारत, चीन |
| फूल | चमेली, गोदावरी, गुलाब, बाबरी |
| ऋतु | वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिर |
| हिमाल | सगरमाथा, अन्नपूर्ण, कञ्चनजङ्घा, माछापुछ्रे, लोहत्से |

यसै गरी शिक्षकले पहिले नै तयार पारेको समावेशक समावेश्य शब्द प्रयुक्त अनुच्छेद प्रदर्शन गर्नुहोस् र त्यसबाट समावेशक समावेश्य शब्द पहिचान गरी सूचीकृत गर्न लगाउनुहोस् । त्यसपश्चात् तिनै समावेशक समावेश्य शब्दको प्रयोग गरी अनुच्छेद बनाउन लगाउनुहोस् ।

(ङ) सिकारुले शब्दभण्डार खण्डको अभ्यास ४ र ५ गरेर सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ३ : बोध र अभिव्यक्ति (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सिकारुले अगिल्लो कक्षामा सिकिएको उपजाति छन्दको प्रत्येक पाउको पाँचौँ अक्षरमा सामान्य विश्राम गरी वाचन गरिने तरिका पुनरावृत्ति गरी कविता वाचन गर्नुहोस् । सिकारुले पाठ्य कवितामा नयाँ लागेका शब्द र उच्चारण गर्न कठिन भएका शब्द टिपोट गर्नुहोस् । सहजकर्ताले टिपोट गरिएका शब्दलाई शब्दपत्तीको प्रयोग गरी शैक्षणिक पाटीमा अक्षरीकरण गरेर उच्चारण अभ्यास गराउनुहोस्,

जस्तै :

रङ्गीचङ्गी/रङ्.गि.चङ्.गि/

सिँगारी /सिँ.गा.रि/

चट्ट /चट्.ट./

झुसिल्किरा /झु.सिल्.कि.रा./

पङ्ख /पङ्.ख/

फुरुर्र /फु.रु.रुर्.र./

सिकारुले उच्चारणका क्रममा गर्ने त्रुटि पहिचान गर्नुहोस् र उच्चारण अभ्यास गराउनुहोस् ।

(ख) सिकारुले बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ ले निर्देश गरेअनुसार शब्दको शुद्ध उच्चारण गर्न लगाउनुहोस् ।

(ग) पाठ्य कविताका आधारमा मौखिक प्रश्नोत्तर अभ्यास गराउनुहोस् । यसका लागि प्रश्न र उत्तरको नमुना सूची प्रदर्शन गरी सहजीकरण गर्नुहोस् । जस्तै :

**प्रश्नोत्तर सूची**

प्रश्न : पुतलीलाई पखेटा कसले दिए ?

उत्तर : पुतलीलाई पखेटा भगवानले दिए ।

प्रश्न : कविताअनुसार कस्तो रस पिउन पाइन्छ ?

उत्तर : मिठो रस पिउन पाइन्छ ।

प्रश्न : पुतली कसकी छोरी हुन ?

उत्तर : पुतली वसन्तकी छोरी हुन् ।

प्रश्न : पुतलीलाई कहाँकी परी भनिएको हो ?

उत्तर : पुतलीलाई स्वर्गकी परी भनिएको हो ।

अन्य प्रश्नहरूको उत्तर पनि यसै गरी भन्न लगाउनुहोस् । सिकारुले भनेको प्रश्नको उत्तर मिले नमिलेको सिकारुबाटै परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(घ) सिकारुले बोध र अभिव्यक्ति खण्डको ४, ५, ६ र ७ अभ्यास गरी सहजकर्तालाई जाँच्न दिई सुझाव लिनुहोस् ।

(ङ) सहजकर्ताले कविताको आशय वा भाव लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् । भाव वा आशय लेखन कवितामा केन्द्रित हुनुपर्ने बताउनुहोस् । कुनै एक श्लोक तोकी सहजकर्तालाई त्यसको भाव वा आशय लेख्नका लागि तीन ओटा बुँदा बनाउन लगाउनुहोस् । सिकारुले बुँदा बनाउँदा आवश्यकता हेरी सहजीकरण गर्नुहोस् । बुँदालाई समेटी 'पुतली' कविताको भाव वा आशय लेख्ने तरिका बताउनुहोस् । सिकारु तयार गरेका बुँदालाई आवश्यकता हेरी थपघट, तलमाथि गरी भाव लेखनसम्बन्धी धारणा प्रस्ट पार्नुहोस् । सिकारु अलमलमा परेमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् र सहजकर्ताले तयार पारी ल्याएको भाव वा आशय लेखनको नमुना उत्तर प्रदर्शनपूर्वक छलफल गराई निष्कर्ष सुनाउनुहोस् । : जस्तै

झुसिल्किरा जीवन चक्रबाट जन्मैं म कस्तो रङ रूपसाथ ।

विभिन्न अवस्था पार गर्दै झुसिल्किराको पुतलीको रूपमा परिवर्तन हुन्छ । यही परिवर्तनलाई झुसिल्किराको जन्म भनिन्छ । किराको ससाना फुलबाट लार्भा बन्छ । लार्भाबाट किरा र त्यसमा पखैँटा आएपछि क्रमशः त्यो झुसिल्किरा रङ्गीचङ्गी पुतली बन्छ र बगैंचामा फूलसँग खेल्छ; डुल्छ । यसलाई झुसिल्किराको जीवनचक्र पनि भनिन्छ । वसन्त ऋतुमा यसरी एउटा सामान्य किराले रूप र रङले आकर्षक पुतलीको रूपमा जन्म पाउँछ । यही भाव माथिको कवितांशमा रहेको छ ।

(च) सिकारुले बोध र अभिव्यक्ति खण्डको अभ्यास ९, १० र ११ मा दिइएका प्रश्नको उत्तर लेखी सहजकर्तालाई देखाउनुहोस् ।

(छ) सहजकर्ताले सिकारुलाई काँडाले घोच्यो भने के हुन्छ ? अल्पपोषक खाना किन खानु हुँदैन ? जस्ता प्रश्नहरू सोधी स्वज्ञानसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । स्वज्ञान भनेको कसैसँग नसिकी अर्काले गरेको व्यवहार देखेर आफैँले जानेबुझेका असल कार्य वा ज्ञान हुन् । विभिन्न समस्याको समाधान गर्ने क्रममा हामी आफैँले पनि धेरै ज्ञान आर्जन गरेका हुन्छौँ । त्यस्तो ज्ञानलाई स्वज्ञान भनिन्छ । आफूले आर्जन गरेको ज्ञानलाई विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा तौरतरिका मिलाएर प्रस्तुत गर्न जान्नुपर्छ । स्वज्ञानको प्रस्तुति भाषिक व्यवहारबाट हुने गर्दछ । सहजकर्ताले सिकारुलाई स्वज्ञानको प्रस्तुतिका लागि अनुभव गरेका कुरामा सचेत हुन सिकाउनुहोस् । स्वज्ञानको प्रस्तुति कसरी गर्न सकिन्छ भन्ने कुरा बुझाउन त्यससँग सम्बन्धित श्रव्यदृश्य तथा श्रव्य सामग्रीको प्रयोग वा एउटा नमुना प्रदर्शन गर्नुहोस् । जस्तै :

भाइ पाँच वर्षको भयो । ऊ यसपालि दसैँ बिदामा आमासँग मामाघर दोलखा गयो । मामाघरमा दिदीसँग आँगनमा खेल्ने क्रममा उसको चप्पल च्यातिएर लगाउनै नमिल्ने भयो । खाली खुट्टा खेल्दा आँगनमा भएको ढुङ्गाले उसको पैतालामा घाउ भयो । त्यसपछि उसले खाली खुट्टा खेल्न नहुने रहेछ भन्ने थाहा पायो ।

(ज) यस क्रममा बोध र अभिव्यक्तिको प्रश्न नं. १२ मा दिइएको सन्दर्भका आधारमा निर्देश गरिएको काम लेखी सहजकर्तालाई देखाउनुहोस् ।

## कार्यकलाप ४ : भाषिक संरचना र वर्ण विन्यास (प्रत्यक्ष र स्वनिर्देशित)

(क) सहजकर्ताले प्रोजेक्टर वा चार्टपेपरको प्रयोग गरी केही वाक्य लेख्नुहोस् । जस्तै :

बहिनी मिहिनेती छिन् । गाईले पराल खायो । बगैँचामा फूल फुलेका छन् । मेरो भाइ सज्जन छ ।
भाइ असल छ ।
कटो दगुर्‍यो ।

(ख) उक्त वाक्यहरूमध्ये केही वाक्यलाई लिङ्ग र केही वाक्यलाई वचनका आधारमा परिवर्तन गर्न सिकारुलाई निर्देशन दिनुहोस् ।

(ग) सिकारुलाई स्त्रीलिङ्ग, पुलिङ्ग, एकवचन र बहुवचनका आधारमा वाक्य बनाउन लगाउनुहोस् । जस्तै :

**स्त्रीलिङ्गी वाक्य समूह** : शर्मिला कविता लेख्छे । उनी कविता वाचन गर्छिन् ।
**पुलिङ्गी वाक्य समूह** : नरेश असल छ । दाजुले काम गर्नुभयो ।
**एकवचन वाक्य समूह** : साथी आयो । ऊ उत्तीर्ण भयो ।
**बहुवचन वाक्य समूह** : वनमा गाईहरू चर्छन् । हामी इलाम घुम्न जान्छौँ ।

(घ) लिङ्ग र वचनगत सङ्गति मिलेका र नमिलेका वाक्यहरू देखाउँदै तिनको तुलना गर्न लगाउनुहोस् । लिङ्ग र वचनको सही प्रयोगसम्बन्धी धारणा स्पस्ट पारिदिनुहोस् । उदाहरणका लागि :

| सङ्गति नमिलेका वाक्य |
|---|
| म काठमाडौँ जान्छौँ । |
| सरिताले वृक्षरोपण गऱ्यो । |
| सङ्गति मिलेका वाक्य |
| म काठमाडौँ जान्छु । |
| सरिताले वृक्षरोपण गरी । |

(ङ) लिङ्ग र वचनसम्बन्धी धारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| बुबा खेतमा काम गर्नुहुन्छ । | आमा खेतमा काम गर्नुहुन्छ । |
| केटो सफा छ । | केटी सफा छे । |
| पुरुषहरू गीत गाउँदै नाच्छन् । | महिलाहरू गीत गाउँदै नाच्छन् । |
| **एकवचन** | **बहुवचन** |
| तिमी कविता लेख्छौ । | तिमीहरू कविता लेख्छौ । |
| उनी काम गर्छिन् । | उनीहरू काम गर्छन् । |

(च) शैक्षणिक पाटीको प्रयोग गरी लिङ्ग वचन र पुरुषका आधारमा वाक्य परिवर्तनका केही अभ्यास गर्न सिकारुलाई नै प्रोत्साहित गर्नुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् । जस्तै :

(क) म तरकारी बेच्छु । (बहुवचन)
(ख) साथीहरू किताब किन्छन् । (एकवचन)
(ग) ऊ खेत खन्छ । (स्त्रीलिङ्ग)
(घ) दिदी कुरा गर्दै हुनुहुन्छ । (पुलिङ्ग)
(ङ) म खाटमा बस्छु । (द्वितीय पुरुष)
(च) तिमी कविता पढ्छौ । (तृतीय पुरुष)

(छ) सिकारुलाई ह्रस्व इकार र दीर्घ ईकार भएका शब्दको पहिचान गराई अभ्यासका ९ र १० अभ्यास गर्न लगाउनुहोस् । यसभन्दा पहिले शब्दपत्तीको प्रयोग गर्दै सुरु, बिच र अन्त्यमा ह्रस्व इकार र दीर्घ ईकार भएका शब्दहरू प्रस्तुत गरी कीसान, घीउ, जीब्रो, मानीस, भानीज, भतीजा, माईत, कृती, कवी, रवी, इश्वर, शिर्षक, गित आदि शब्दलाई शुद्ध पारी लेख्न लगाउनुहोस् ।

## कार्यकलाप ५ : सुनाइ र बोलाइ (प्रत्यक्ष र स्वनिर्देशित)

सहजकर्ताले मोबाइलमा रेकर्ड गरेर वा आफैँले पढेर सिकारुलाई सुनाइ पाठ दुई पटक सुनाउनुहोस् । पहिलो पटक सुनाइ पाठ सुनेपछि सिकारुलाई अभ्यासका निर्धारित प्रश्न हेर्न लगाउनुहोस् र त्यसपछि पुनः पाठ सुनाउनुहोस् । पाठ सुनेका आधारमा निर्धारित सुनाइ र बोलाइ पाठअन्तर्गतका अभ्यास गर्न लगाउनुहोस् । सिकारुले प्रस्तुत गरेका उत्तरका सम्बन्धमा आवश्यक छलफल गराउनुहोस् र सिकारुका प्रतिक्रिया लिई पृष्ठपोषण दिनुहोस् । जस्तै :

**उत्तरको नमुना (क) उपकारी व्यक्ति कस्तो हुन्छ ?**
उत्तर : उपकारी व्यक्ति नम्र र विनयशील हुन्छ । (ख) गुणीको गुण केमा परेर दबिन्छ ?
उत्तर : गुणीको गुण दोषको रासमा परेर दबिन्छ । (ग) पाठमा कुन कुन प्राणीका नाम उल्लेख गरिएको छ ?
उत्तर : पाठमा मौरी, सर्प आदि प्राणीका नाम उल्लेख गरिएको छ । (घ) कसलाई अर्ती गालीतुल्य बिझ्झाउँछ ?
उत्तर : मुर्खलाई अर्ती पनि गालीतुल्य बिझ्झाउँछ ।

## कार्यकलाप ६ : सिर्जनात्मक कार्य (स्वनिर्देशित)

(क) सिकारुले पुस्तकमा दिइएको सिर्जनात्मक कार्य गरी सहजकर्तालाई जाँच्न दिनुहोस् ।

## सबलीकरण कार्यकलाप

(क) दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

रङ्गीचङ्गी, झुसिल्किरा, सिँगारी, फुरुर्र रङगिलो, शक्ति, रस, खानी, पङ्ख

(ख) दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

रङ्गिलो, शक्ति, खानी, रस, तरङ्ग, विचित्र

(ग) पुतलीको जीवन चक्र कसरी पूरा हुन्छ, भन्न लगाउनुहोस् ।

(घ) एकवचन र बहुवचनबोधक कुनै पाँच पाँच ओटा शब्दहरू तालिकामा लेख्न लगाउनुहोस् ।

(ङ) दिइएका वाक्यलाई वचन र लिङ्ग सङ्गति मिलाई लेख्न लगाउनुहोस् :

(अ) उनीहरू मस्तसँग सुत्यो ।
(आ) तिमी बजार जान्छस ।
(इ) हामी धेरै परिश्रम गर्छु ।
(ई) सरिताले वृक्षरोपण गऱ्यो ।
(उ) रमेश मोटर हाँक्छे ।

(च) पाठमा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा छलफल, आवश्यकतानुसार थप सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

# ६. प्रतिविम्बन

### सिकारुका लागि

(क) **कार्यकलाप गरेर मैले सिकेका कुरा :**

(ख) **कार्यकलाप गर्दाको मेरो अनुभव :**

### सहजकर्ताका लागि (यस एकाइमा मैले गर्नुपर्ने कार्यकलाप)

| | |
|---|---|
| सुनेका विषयवस्तुको श्रुतिबोध गरी वर्णन गराउँदा | |
| छन्द कवितालाई लययबद्ध वाचन गराउँदा | |

| | |
|---|---|
| पाठमा प्रयुक्त उच्चारणमा कठिनाइ भएका शब्दको शुद्ध उच्चारण गराउँदा | |
| पाठमा प्रयुक्त नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गराउँदा | |
| कुनै विषयवस्तु/समस्यामा केन्द्रित भई स्वज्ञान प्रस्तुत गराउँदा | |
| स्त्रीलिङ्गी शब्द निर्माण गराउँदा | |
| एकवचन र बहुवचन शब्दको प्रयोग गराउँदा | |
| निर्देशनका आधारमा वाक्य परिवर्तन गराउँदा | |
| वाक्य सङ्गति मिलाएर लेख्न लगाउँदा | |
| सुनाइ पाठमा आधारित भएर मौखिक प्रश्नोत्तर गर्न लगाउँदा | |

### मूल्याङ्कन र अभिलेखीकरण (सहजकर्ताले भर्ने)

विषयक्षेत्र र पाठको सन्दर्भअनुसार मूल्याङ्कन प्रक्रियाको पक्ष समेटेर लेख्ने र त्यसलाई सिकारुको पोर्टफोलियोमा राख्ने पक्ष खुलाउने (सिकारुको क्षमता १ र २ भएमा उपचारात्मक अभ्यासपछि ३ वा ४ भएपछि मात्र अभिलेखीकरण गर्ने)

| मूल्याङ्कन आधार | स्तर (१, २, ३ र ४) |
|---|---|
| मौखिक उत्तर दिने क्षमता | |
| लिखित उत्तर दिने क्षमता | |
| वर्णन सिप | |
| विवरण प्रस्तुत गर्ने क्षमता | |
| कार्यमूलक व्याकरणमा पहिचान र प्रयोग गर्ने क्षमता | |
| कार्य प्रदर्शन | |
| घरमा गरिने कार्य | |
| सिर्जनात्मक कार्य | |
| समग्र स्तर | |

सहजकर्ताको हस्ताक्षर                                        अभिभावकको हस्ताक्षर

अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# नेपाली

## तह–२ (संश्लेषित)

### सिकाइ सामग्री




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर